
अचम्मको प्रेम

# अचम्मको प्रेम
# Amazing Love

लेखक: एलेन जी. ह्वाइट
अनुवादक : उमेशकुमार पोखेल

प्रकाशक
आशाको वाणी
**VOICE OF HOPE(AWR, NEPAL)**

## प्रकाशक

उमेशकुमार पोखेल
umesh.shantipokharel@gmail.com
(आशाको वाणी)
VOICE OF HOPE(AWR, NEPAL)
पो. ब. नं. २०००२
काठमाण्डौं, नेपाल

## सम्पादक

भजुराम श्रेष्ठ
bhajupurna@gmail.com
पो. ब. नं. ३५६१
काठमाण्डौं, नेपाल

प्रथम संस्करण ५००
दोस्रो संस्करण ५००
तेस्रो संस्करण १००० (२०६८, ई. स. २०१२)
चौथो संस्करण ५००० (२०७०, ई.स. २०१३)

## प्रकाशन सहयोगी

अमर पोते

## कम्प्यूटर लेआउट तथा आवरण चित्र

सुजीत कुमार साह

# भूमिका

धेरै वर्ष देखिनै एक प्रेमी उद्धारकर्ता परमेश्वर देखि भड्केर गएका मानिसहरूलाई "म कहाँ आऊ" भन्ने हार्दिक निमन्त्रणा उहाँले दिइरहनु भएको छ । मानिसहरूले आफ्नो हृदयमा मद्दतको खोजी गरिरहेका छन् र आफ्नो पिताको घरमा फर्केर जाने लालसा छ र यो निमन्त्रणाले फर्केर आउने मानिसलाई अझै उत्सुक बनाउँछ । थोमा भन्ने येशूको चेलाले सोधेका थिए, "हामीले बाटो कसरी चिन्ने ?" पिताको घर जाने बाटो हामीलाई टाढा, अप्ठयारो अनिश्चित लाग्छ । घर फर्कने पाइला कता बढ्नु पर्ने ?

यो किताबमा त्यही कुरा उल्लेख गरिएको छ । शंकालु, प्रगति गर्न नसक्ने मानिसहरूको खाँचोलाई बुझेर यस किताबमा हामीलाई शान्तिको मार्गमा डोहोऱ्याएर येशूतर्फ लैजान्छ, जसले धार्मिकता खोज्छ, उसले कदम कदममा आफ्नो चरित्र बलियो भएको अनुभव गर्नेछ ।

त्यो मानिस सम्पूर्ण आशिषको जीवनमा प्रवेश गर्नेछ, किनभने उसले आफ्नो आत्मालाई समर्पण गरेको छ, दृढ विश्वास अपनाएको छ र यस पापीहरूको मित्र माथि भरोसा राखेको छ । यस किताबको पानाहरूले अनेक चिन्तित आत्माहरूलाई नयाँ आशा दिएको छ । प्रभुका जनहरूलाई आनन्द र भरोसामा उहाँको पछि हिँड्न सिकाएको छ । यस्तै काम अन्य धेरै मानिसहरूको जीवनमा पनि यो पुस्तकले गर्नेछ भनी हामी आशावादी छौं ।

याकूवलाई एउटा डरले सताएको थियो । "मेरो पापले मलाई परमेश्वरदेखि बंचित गरायो" भनी उसले सोचेको थियो ऊ आराम गर्न ढल्किरहेको थियो । त्यसबेला उसले सपनामा धर्ती देखि स्वर्गैसम्म एउटा भऱ्याङ्ग देख्यो । यसरी उसले स्वर्ग र पृथ्वीको सम्पर्क रहेछ भन्ने बुझ्यो र त्यस भऱ्याङ्गको सबभन्दा माथि उभिनु हुने छायाँले उसलाई सान्त्वना दिनुभयो । यही स्वर्गीय दर्शन यस पुस्तक पढ्ने धेरै पाठकहरूले पाइरहुन् ।

धन्यवाद
प्रकाशक

## विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | मानिस प्रति परमेश्वरको प्रेम | १ |
| २. | पापीलाई ख्रीष्टको आवश्यकता | ७ |
| ३. | पश्चात्ताप | ११ |
| ४. | पाप स्वीकार | २२ |
| ५. | समर्पण | २६ |
| ६. | विश्वास र ग्रहण | ३० |
| ७. | चेलापनको जाँच | ३५ |
| ८. | ख्रीष्टमा वृद्धि | ४२ |
| ९. | कर्म र जीवन | ४९ |
| १०. | परमेश्वरको बारेमा ज्ञान | ५४ |
| ११. | प्रार्थना गर्ने सौभाग्य | ६० |
| १२. | शंकाबारे के गर्ने ? | ६९ |
| १३. | प्रभुमा आनन्द | ७६ |

# १ मानिसप्रति परमेश्वरको प्रेम

प्रकृति एवं प्रकाशले परमेश्वरको प्रेमको प्रमाण दिन्छन् । हाम्रा परमेश्वर पिता जीवन, ज्ञान र आनन्दको मुहान हुनुहुन्छ । प्रकृतिमा ध्यान दिएर हेर्‍यौं भने मानिसले मात्र होइन, तर सबै प्राणीले आ-आफ्नो खाँचो र सुखको अनुकूल प्रबन्ध गरेको पाउँछौं । घाम-पानीले भूमिलाई नयाँ शक्ति प्रदान गर्दछन् । पहाड, नदी-नाला एवं तराई सबैले सृष्टिकर्त्ताको प्रेमको वर्णन गरिरहेका हुन्छन् । परमेश्वर स्वयंमले आफ्ना सबै सृष्टिका दैनिक आवश्यकताहरू पूरा गर्नु हुन्छ । यसैले त भजन संग्रहका लेखकले भन्छन् :-

"सबैका आँखाले तपाँईकै बाटो हेर्दछन् र तपाँईले तिनिहरूलाई ठीक समयमा आहार दिनुहुन्छ, तपाँईले आफ्नो मुठी खोल्नु हुन्छ र सबै जीवित प्राणीहरूको इच्छालाई सन्तुष्ट पार्नु हुन्छ ।" भजनसंग्रह १४५: १५-१६

परमेश्वरले मानिसलाई सिद्ध, पवित्र र आनन्दित प्राणी बनाउनु भएको थियो । यो सुन्दर पृथ्वी सृष्टिकर्ताको हातबाट सृष्टी हुदा यस पृथ्वीमा श्राप र नाशको नाम निशान थिएन । पापको कारणले, परमेश्वरको नियम एवं प्रेमलाई उल्लंघन गरी मानिस कष्ट र मृत्युतिर प्रवेश गर्‍यो । यस्तै संकटहरूको माझमा पनि परमेश्वरको प्रेमको अन्त भएन । मानिसको पापको कारण परमेश्वरले भूमिलाई श्राप दिनुभयो भनी बाइबलमा लेखिएको छ । (उत्पत्ति ३:१७) । जीवनको दु:ख, पीडा, कठिनाई र परीक्षाले मानिसलाई परिश्रमी बनायो तर यसले तिनलाई पापदेखि भ्रष्ट भएको जीवनलाई परमेश्वरको योजनानुसार चल्नलाई सहायता गर्दछ । यद्यपि संसार पापको कारण तल खसेको अवस्थामा भए तापनि यहाँ सर्वत्र दु:ख कष्ट भने छैन । प्रकृति स्वयंले आशा एवं सान्त्वनाको संदेश दिन्छ । काँडाहरूको माझमा फूल हुन्छ र फूलले काँडालाई ढाकेको हुन्छ ।

प्रत्येक कोपिलामा "परमेश्वरको प्रेम" भनी लेखिएको हुन्छ । चरा-चुरुङ्गीका गीत पुष्पलताहरूको रंगीन पत्रदल, जंगलका अग्ला-अग्ला रुखहरूले पनि परमेश्वरको प्रेमको वास्तविकतालाई प्रकट गर्दछ ।

जसले, हाम्रा परमेश्वर पिताको इच्छा हरेक सन्तानलाई खुशी र आनन्दित राख्नु हो भनी प्रमाण दिन्छ ।

परमेश्वरको वचनले नै उहाँको चरित्र देखाउँदछ । उहाँ आफैले आफ्नो महान् प्रेम र दयाको प्रचार गर्नु भएको छ । मोशाले "मलाई तपाईंको महिमा देखाउनुहोस्" भनी विन्ती गर्दा परमेश्वरले तिनकै सामने आफ्नो महिमा एवं वैभव देखाउनुभयो र "अनुग्रहकारी र कृपामय प्रभु हुँ" भनी आफ्नै नाउँको घोषणा गर्नुभयो । "परमेश्वर हजारौं-हजारौं माथि कृपा देखाउनु हुन्छ । दया गर्नमा छिटो औ रिस गर्नमा ढिलो हुनुहुन्छ, प्रस्थान ३३:१८, १९, ३४:६-७, उहाँ दया गर्न रुचाउनु हुन्छ" मीका ७:१८ ।

स्वर्ग र पृथ्वीमा असंख्य चिजहरूद्वारा परमेश्वरले हाम्रो हृदय उहाँसँग बाँध्नु भएको छ ।

प्रकृतिका वस्तुहरूबाट र यस संसारमा मात्र बुझ्न सकिने गहिरा र कोमल बन्धनहरूबाट उहाँले आफैलाई प्रकट गर्न चाहनु भएको छ । तैपनि यी कुराहरूले अपूर्ण रुपमा मात्र उहाँको प्रेमलाई देखाउँदछ । यी सबै प्रमाणहरू हुँदा हुँदै पनि असलको शत्रुले मानिसहरूको मगजलाई छोपिदिएको छ र मानिसहरूले परमेश्वरलाई डरको दृष्टिले मात्र हेर्छन । उहाँलाई मानिसहरूले क्रूर र क्षमा दिन नसकिने भनी सम्झन्छन् । शैतानले मानिसहरूलाई परमेश्वरको बारेमा झुटो कुराहरू भनेको छ । उहाँलाई कडा न्यायाधिश, क्रूर अत्याचारी साहुको रूपमा चिनाएको छ । शैतानले सृष्टिकर्तालाई दिन-रात मानिसहरूको पाप र गल्तिहरू खोजेर दण्ड दिनेको रूपमा देखाएको छ । यही कालो अन्धकार हटाउन र संसारमा परमेश्वरको अनन्त प्रेम देखाउन येशू मानिसहरूसँग बस्न आउनुभयो ।

परमेश्वरको पुत्रले पितालाई प्रकट गर्न नै स्वर्गबाट आउनुभयो, "परमेश्वरलाई कुनै मानिसले कहिल्यै देखेको छैन, पिताको काखमा हुनुहुने एक्लो पुत्रले बयान गर्नु भएको छ ।" यूहन्ना १:१८ । "सबैथोक मलाई मेरा पिताबाट सुम्पिएका छन्, र पिता बाहेक अरू कसैलै पुत्रलाई चिन्दैन औ नत पुत्र तथा पुत्रले प्रकट गर्न इच्छा गरेकोले बाहेक अरू कसैले पितालाई चिन्छ" मत्तीः ११:२७ । एकजना चेलाले उहाँलाई यसो भनी विन्ती गरे "हामीलाई पिता देखाउनुहोस्, अनि त्यति भए हामीलाई पुग्छ", येशूले तिनलाई भन्नुभयो, "यतिका समयसम्म म तिमीहरूसँग छु तैपनि तिमीले मलाई चिनेका छैनौ, फिलिप ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ, हामीलाई पिता देखाउनुहोस्" भनी कसरी

तिमी भन्दछौ ? यूहन्ना १४:८,९ । येशूले आफ्नो कामको बारेमा यसो भन्नुभयो “परमप्रभुको आत्मा ममाथि छ, किनभने गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई नियुक्त गर्नुभयो । कैदीहरूलाई छुटाएको घोषणा गर्न, अन्धाहरूलाई दृष्टि दिन र अत्याचारमा परेकाहरूलाई मुक्ति दिनको निम्ति मलाई पठाउनु भएको छ, । (लुका ४:१८) । उहाँ भलाईको काम गर्दै शैतानद्वारा थिचोमिचो भएकाहरूलाई निको पार्दै हिँड्नुभयो । उहाँ हिँड्डुल गर्नुभएको गाउँहरूमा रोग-बिमारले कोही रोईरहेको पाइँदैनथ्यो, किनभने उहाँले तिनीहरू सबैलाई निको पार्नु हुन्थ्यो । उहाँको काम नै उहाँको स्वर्गीय नियुक्तिको प्रमाण थियो । उहाँको हरेक पक्षमा प्रेम, दया र माया प्रकट हुन्थ्यो । मानिसहरूको अवस्था देखि उहाँको हृदय पीडाले चकनाचुर हुन्थ्यो । मानिसहरूको आवश्यकता पूर्ति गर्नलाई उहाँले मानिसको स्वभाव धारण गर्नुभयो । गरिब दुर्बलहरू उहाँको अघि जान हिचकिचाउँदैनथे । बालकहरूले उहाँलाई औधि प्रेम गर्थे, तिनीहरू उहाँको काखमा बस्थे, औ उहाँको प्रेमपूर्ण एवं विचार-मग्न-चेहरा हेरिरहन्थे ।

येशूले सत्यतालाई कहिल्यै दबाउनु भएन, तर त्यसलाई प्रेमपूर्वक ब्यक्त गर्नुभयो । मानिसहरूसँगको कुराकानीमा उहाँ क्रूद्ध, निष्प्रेमी बन्नु भएन, न व्यर्थका नचाहिने शब्दहरू उहाँले कहिल्यै निकाल्नु भयो, तर सत्यलाई प्रेमद्वारा प्रस्तुत गर्नु हुन्थ्यो । उहाँले ढोंगीपना, अविश्वास र दुष्टताको भर्त्सना गर्नुभयो औ अधर्महरूको विरुद्धमा बोल्नु हुँदा उहाँको आखाँ आसुले भरिएको थियो । उहाँले माया गर्नु भएको येरुशलेम शहरमाथि रुनुभयो । किनभने तिनीहरुले बाटो सत्य र जीवनलाई स्वीकार गर्न इन्कार गरे । येरुशलेमका बासिन्दाहरूले उहाँलाई तिरस्कार गरे तैपनि उहाँले तिनीहरूमाथि कृपा दृष्टि राख्नुभयो । उहाँले स्वार्थ त्याग गर्नुभयो र सारा जीवन अरुको सोच विचारमा विताउनु भयो । उहाँको दृष्टिमा प्रत्येक ब्यक्ति बहुमूल्य थियो । आफू स्वर्गीय मान-मर्यादाले भरिपूर्ण भए तापनि उहाँले परमेश्वरका भक्तहरूको सम्मान गर्नुहुन्थ्यो र चासो राख्नुहुन्थ्यो । सम्पूर्ण मानव जनहरू पतित भएको उहाँले देख्नुभयो । उहाँको उद्देश्य नै तिनिहरुलाई बचाउनु थियो ।

ख्रीष्टको यस्तो चरित्र उहाँको जीवनबाट प्रकट भएको थियो । परमेश्वरको चरित्र पनि यहि नै हो । परमेश्वर पिताको हृदयबाट निश्किएको करुणा मानिसको सन्तानमाथि ख्रीष्टद्वारा प्रकट गरिएको.

थियो । करुणामय मुक्तिदाता येशू नै परमेश्वर हुनुहुन्थ्यो, जो मानिसको रूपमा देहधारी हुनुभयो । १ तिमोथी ३:१६

हामीलाई उद्धार गर्नलाई येशू यस संसारमा आउनुभयो, कष्ट भोग्नुभयो, औ मर्नुभयो । हामी अनन्तको आनन्दको भागी बनौं भनी उहाँ- "दु:खी मानिस" बन्नुभयो । परमेश्वरले अतुलनीय महिमा र स्वर्गमा विराजमान, सुन्दरता औ सत्यताले भरिपूर्ण भएको पुत्रलाई यस पापमय, श्रापित, मृत्युको छाया तल रहेको संसारमा पठाउनुभयो । उहाँले आफ्नो काखदेखि ख्रीष्टलाई अलग गर्नुभयो । स्वर्गदूतहरूको श्रद्धा, आराधना छोडी उहाँ अपमान, ग्लानी, घृणा एवं मृत्यु सहन आउनुभयो । "तर उहाँ त हाम्रा अपराधका निम्ति घायल हुनुभयो । उहाँले हाम्रा अधर्मका निम्ति चोट पाउनुभयो । हाम्रै शान्तिका निम्ति दण्ड उहाँमाथि पऱ्यो र उहाँले पाएको कोर्राको चोटले हामी निको भयौं । यशैया ५३:५ । जंगलमा, गेतसमनीमा औ क्रूसमा येशूलाई हेर्नुहोस् । निष्कलंक परमेश्वरको पुत्रले हाम्रो पापको बोझ आफूमाथि बोक्नुभयो । परमेश्वरसित एक भई बस्नुभएको ख्रीष्टले पापद्वारा मानिस र परमेश्वरको माझमा भएको विच्छेदलाई आत्मामा थाहा गर्नुभयो । "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, मलाई किन त्याग्नुभयो ?" भनी कराउनुभयो भनिएको छ । मत्ती २७:४६ । यो पापको बोझ एवं आत्मा र परमेश्वरको सम्बन्ध विच्छेदको आवाज थियो, जुन विच्छेदको कारणले परमेश्वरको पुत्रको हृदय तोडिएको थियो । तर यो बलिदान परमेश्वरको हृदयमा मानिसप्रति प्रेम उत्पन्न गर्नलाई गरिएको होइन । "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्," यूहन्ना ३:१६ । परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ, ख्रीष्टको बलिद्वारा उहाँको प्रेम उत्पन्न भएको होइन तर उहाँले हामीलाई प्रेम गर्नु भएको कारण बलिको बन्दोबस्त गर्नुभएको हो । परमेश्वरको अनन्त प्रेम पापमय संसारमा आउने एकमात्र माध्यम ख्रीष्ट हुनुहुन्छ । "परमेश्वर ख्रीष्टमा हुनुभयो र संसारलाई आफूसित मिलापमा ल्याउनुभयो," २ कोरिन्थी ५:१९ । ख्रीष्टसित परमेश्वरले पनि कष्ट भोग्नुभयो । गेतसमनीको व्यथाले, कलबरीको मृत्युले औ अनन्तकालिन् प्रेमले हाम्रो उद्धारका निम्ति मूल्य तिर्नुभयो ।

येशूले भन्नुभयो "पिताले मलाई प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु" यूहन्ना १०:१७ । भन्नुको तात्पर्य यो हो कि परमेश्वरले मानिस जातिलाई त्यति साऱ्हो

प्रेम गर्नुहुन्छ कि खीष्टले तिनीहरूको उद्धारका निम्ति प्राण अर्पण गर्नुहुँदा उहाँले खीष्टलाई अझै बढी प्रेम गर्नुभयो । मानिस जातीको स्थानमा जमानी बसी, आफ्नो प्राण अर्पण गरी, तिनीहरूका अपराधको दायित्व आफैमाथि बोकी खीष्ट परमेश्वरको प्रिय बन्नु भएको छ । खीष्टमा विश्वास गर्ने प्रत्येक धर्मी कहलाएको छ ।

परमेश्वरको पुत्र बाहेक अरु कसैले हाम्रो मुक्ति दिनसकेको छैन, किनभने उहाँमात्र परमेश्वर पितासित हुनुहुन्थ्यो, यसैले उहाँले मात्र यो काम गर्न सक्नुभयो । उहाँलाई मात्र परमेश्वरको प्रेमको गहिराई थाहा थियो । नाश भइरहेको मानव जातिलाई परमेश्वरको प्रेम देखाउने उपाय खीष्टको बलिदान सिवाय अरु केही थिएन ।

“परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो,” परमेश्वरले आफ्नो प्रिय पुत्रलाई मानिसहरूसित रहन् मात्रै दिनुभएन तर तिनीहरूको पाप आफूमाथि लिइ मर्न पनि पठाउनु भएको थियो । उहाँले खीष्टलाई पापमा डुबेका मानव जातिका निम्ति दिनुभयो । खीष्ट, मानवको खाँचो र चासोको प्रतिनिधि हुनुभयो । उहाँ परमेश्वरको पुत्र भईकन पनि मानिस जातिसित नटुट्ने नाता जोड्नुभयो, किनभने लेखिएको छ, “तिमीहरूलाई भाई भन्न उहाँ शर्माउनु भएन” हिब्रु २:११ । उहाँ हाम्रा बलि, हाम्रा अधिवक्ता, हाम्रा दाज्यू हुनुहुन्छ जसले परमेश्वरको सिंहासन अघि मानवरुप धारण गरी हाम्रो उद्धार गर्नुभयो । पापको भारले विध्वंस भएको मानिस जाति परमेश्वरको प्रेम, आनन्दमा भागिदार हुने भए ।

हाम्रो उद्धारको मूल्य चुकाउन, स्वर्गीय पिताको अनन्त बलिदान । आफ्नै पुत्र हाम्रा खातिर मर्न पठाउनुभयो, यसले खीष्टमा के बन्न सक्छौं ? भन्ने उच्च विचार हामीमा उत्पन्न गराउँदछ । यूहन्नाले नाश भइरहेको मानव जाति प्रति परमेश्वरको प्रेमको उचाई, गहिराई र चौडाई देखे र उनमा श्रद्धा र भक्ति जाग्यो र उनले यस्तो प्रेमको महानता एवं कोमलताको वर्णन गर्न कुनै शब्द पाएनन् र १ यूहन्ना ३:१ मा यसो भनेका छन्, “हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरको सन्तान भनी कहलिनु पर्छ र साँच्चै यस्तै छौं ।” यसले मानिसको मूल्यलाई देखाउँदछ । पापद्वारा मानिसहरू शैतानका सन्तान बने तर खीष्टको बलिदानद्वारा आदमका सन्तानहरू परमेश्वरका सन्तान बने । मानव रुप धारण गरी खीष्टले मानवतालाई माथि उचाल्नुभयो । विनाश तर्फ लम्किरहेको मानव जातिलाई खीष्टले “परमेश्वरको सन्तान” हुने योग्यता दिनुभयो ।

यस्तो प्रेम अरू कहीं पाइँदैन । हामी स्वर्गीय राजाका सन्तान, बहुमूल्य प्रतिज्ञा, यो मनन गर्ने एक गम्भीर विषय हो । जुन संसारले उहाँको वास्ता नै गरेन, त्यही संसारको निम्ति यस्तो अनुपम प्रेम । यो विचारले हाम्रो आत्मालाई अधिनमा ल्याउँछ र हाम्रो हृदयलाई परमेश्वरको इच्छाको बन्धनमा ल्याउँछ । क्रूसको प्रकाशमा त्यस दिव्य मानिसलाई हामी जति-जति अध्ययन गर्छौं त्यत्तिनै करुणा, कोमलता, क्षमाशीलता, न्याय र इन्साफसँग एबवद्ध भएको देख्छौं र हामी अझै सफासँग उहाँको प्रेमको असंख्य र अन्नत प्रमाणहरू देख्छौं र उहाँको प्रेमले बाटो बिराएको बालकलाई गर्ने आमाको ममतालाई पनि जितेका देख्छौं ।

# २ पापीलाई ख्रीष्टको आवश्यकता

आदिमा मानिस प्रभावशाली एवं शक्तिशाली बनाइएको थियो । ऊ एक सिद्ध मानिस थियो र परमेश्वरसित मिलाप थियो । उसको विचार र लक्ष्य पवित्र थियो । तर अनाज्ञाकारिताले उसमा भएका शक्तिहरू नष्ट भए र प्रेमको स्थानमा स्वार्थ पस्यो । अपराधको कारण अब उसको स्वभाव अति दुर्बल बन्यो कि दुष्टताको शक्तिलाई सामना गर्ने उसमा बल नै रहेन । ऊ सैतानको कैदी बन्यो र परमेश्वरले यदि विशेष बन्दोबस्त नमिलाउनुभएको भए, अनन्तकालका निम्ति ऊ बन्दी नै बन्नु पर्ने थियो । स्वर्गीय योजनालाई भत्ताभुङ्ग पार्ने सैतानको उद्देश्य थियो, त्यसको पीडा र विपत्तिले पृथ्वीलाई भर्न खोज्यो र ऊ यो सबै दुष्कार्य प्रभुको मानव उत्पतिको कार्यबाट भएको हो भन्ने देखाउन चाहन्थ्यो ।

पापविहीन अवस्थामा मानिसले परमेश्वरसित आनन्दमय समय बिताउने गर्थ्यो । "किनभने उहाँमा ज्ञान र बुद्धिका सारा रत्नहरू छिपेका छन्," कलस्सी २:३ । तर पाप गरेपछि मानिसले उहाँको पवित्र संगतिमा आनन्द पाउन छोड्यो र ऊ परमेश्वरको उपस्थितिदेखि टाढा भाग्न थाल्यो । हृदय परिवर्तन नभएका व्यक्तिहरूको अवस्था अझै पनि यस्तै छ । परमेश्वरसित मेलमा नरहेको कारण उहाँको संगतिमा पनि आनन्द पाइँदैन । पापी मानिस परमेश्वरको उपस्थितिमा खुशी हुँदैन, ऊ पवित्रजनको संगति देखि अलग रहन चाहन्छ । यदि उसलाई स्वर्ग नै पस्न दिइयो भने पनि त्यहाँ उसलाई आनन्द हुँदैन । स्वर्गमा निःस्वार्थ प्रेमको आत्मा हुन्छ, त्यहाँका प्रत्येक हृदय अनन्त प्रेमसँग उत्प्रेरित हुन्छन् । यसकारण त्यो पापी मानिसले स्वर्गमा आफूसँग मिल्दो जुल्दो केही पनि भेट्टाउँदैन । पापरहित मानिसहरूको माझमा उसको विचार, अभिरुचि, उद्देश्य बेढंगको बन्न जान्छ । स्वर्गको संगतिमा उसको राग मिल्दैन । यो उसको निम्ति क्लेशको स्थान बन्न जान्छ । स्वर्गको ज्योति र आनन्दको केन्द्र, परमेश्वरबाट लुछ्ने उसको इच्छा हुन्छ । स्वर्गमा "दुष्टहरू पस्न निषेध छ" भन्ने परमेश्वरको आदेश होइन, तर तिनीहरू आफैलाई त्यहाँको वातावरण उपयुक्त हुँदैन । परमेश्वरको महिमा तिनीहरूका निम्ति ननिभ्ने आगोको ज्वाला बन्न जान्छ । तिनीहरूले

विनाशलाई नै स्वागत गर्छन् र पापीहरूका निम्ति प्राण अर्पण गर्नु भएको उद्धारकर्ता देखि आफ्नो मुख छोप्छन् ।

पापको दलदले हिलो, जस्मा हामी डुबेका छौं, हामी आफै बाहिर निस्कन असम्भव नै छ । हाम्रो हृदय दुष्ट छ, त्यसलाई हामी आफै परिवर्तन गर्न सक्तैनौं । "अशुद्धबाट कसले शुद्ध निकाल्न सक्छ ? कसैले सक्तैन", अययुव १४:४ । " शरीरतिर लागेको मनचाहिं परमेश्वर तर्फको शत्रुता हो, किनकि त्यो परमेश्वरको व्यवस्थाको अधीनमा हुँदैन, औ नत कहिल्यै हुन सक्दछ ।" रोमी ८:७ । शिक्षा संस्कृति, इच्छा नियन्त्रण मानवशक्ति सबै आ-आफ्नो क्षेत्रमा सीमित छन्, तर यहाँ यिनीहरूले हृदय परिवर्तन गर्न सक्दैनन् । आफ्नो जीवनको मुहान्लाई तिनीहरूले चोख्याउन सक्तैनन् । पापदेखि पवित्रतामा परिवर्तन हुनु छ भने कुनै एउटा दैवी शक्तिले भित्रबाट काम गर्नुपर्छ र नयाँ जीवन प्राप्त गर्नुपर्छ । त्यो शक्ति ख्रीष्ट हुनुहुन्छ । उहाँको कृपाले मात्र निर्जीव आत्माहरूलाई जीवीत बनाउन सक्छ र परमेश्वरको पवित्रता तर्फ खिँच्न सक्छ ।

येशूले भन्नुभयो, " मानिस नयाँ गरी जन्मेन भने अथवा नयाँ हृदय, नयाँ इच्छा, नयाँ जीवनको नयाँ उद्देश्य पाएको छैन भने उसले स्वर्गको राज्य देख्न सक्तैन, अर्थात् मानिसको स्वभावबाट उत्पन्न भएको भलो कुराहरूले धोका मात्र दिन्छ । "शारीरिक मानिसले परमेश्वरका आत्माका कुरा ग्रहण गर्दैन, किनकि ती त्यसका निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, १ कोरिन्थी २:१४ । "मैले तिमीहरूलाई नयाँ गरी जन्मनु आवश्यक छ भनेकोमा  तिमीहरु अचम्म नमान," उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरूको ज्योति थियो", यूहन्ना ३:७ । स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन, जसबाट हामीले उद्धार पाउनसक्छौं " प्रेरित ४:१२ ।

परमेश्वरको करुणा शुभचिन्ता औ पितृ प्रेमलाई चिनेर मात्र पर्याप्त छैन, उहाँको ज्ञान र न्याय हेरेर यी सबै उहाँको अनन्तकालिन प्रेममा आधारित भएको छ भनी जान्नु मात्रले पनि पर्याप्त छैन । पावल प्रेरितले यी सबै कुरा हेरेर भनेः- "यो ठीक छ भनी म व्यवस्थासँग सहमत हुन्छु", यसैकारण त व्यवस्था पवित्र छ, औ आज्ञा पवित्र-धर्मी र असल छ, किनकि हामी जान्दछौं व्यवस्था आत्मिक हो तर म चाहिं शारीरिक हुँ र पापमा बेचिएको छु", रोमी ७:१६, १२, १४ । पावल पवित्रता औ धार्मिकताका निम्ति ठूलो इच्छा राख्थे, तर त्यसलाई पाउने क्षमता नै उनमा थिएन, त्यसैकारण उनले रोएरै भनेका छन् "म कस्तो

दुःखी मानिस ! यस मृत्युको शरीरबाट मलाई कसले बचाउला ?" रोमी ७:२४ । यस्तो रुवाई सबै देश औ सबै युगका बोझले लादिएका मानिसहरूबाट माथि स्वर्ग सम्म पुगेको छ । तर सबैका निम्ति एउटै उत्तर छ, "हेर, संसारको पाप उठाई लैजाने परमेश्वरको थुमा" यूहन्ना १:२९ ।

यो सत्य बुझाउनलाई परमेश्वरको आत्माले अनेकौं उदाहरणहरू प्रस्तुत गर्नुभएको छ । यी उदाहरणहरूद्वारा बोझले लादिएका मानिसहरू स्वतन्त्र हुने उपाय स्पष्ट देखिन्छ । याकूबले एसाबलाई ठगेर उनी बाबुको घरदेखि भागे, तर विवेकले उनलाई आफ्नो वास्तविकता देखाउन थाल्यो । उनले आफ्ना प्रियजनहरू देखि टाढा भएर एक्लो भई बस्नु पऱ्यो । एउटै विचारले उनको हृदय उदास बन्यो कि आफ्नो पापले उनलाई परमेश्वर देखि टाढा राखेको छ, औ परमेश्वरले उनलाई त्याग्नु भएको छ । उनी उदास चित्त लिई डाँडा-काँडा, आकाश औ ताराहरूको माझमा, रुखो भूमिमा विश्राम गर्न बसे । निन्द्रामा उनले एक अचम्मको दर्शन पाए । उनी सुतेको भूमिदेखि माथि स्वर्गको ढोकासम्म पुगेको एउटा भऱ्याङ्ग थियो र माथिबाट परमेश्वरको महिमित आवाजले उनलाई सान्त्वना र आशाको सन्देश दिइरहेको थियो । यो चित्रद्वारा याकूवको अशान्त आत्मा र आवश्यकतालाई शान्त गरेर परमेश्वरले एउटा उद्धारकर्ताको रूपमा आफैलाई देखाउनुभयो । पापीले परमेश्वरसित सम्बन्ध पुनः स्थापना गर्न सक्ने मार्ग उनले देखे । यो रहस्यमय भऱ्याङ्ग येशूको प्रतिक हो, जो परमेश्वर र मानिसहरूको सम्बन्धको एउटै माध्यम हुनुहुन्छ । खीष्टले नथनेलसितको कुराकानीमा यही कुरा उल्लेख गर्नुभएको थियो, "तिमीहरूले स्वर्ग खोलिएको औ परमेश्वरका दूतहरूलाई मान्छेका पुत्रमाथि उक्लँदै र ओर्लदै गरेका देख्नेछौ" यूहन्ना १:५१ ।

आफ्नो अधर्मको कारण मानिस आफै परमेश्वरदेखि टाढा भयो, स्वर्ग र पृथ्वीको विभाजन भयो । यी दुई खाडीको अन्तरमा रहेका व्यक्तिहरूले एक अर्कासँग सम्बन्ध गाँस्न सकेनन् । तर खीष्टद्वारा यो अन्तराल (पृथ्वी र स्वर्ग) बिचको खाडी पुरियो । खीष्टले आफ्नै कामको आधारमा पापले बनाएको खाडीमाथि एउटा पुल बनाउनुभयो । परमेश्वरको सेवा गरिरहेका दूतहरूले मानवजातिसित पनि अब संगति गर्न सक्ने भए । खीष्टले कमजोर असहाय मानवजातिको मिलाप अनन्त शक्तिको श्रोतसित गर्नुहुन्छ ।

आशा एवं मद्दतको यो स्रोतलाई परित्याग गरी मानिसले आफ्नै शक्ति, प्रगति, प्रयासद्वारा मानवजातिलाई उँभो उचाल्ने सपना देख्नु व्यर्थै छ । "किनभने हरेक असल दान र उत्तम वरदान परमेश्वरबाटै पाइन्छ" याकूब १:१७ । उहाँ बाहेक अरु कसैमा सत्य पाइँदैन । परमेश्वर कहाँ पुग्ने उहाँ एउटै मार्ग हुनुहुन्छ । उहाँ भन्नु हुन्छ, "बाटो, सत्य र जीवन मै हुँ, म बाहेक कोहीद्वारा पिता कहाँ जान सक्दैनन्" यूहन्ना १४:६ ।

परमेश्वरको हृदय सँधै यस संसारका आफ्ना छोरा छोरीहरूका निम्ति लालयित रहन्छ । उहाँको प्रेम मृत्यु भन्दा बलियो छ । ख्रीष्टलाई हाम्रा निम्ति दिनु भएर सारा स्वर्ग पृथ्वीमा खन्याउनुभयो । मुक्तिदाताको जीवन र मरण अनि मध्यस्थको काम, स्वर्गदूतहरूको सेवाको काम, पवित्र आत्माको निवेदन, पिताको सबैभन्दा र सबैद्वारा, स्वर्गीय प्राणीहरूको अथक प्रयास सबै कुरो मानिसको मुक्तिको लागि गरिएको हो ।

हाम्रा निम्ति गरिएको त्यस विचित्र बलिदानलाई ध्यान दिनु आवश्यक छ । हराएकाहरूलाई खोजेर बचाउन र पिताको घरमा फर्काउन कति धेरै शक्ति र सम्पतिको खर्च भयो हामीले त्यस कुरालाई बुझ्न आवश्यक छ । त्यो भन्दा ठूलो भावना यस भन्दा महान् शक्ति अरु छँदै छैन । कत्रो वरदान ! स्वर्गकै उपहार स्वर्गदूतहरूको समाज ! परमेश्वर र उहाँको पुत्रको संगत हामीलाई अनन्त शक्ति यी सबैलाई सोच्दा नै हामीले हाम्रा उद्धारकर्तालाई हृदय देखि सेवा गर्न उत्सुक बन्नु पर्ने होइन र ?

पापको विरुद्ध इन्साफ, आखिरी न्याय, हाम्रो चरित्रको भ्रष्टपना, अन्तिम विनाश, यी कुराहरू पनि हामीलाई सैतानको कामबाट सचेत गराउन परमेश्वरका वचनमा उल्लेख गरिएका छन् ।

के हामी परमेश्वरको कृपा प्रति आभारी छैनौं ? उहाँले हाम्रा निम्ति अरु के गर्नु पर्छ ? उहाँको महान् प्रेमको निम्ति हामी उहाँसित उचित सम्बन्ध बाँधौं । उहाँले प्रबन्ध गर्नुभएको मार्ग अपनाई हामी पुनः उहाँको स्वरुपमा परिवर्तन होऔं, हाम्रो सम्बन्ध स्वर्गदूतहरूसित, परमेश्वर पिता र पुत्रको इच्छा अनुसार कायम राखौं ।

# 3 पश्चात्ताप

परमेश्वरको अघि मानिस कसरी ठीक बन्न सक्छ ? पापी कसरी धर्मी बन्न सक्छ ? केवल खीष्टद्वारा, उहाँको पवित्रताद्वारा मात्र हाम्रो मिलाप परमेश्वरसित हुनसक्छ । तर खीष्टसम्म कसरी पुग्ने ? पेन्तिकोशको दिनमा पाप देखेर प्रेरितहरूले प्रचार गरेका कुरा मानिसहरूको हृदयमा गडेर तिनीहरूले सोधेका थिए : "हामी के गरौं ? " यही प्रश्न आज हजारौं मानिसहरूको छ । पत्रुसको उत्तर थियो, "पश्चात्ताप गर र नयाँ मानिस बन र तिमीहरूको पाप मेटिनेछ" प्रेरित २:३८ ।

साँचो पश्चात्तापमा पापको निम्ति दुःखीत हुनु औ त्यसलाई छोड्नु हो । पापले ल्याउने विनाश नदेखुन्जेल हामीले पाप त्याग्दैनौं । पापलाई हृदयदेखि नत्यागेसम्म जीवनमा साँचो परिवर्तन आउँदैन ।

धेरैले पश्चात्तापको साँचो अर्थ नै जान्दैनन्, असंख्य मानिसहरू पापका निम्ति विलाप गर्छन तरै पनि संसारसित डराएर वा कतिपय कारणले गर्दा जीवनमा बाहीरी सुधारमात्र ल्याउँछन्, तर बाइबलको अर्थमा यो पश्चात्ताप होइन । पापसित भन्दा पापले गर्ने कष्टसित तिनीहरू डराउँछन् । यही अवस्था एसावको पनि थियो, जब उसले आफ्नो जन्म अधिकार सदाको लागि गुमायो । बालम पनि तरवार हातमा लिई उभिइरहेको स्वर्गदूतदेखि आफ्नो पापको कारण, प्राण गुमाइन्छ कि भनी डराएको थियो । तर उसमा पापको निम्ति साँचो पश्चात्ताप भने थिएन, पश्चात्तापी बन्ने मन थिएन तथा अधर्म त्याग्ने मन पनि थिएन । यहूदाले येशूलाई धोका दिइसकेपछि यसो भनी दुःख प्रकट गरेको थियो, "मैले निर्दोष मानिसलाई धोका दिएर मृत्युमा पुऱ्याउने पाप गरेको छु" मत्ती २७:४ ।

यो स्वीकार उसको अपराधिक मनस्थितिबाट जबरजस्ती भएको थियो, र ऊ दण्ड र अन्तिम न्यायसँग त्रसित बनेको थियो । उसको कामको परिणाम सम्झेर उसमा ठूलो त्रास पैदा भयो तर उसको मनमा परमेश्वरको निर्दोष पुत्रलाई र इस्रायलका पवित्र जनलाई धोका दिएकोमा कुनै पीडा थिएन । फेरि न उसले पनि परमेश्वरको इन्साफको चोट पाउँदा चाहीं आफ्नो पाप मानिलिन्थ्यो, तर विपत्तिहरू रोकिने

बित्तिकै उसले फेरि स्वर्गको परिणामको लागि विलाप गऱ्यो, तर आफूले गरेको पापैको लागि भने विलाप गरेन ।

तर जब परमेश्वरको आत्माको प्रभावले मानिसको हृदय तोडिन्छ, उसको विवेक जागो हुन्छ औ उसले परमेश्वर औ व्यवस्थाको पवित्रतालाई चिन्न थाल्दछ, जो पृथ्वी र स्वर्गीय शासनको जग हो । "प्रत्येक मानिसलाई प्रकाश दिने, उहाँ संसारमा आउने साँचो ज्योति हुनुहुन्थ्यो" यूहन्ना १:९, भन्ने कुराले उस्को हृदय भित्र भएका पापहरू प्रकट गर्छ । उस्को मन र हृदयलाई पाप सम्बन्धी पश्चात्तापले पक्रिन्छ । जब पापीलाई यहोवाको धार्मिकता औ पवित्रता थाहा हुन्छ र उहाँको अघि आफ्नो अपराध र अशुद्धताले भरिएको जीवन ल्याउन डराउँछ, किनभने यहोवा हृदय जाँच्ने परमेश्वर हुनुहुन्छ । उस्ले परमेश्वरको प्रेम देख्न थाल्छ, पवित्रताको सुन्दरता औ चोखो पवित्र आनन्द बुझ्न थाल्छ । उ सफा हुन चाहन्छ औ स्वर्गीय सम्बन्धमा फेरि बाँधिन चाहन्छ ।

दाउदको पापमा फसेपछि गरेको प्रार्थनाले साँचो पश्चात्तापको उदाहरण दिन्छ । उनको पश्चात्ताप साँचो औ भित्रि हृदय देखि आएको थियो । तिनले आफ्नो अपराध हल्का गराउने प्रयास गरेनन्, दण्ड देखि भाग्ने चेष्टा पनि गरेनन् । तिनले आफ्नो पापको भीषण रूप देख्न सके, आत्मामा आएको अशुद्धता बुझ्न सके र आफूले गरेको पाप प्रति तिनमा घृणा जाग्यो तिनले पाप क्षमाका निम्ति मात्रै प्रार्थना गरेनन्, तर पापले अशुद्ध बनाएको हृदयको शुद्धिकरणका निम्ति पनि प्रार्थना गरे । पवित्रता, आनन्द औ परमेश्वरसितको संगति पुनः स्थापना होस् भन्ने तिनको उत्कट इच्छा थियो । तिनको प्रार्थना यस्तो थियोः-

त्यो धन्यको हो, जसले अपराध क्षमा भएको छ, र जस्को पाप ढाकिएको छ ।

त्यो मानिस धन्यको हो, जस्ले अधर्मको लेखा परमप्रभुले राख्नु हुन्न र जस्को आत्मामा छल छँदैछैन" भजन संग्रह ३२:१-२ ।

"तपाँईको करुणा अनुसार म माथि
अनुग्रह गर्नुहोस्, हे परमेश्वर ।
तपाँईको कोमल कृपा अनुसार
मेरो अपराधहरू मेटिदिनुहोस् ।
मेरो अधर्मबाट मलाई सफासँग धुनुहोस्,
र मेरो पापबाट मलाई शुद्ध गर्नुहोस् ।
किनकि म आफ्ना अपराधहरू
स्वीकार गर्छु ।

मेरो पाप सदा मेरै सामु छ ।
तपाँईको विरुद्धमा, केवल तपाँईकै
विरुद्धमा मैले पाप गरेको छु,
र तपाँईको दृष्टिमा जो खराबी छ,
त्यही गरेको छु ।
तपाँई बोल्नु हुँदा ठीक,
र इन्साफ गर्नुहुँदा मुनासिब ठहरिनु हुन्छ, ।
हेर्नुहोस्, अन्तस्करणमा तपाँई सत्य खोज्नु हुन्छ ।
र भित्र मनमा तपाँईले मलाई ज्ञान
जान्ने तुल्याउनु हुनेछ
हिसपले मलाई मस्काउनु होस्,
र म सफा हुनेछु
मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु ।
हर्ष उल्लासको कुरा मलाई सुनाउनुहोस् ।
र तपाँईले भाँचिदिनुभएका हड्डीहरू आनन्दित् होऊन् ।
मेरा पापबाट तपाँईको मुख लुकाउनुहोस्
र मेरा सारा अधर्महरू मेटिदिनु होस् ।
हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस् ।
र मभित्र स्थिर आत्मा पुनर्जीवित पार्नुहोस् ।
मलाई तपाँईको सामनेबाट ननिकाल्नुहोस्
र मबाट तपाँईको पवित्र आत्मा नलैजानुहोस् ।
तपाँईको मुक्तिको उमंग मलाई फेरि दिनुहोस् ।
र राजी -खुशीको आत्माले मलाई सम्हाल्नुहोस् ।
तब अपराधीहरूलाई म तपाँईको मार्ग सिकाउने छु ।
र पापीहरू तपाँईतर्फ फर्कनेछन् ।
हे परमेश्वर, मलाई रक्तपातको पापबाट
छुटकारा दिनुहोस् ।
र मेरो जिब्रोले तपाँईको, धार्मिकताको
भजन चर्को गरी गाउने छ ।" भजन संग्रह ५१:१-१४ ।

यस्तो प्रकारको पश्चात्ताप मानिसले आफ्नै शक्तिले कदापी गर्न सक्तैन । यो ख्रीष्टद्वारा मात्र सम्भव हुन्छ, जो स्वर्गमा जानुभयो र मानिसहरूलाई वरदान दिनु भएकोछ ।

यहाँ एउटा कुरा छ, जसले गर्दा धेरै मानिसहरूले भूल गर्दछन् र ख्रीष्टको वरदान र मद्दत लिन असफल हुन्छन् । तिनीहरू

सम्भन्छन् कि पहिले पश्चात्तापी नबनी खीष्टकहाँ आउन सकिंदैन, औ पश्चात्तापले नै पाप क्षमाको बाटो तैयार गर्दछ । यो साँचो हो कि पश्चात्ताप गर्नाले पाप क्षमा हुन्छ । पूर्ण र टुटेको हृदयले मात्र मुक्तिदाताको आवश्यकतालाई सम्भन्छ । के पापी खीष्टकहाँ आउनका निम्ति पश्चात्ताप भइसकेको हुनुपर्छ ? के पश्चात्ताप चाहिं पापी औ मुक्तिदाताको बीचको तगारो हो ? बाइबलले यस्तो सिकाउँदैन, खीष्टकहाँ आउन अघि उसले पश्चात्ताप गर्नु पर्दैन । मत्ती ११:२८ मा खीष्टले यसरी निमन्त्रणा दिनु भएको छ "हे सबै मेहनत गर्ने र बोभले लादिएका हो ! म कहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।" खीष्टको शक्तिले मानिसलाई साँचो पश्चात्ताप गर्न सिकाउँछ । यही कुरा पत्रुसले इस्रायलीलाई स्पष्ट बताएका थिए । "परमेश्वरले इस्रायलको पश्चात्ताप र पापमोचन गराउन उहाँहरूलाई कर्ता र मुक्तिदाता तुल्याईकन आफ्ना दाहिने बाहुलीले उच्च पार्नुभयो" प्रेरित ५:३१ । खीष्टको आत्माले हाम्रो विवेकलाई जागृत नपारीकन हामी पश्चात्ताप गर्न सक्तैनौं र उहाँको सहयोगले मात्र हामीले पाप क्षमा पाउने छौं ।

खीष्ट प्रत्येक उचित प्रेरणाको मुहान् हुनुहुन्छ । उहाँले मात्रै पापको विरोध हृदयमा उब्जाउन सक्नु हुन्छ । हरेक सत्यता औ पवित्रताको चाहना गर्नु आफ्नो पापमा दु:खित बन्नु नै उहाँको आत्मा हृदयमा बास गरी काम गरेको कुराको प्रमाण हो ।

यो साँचो हो कि कहिले-काहीं मानिसहरू आफ्नो पापमय चालदेखि लज्जित बनि खीष्टको कामलाई नबुझे पनि दुष्ट आदतहरू त्याग्छन् र ठीक काम गर्न पुग्छन् । तर जब जब उनीहरू आफैलाई सुधार्छन् तब खीष्टको शक्तिले उनीहरूलाई तानिरहेको हुन्छ । कुनै अनभिज्ञ प्रभावले उसको आत्मा माथि काम गरीरहेको हुन्छ । औ उनीहरूको विवेक जागो बन्छ र बाहिरी जीवन सुधिन्छ । जब खीष्टले क्रुसतर्फ तिनीहरूको पाप हेर्न लैजानु हुन्छ र मानिसको पापको कारण उहाँले कति चोट खप्नु पर्‍यो त्यो देखाउनु हुन्छ । तिनीहरूको जीवनमा भएको दुष्टता र भित्र आत्मामा गडेको पाप सबै प्रकट हुन्छ । तिनीहरूले खीष्टको धार्मिकताको बारेमा बुभ्न थाल्दछन् औ भन्नेछन्, "पाप के हो ? यसले कति ठूलो बलिदान माग्छ ? हामीले अनन्त जीवन पाउनलाई औ नाश नहुनलाई उहाँले यस्तो दु:ख र मर्म भोग्नु पर्‍यो ।

पापीले यस प्रेमप्रति विरोध गर्ला, र येशूकहाँ आउनलाई अस्वीकार गर्ला, तर उसले विरोध नगरेमा उ येशूतिर खिचिनेछ, मुक्तिको योजना बुभ्नाले त्यसलाई क्रुसको नजिक पापको पश्चात्ताप

गर्न लैजाने छ, जुन पापले परमेश्वरको प्रिय पुत्रलाई दु:ख, कष्ट भोग्नु परेको थियो ।

प्रकृतिमाथि जुन विचारले काम गर्छ त्यही स्वर्गीय विचारले मानिसहरूसित पनि बोल्दछ र तिनीहरूले कहिल्यै अनुभव नगरेको तृष्णा उनीहरूमा पैदा गर्छ । संसारको चीज-बीजहरूले उनीहरूको इच्छा पूर्ति गर्न सक्दैन । परमेश्वरको आत्माले उनीहरूलाई शान्ति औ विश्राम दिने कुरा खोज्न लगाउँछ, जो खीष्टको अनुग्रहद्वारा मात्र पाइन्छ । प्रत्यक्ष औ अप्रत्यक्ष कुराहरूबाट हाम्रा मुक्तिदाताले जहिले पनि पापको भोग विलासबाट तृप्त नभएको हृदयहरूलाई अनन्तकालिन् आशिषको भागीदार तुल्याउनका निम्ति आकृष्ट गरिरहनु हुन्छ । यस संसारको चुहुने भाँडो देखि पानी पिउन चाहने आत्माहरूलाई येशू भन्नुहुन्छ, “जो तिर्खाउँछ त्यो आओस्, जसले मन गर्छ, त्यसले जीवनको पानी लेओस्” प्रकाश २२:१७ ।

संसारका सबै थोकबाट विरक्त भएको हृदयले कुनै उच्च र उत्तम चीजको अभिलाषा राख्छ र त्यही अभिलाषा तपाँईसित पनि छ भने त्यो परमेश्वरको आवाज हो भनी बुझ्नुहोस् । उहाँसित पश्चात्तापको आत्मा माग्नुहोस् । उहाँको अनन्त प्रेम औ सिद्धतामा खीष्टले तपाँईलाई डोहोऱ्याउन भनी विन्ती गर्नुहोस् । मुक्तिदाताको जीवनमा परमेश्वरको त्यो महान् व्यवस्था, परमेश्वर र मानिसप्रतिको प्रेम स्पष्ट गरी झल्किएको थियो । परोपकार औ नि:स्वार्थ प्रेम नै उहाँको जीवन थियो । हामीले हाम्रा मुक्तिदाताबाट पाएको प्रकाशमा हेऱ्यौं भने हाम्रो हृदय कति पापमय रहेछ भनी थाहा पाउन सक्छौं ।

हाम्रो जीवन ठीक छ नैतिक चरित्र पनि निष्खोट छ भनी हामीले सोच्दछौं र एक साधारण पापी जस्तै परमेश्वर अघि झुक्नु पर्दैन भनी हामी सोच्दछौं भने हामी निकोदेमस् जस्तै हुन्छौं । तर खीष्टको प्रकाश हाम्रो आत्मामा चम्कँदा हामी कति अशुद्ध रहेछौं भनी चाल पाउन सक्छौं । हाम्रो जीवनलाई अपवित्र पार्ने स्वार्थी विचार चिन्न सक्छौं । औ परमेश्वर प्रतिको शत्रुता देख्न सक्छौं । त्यसपछि मात्र हामीले हाम्रो धार्मिकता साँच्चै मैलो झुत्रो जस्तो मात्र रहेछ औ खीष्टको रगतले मात्रै हाम्रो कलुषित हृदयलाई धोएर नयाँ बनाउन सक्छ भनी चाल पाउने छौं ।

परमेश्वरको महिमाको एउटै किरणले औ खीष्टको पवित्रताको एक झलकले मानिसको अशुद्ध हृदयको प्रत्येक दाग औ मानव चरित्रको नग्नता, विरुप एवं त्रुटिहरू, अनैतिक इच्छा, हृदयको अविश्वास र

ओठबाट निस्केको अशुद्ध वचनहरू स्पष्ट देख्न सकिन्छ । परमेश्वरको नियमलाई रद्द पार्ने काममा ऊ पनि जिम्मेवार भएकोले उसले स्पष्टसित देख्न सक्छ औ उसको आत्मा परमेश्वरको आत्माको प्रभावद्वारा अत्यन्तै दुखित् बन्छ । ख्रीष्टको निष्कलंक चरित्रको अघि आफै-आफूलाई घृणित सम्भनेछ ।

जब भविष्यवक्ता दानियलकहाँ स्वर्गदूत आए, तब तिनले स्वर्गदूतको महिमित चेहरा हेर्दा आफै निर्बल र अशुद्ध भएको थाहा पाए । दानियल १०:८ मा यसरी लेखिएको छ, "ममा केही शक्ति नै रहेन । म त मानिसको पुतला जस्तै भएँ औ ममा केही बल नै रहेन ।" यसरी प्रभावित पारिएको आत्माले आफ्नो स्वार्थपनलाई घृणा गर्छ औ ख्रीष्टको धार्मिकताद्वारा परमेश्वरको नियम अनुसार उहाँसित पवित्र राख्न खोज्छ ।

पावल प्रेरितले भनेका छन्, "धार्मिकताको विषयमा हो भने, व्यवस्थामा भएको धार्मिकता बमोजिम निर्दोष ठहरिएको हुँ" फिलिप्पी ३:६ । तर व्यवस्थाको आत्मिक गुणहरू हेर्दा तिनले आफैलाई पापी भेटाए । व्यवस्थानुसार तिनको जीवन पापरहित थियो तर परमेश्वरको पवित्र नियमको अघि तिनी लाजले घोप्टो परी आफ्नो अपराध स्वीकार गरे र भने, "एकपल्ट त म व्यवस्था बिना जिउँदै थिएँ, तर आज्ञा आएपछि पाप जीवित भयो र म चाहीं मरें", रोमी ७:९ । जब तिनले आत्मिक नियमको गुणहरू देखे अनि पापको साँचो घृणित रुप प्रकट भयो र तिनको आफ्नो स्वधर्मीपना खतम भयो ।

परमेश्वरले सबै पापलाई बराबरी विशेषता दिनु हुन्न, उहाँको नजरमा अपराधको निभिन्न दर्जा छ । तर मानिसको दृष्टिमा सानो कुरा भए तापनि परमेश्वरको दृष्टिमा कुनै पाप सानो छैन । मानिसको न्याय पक्षपाती, अपूर्ण हुन्छ, तर परमेश्वरले सबै कुराको ठीक अनुमान गर्नु हुन्छ । रक्सी पिउनेलाई सबै मानिसले तिरस्कार गर्छन र उसको यो पापको कारण ऊ स्वर्ग पस्न सक्तैन भन्छन्, तर अहंकारी, स्वार्थी र कपटीहरूको कुरै गर्दैनन् । यस्ता पापहरूसित पनि परमेश्वर अत्यन्त घृणा गर्नु हुन्छ, किनभने यो उहाँको चरित्रको विपरीत कुरा हो । निस्वार्थ प्रेम पवित्र संसारको अभिन्न वातावरण हो । जो कोही भारी पापमा फस्यो भने उसलाई शर्म हुन्छ, औ उसले आफ्ना निम्ति ख्रीष्टको अनुग्रहको आवश्यकता महसुस गर्दछ, तर अहंकारीलाई केहीको आवश्यकता पर्दैन । अहंकारीले ख्रीष्टको विरुद्धमा हृदयको ढोका बन्द गर्छ र उहाँले दिनु हुने आशिष देखि ऊ बञ्चित रहन्छ ।

लूका १८:१३ मा महसुल उठाउने एक गरीब मानिसले यसरी प्रार्थना गर्दछ, “हे परमेश्वर म पापी माथि दया गर्नुहोस्”, उसले आफूलाई एक दुष्ट मानिस सम्भन्थ्यो र अरुले पनि उसलाई त्यही दृष्टिले हेर्थे तर उसले आफ्नो आवश्यकता बुझ्यो । आफ्नो पाप अपराध औ ग्लानी हृदय लिएर परमेश्वरको अघि दयाको भिक्षा माग्यो । उसको हृदय परमेश्वरको अनुग्रहमय कामको निम्ति खुल्ला र पापको शक्तिको बन्धनदेखि मुक्त हुन तयार थियो । फरिसीको घमण्डी स्वधर्मीपना प्रार्थनाले चाहिँ पवित्र आत्मा प्रति उसको हृदय बन्द थियो भन्ने बुझाउँछ । परमेश्वर देखि टाढा रहेकोले उसले स्वर्गीय पवित्रताको अघि आफ्नो अवस्था देख्न सकेन । उसले कुनै कुराको आवश्यकता देखेन र केही पनि पाएन ।

यदि तपाँईले आफैमा कुनै पाप देख्नुभयो भने, आफैले यसलाई ठीक गर्ने प्रयास नगर्नुहोस् । हामी ख्रीष्टकहाँ आउने योग्यका छैनौं भनी धेरैले सम्भन्छन् । के तपाँई आफ्नै प्रयासले असल मानिस बन्न चाहनु हुन्छ ? “के हब्सीले आफ्नो छाला बदलि गर्न सक्छ ? के चितुवाले आफ्नो छालाको थोप्ला बदल्न सक्छ ? यर्मिया १३:२३ । परमेश्वरबाट मात्र हामीले सहायता पाउँन सक्छौं । हामीले अझै बलियो अनुरोध झन् अनुकुल समय र अझ पवित्र आचरणलाई पर्खनु हुँदैन कारण हामी आफै केही गर्न सक्तैनौ । हामी जस्ता छौं, हामी त्यस्तै छौं, ख्रीष्टकहाँ आउनु पर्छ ।

आफ्नो महान् प्रेम र कृपामा उहाँको अनुग्रहलाई लत्याउने मानिसहरूलाई पनि परमेश्वरले बचाउनु हुन्छ भन्ने भ्रम कसैमा नहोस् । क्रुसको प्रकाशमा मात्र हामीले पापको भयंकर रुपको अनुमान गर्न सक्छौं । जब कसैले परमेश्वर यति महान् हुनुहुन्छ कि उहाँले कुनै पापीलाई पनि त्याग्नु हुन्न भन्छ त, उसले कलवरीतर्फ दृष्टि लगाओस् । मानिसको मुक्तिका निम्ति अरु केही उपाय नभएको हुँदा किनकि यो बलिदान बाहेक मानिसहरूको पापको अशुद्धताबाट बच्न असम्भव थियो, पवित्र जनहरूसित आफ्नो सम्बन्ध कायम राख्नुका साथै आत्मिक जीवनको भागीदार हुन पनि असम्भव थियो, यसै कारणले गर्दा येशूले आज्ञाकारीको दोष अनि पापीहरूको बदलीमा कष्ट भोग्नुभयो । परमेश्वरको पुत्रको प्रेम, दुःख र मृत्यु यी सबैले पापको दुष्परिणामको गवाही दिन्छ, अनि पापको शक्तिबाट मुक्त हुन कुनै उच्च जीवनको आशा गर्नु तर केवल ख्रीष्टको अधीनमा आत्मा नआईकन कुनै उपाय छैन भनी घोषणा गर्दछ ।

पश्चात्ताप गर्न नचाहने व्यक्तिहरूले अरु ईसाईहरूलाई हेरेर बाहना बनाउँछन्, "म तिनीहरू जस्तै छु, राम्रो छु, तिनीहरू पनि त त्यति भक्त, सज्जन, असल व्यक्तिहरू होइनन्, अरुको दोष देखाई आफ्नो कर्तव्य लत्याउने बाहना लाउन पाउँदैनन्, किनभने परमेश्वरले हामीलाई मानिसको उदाहरण अनुकरण गर्नु भन्नु भएको छैन । निष्कलंक परमेश्वरको पुत्र हाम्रो उदाहरण हुनुहुन्छ, औ जसले गर्दा अरूहरूको दोष देखाउँछन् तिनीहरू आफै असल जीवन यापन गरी अरुको निम्ति उदाहरण बन्न जरुरी छ । ईसाईहरू कस्तो हुनुपर्छ भन्ने ज्ञान उनीहरूमा हुनु नै उनीहरूलाई आफ्नो पाप बढाउनु हो, कारण उनीहरूलाई के गर्नुपर्छ भन्ने कुरा थाहा छ तर गर्न अस्वीकार गर्छन् ।

विलम्ब नगर्नुहोस् । पाप त्याग्ने काममा ढिलो नगर्नुहोस्, ख्रीष्टद्वारा शुद्ध हृदय तुरुन्तै पाउनुहोस् । हजारौं मानिसहरूले आज यही भूल गरिरहेका छन् र अनन्त जीवन गुमाइरहेका छन् । परमेश्वरको पवित्र आत्माले दिनरात पुकारिरहनु भएको त्यस कुरालाई हामीले इन्कार गरी पापैमा बस्नु औधी खतरनाक कुरा हो । अति साधारण पापले पनि अनन्त हानी गर्न सक्छ । हामीले त्यसलाई जितेनौ भने त्यसले हामीलाई जिती हाम्रो सर्वनाश गर्छ । आदम औ हब्बाले सोचेका थिए कि निषेध गरिएको फल खानाले परमेश्वरले भन्नु भएको जस्तै डरलाग्दो परिणाम हुनेछैन । तर त्यही पापले नै परमेश्वरको पवित्र अपरिवर्तनशील व्यवस्थालाई विरोध गरेको थियो र त्यसैले मानव जाति र परमेश्वरलाई अलग गरेको थियो र संसारमा मृत्यु र संकट ल्याएको थियो । आदमको अनाज्ञाकारिताको कारण सारा युगका मानिसहरूले संकट आपद औ वेदना सहनु परेको छ । परमेश्वरको विरुद्धमा गरेको यस अनाज्ञाकारिताको असर स्वर्गसम्मै पुगेको छ । यस पापको सट्टामा चाहिएको अनौठो बलिदानको स्मारक कलवरीको क्रूस नै हो । त्यसकारण पापलाई हामीले यो सानो कुरा हो भनेर नठानौं ।

हरेक अपराध औ ख्रीष्टलाई गरेको अवहेलनाले तपाईंको हृदयलाई पवित्रात्माको आवाज नसुन्ने गरी तपाईंको विरुद्धमा काम गर्छ, तपाईंको इच्छा, कठोर हृदय हुनु औ सम्झने शक्तिलाई दुर्बल बनाइदिन्छ औ तपाँई आफ्नो पापको लागि पश्चात्ताप र ईश्वर प्रति समर्पण गर्न पनि सक्नु हुन्न ।

धेरै आफ्नो दुःखीत विवेकलाई यसो भनी शान्त गर्न खोज्दछन् कि स्वेच्छाले कुमार्ग छोड्न सकिन्छ, पवित्रात्माको अनुग्रहको जरुरत छैन । दयाको निम्तोलाई स्वीकार गरी शैतानको वशमा भएको

जीवनलाई झट्ट बदल्न सकिन्छ, तर यो काम सजिलो छैन । संसारको विद्या, रहनसहन तथा अनुभवले मानिसहरूको चरित्रमा यस्तो प्रभाव ल्याएको छ कि मानिसहरुले मात्र सानो वा थोरै येशू ख्रीष्टको चरित्रलाई (उदाहरण) आफ्नो जीवनमा ल्याउने इच्छा राख्दछन् ।

चरित्रमा भएको एउटै खरावी पापमय अभिलाषासंग दिनरात खेल्यौं भने त्यसलाई सुसमाचारको सबै शक्तिलाई चिसो बनाइदिन्छ । हरेक पाप कर्मले परमेश्वर प्रतिको कुभावनालाई झन् तिब्र बनाउँछ । जुन व्यक्तिले परमेश्वरको सत्यताप्रति खुल्ला अविश्वास र बेपरवाही देखाउँछ, उसले आफै रोपेको बिउकोफल काटेको मात्रै हो । पापसँग खेल्ने विषयमा सबैभन्दा डरलाग्दो चेतावनी हितोपदेश ५:२२ मा छ, “पापी चाहीं उसको पापको डोरीले बाँधिनेछ ।”

ख्रीष्ट हामीलाई हाम्रो पापको बन्धन देखि मुक्त गर्न तयार हुनुहुन्छ, तर उहाँले हाम्रो इच्छालाई वशमा गर्नुहुन्न । लगातार पाप गरिरहनाले हाम्रो इच्छा नै दुष्कर्मतर्फ हुन्छ र हामी यसदेखि स्वतन्त्र हुन चाहँदैनौ । उहाँको अनुशरण गरेनौं भने उहाँले अरु के गर्न सक्नु हुन्छ ? उहाँको प्रेम बहिष्कार गरी हामी आफै विनाश तर्फ लगिरहेकाछौं भनी २ कोरिन्थी ६:२ मा लेखिएको छ ।” फेरि हिब्रु ३:७मा भनिएको छ, “आज तिमीहरूले उहाँको शब्द सुन्यौ भनेदेखि तिमीहरूका हृदय कठोर नपार ।”

“मानिसले रुप हेरिकन विचार गर्छ तर परमेश्वरले हृदय हेरिकन विचार गर्नुहुन्छ” १ शामुयल १६:७ । औ यो मानव हृदय जहाँ सुख दःखको भावनाहरूको संघर्ष छ, विचारमा बरालिने हृदय धोकाबाज औ अपवित्रताले भरिपूर्ण भएको हृदय । उहाँले यस हृदयको ध्येय औ भित्री अभिप्राय जान्नु हुन्छ । दागै-दाग भएको हृदय लिएर आफैलाई खुल्ला बनाएर येशूकहाँ जानुहोस् र भजनका लेखकले झैं भन्नुहोस् “हे परमेश्वर मलाई जाँच्नुहोस् र मेरो हृदय बुझ्नुहोस्, मलाई खार्नुहोस् र मेरा विचारहरू जान्नुहोस् र हेर्नुहोस् ममा दुराचरण रहेछ कि रहेनछ । र मलाई अनन्तको चालमा डोहोऱ्याउनुहोस्” भजन संग्रह १३९:२३,२४ ।

धेरैले बाहिरी ज्ञानले धर्म ग्रहण गर्छन, औ ईश्वर भक्तको रुप लिन्छन् तर हृदय अशुद्ध नै हुन्छ । यदि तपाईंको अवस्था यस्तो छ भने, यसरी प्रार्थना गर्नुहोस् “हे परमेश्वर ममा शुद्ध हृदय सृजनुहोस् र म भित्र स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्” भजन संग्रह ५१:१० । आफ्ना आत्माको निम्ति फिक्री गर्नुहोस् । आफ्नो ज्यान जोगाउनु पर्दा तपाईंले जति साऱ्हो आत्तिएर काम गर्नुहुन्छ, उत्तिनै घोर इमान्दारीसंग यो काम

गर्नुहोस् । तपाईं र परमेश्वरको बीचमा यो कुरा अनन्तसम्मको निम्ति निर्णय गर्नु परेको छ । अनुमानित आशाले तपाईंकै विनाशको प्रमाण दिनेछ ।

परमेश्वरको वचन प्रार्थनापूर्वक अध्ययन गर्नुहोस् । तपाईंको अगाडी राखिएको वचनमा परमेश्वर ख्रीष्टको जीवन औ पवित्रताको मूलतत्व छ, जसबाहेक "कोही मानिसले परमेश्वर देख्न सक्तैन" हिब्रु १२:१४ । यसले पापलाई दोहोऱ्याउँछ औ सजिलोसित मार्गलाई देखाउँछ । परमेश्वरको आवाज तपाईंको आत्मासित बोल्दै हुनुहुन्छ, यसलाई सुन्नुहोस् ।

पापको गहनता औ आफ्नो साँचो अवस्थादेखि हताश निराश नबन्नुहोस् । पापीहरूलाई बचाउन नै ख्रीष्ट आउनुभएको हो । हामी आफैले परमेश्वरसित मिलाप गरेका छैनौं, तर त्यो अचम्मको प्रेम । "परमेश्वर ख्रीष्टमा हुनुभयो, र संसारलाई आफूसित मिलापमा ल्याउनुभयो" २ कोरिन्थी ५:१९ । आफ्ना नम्र प्रेमले उहाँले गलत बाटोमा गएका आफ्ना छोरा छोरीहरूलाई बोलाई रहनु हुन्छ । संसारको कुनै माता-पिता पनि भूल गरिरहने आफ्ना बालकहरूसित यति धैर्य हुँदैनन्, जत्तिको परमेश्वर पाप गर्ने मानिसहरूप्रति हुनुहुन्छ । अपराधीहरूसंग कसैले पनि प्रेम पूर्वक बिन्ती गर्दैनन् कसैले पनि दुष्कर्मीसित प्रेममय विनय गर्दैनन्, जसरी उहाँ गर्नुहुन्छ । सबै प्रतिज्ञा औ चेतावनीहरू उहाँको अवर्णनीय प्रेमका चिन्हहरू हुन् ।

जब शैतानले तपाईंलाई यो भन्छ कि तिमी एक ठूलो पापी हौ, त्यतिबेला तपाईं आफ्नो उद्धारकर्तालाई हेरेर उहाँको धार्मिकता औ योग्यताको बारेमा बताउनुहोस् । उहाँको प्रकाशलाई हेरिरहनुभयो भने मात्रै तपाईंले मद्दत पाउनु हुनेछ । आफ्ना पापहरू स्वीकार गर्नुहोस् औ शत्रुलाई "येशू ख्रीष्ट पापीहरूलाई बचाउन यस संसारमा आउनुभयो" १ तिमोथी १:१५ । औ तपाईंलाई "उहाँको अनुपम प्रेमले बचाउनेछ" भन्नुहोस् । येशूले सिमोनलाई दुई ऋणीहरूको बारेमा प्रश्न सोध्नुभयो, "एउटा महाजनका दुई ऋणीहरू थिए, एउटालाई धेरै ऋण दिएको थियो भने, अर्कालाई थोरै । तर मालिकले दुवैलाई माफी दिए । "कुन चाहिंले मालिकलाई ज्यादा प्रेम गर्नेछ ?" सिमोनले उत्तर दिए, "जसलाई तिनले बढी ऋण दिएका थिए", लूका ७:४३ । हामी पापीहरू थियौं तर हाम्रै पापहरू माफ गर्नका निम्ति येशू मर्नुभयो । हामीलाई पिताकहाँ उपस्थित गराउनलाई उहाँको बलिदान पर्याप्त छ । जसले बढी ऋण पाएको छ, उसले प्रभुलाई बढी प्रेम गर्छ औ तिनले उहाँको सिंहासनको

छेउमा उभिएर उहाँको प्रेम औ बलिदानका निम्ति प्रसंशा चढाउनेछ । परमेश्वरको प्रेम पूर्ण रीतिले बुझेर मात्रै हामीले आफ्नो पापको भयंकर रूप बुझ्न सक्छौं । जब हामीले हाम्रा निम्ति झारिएको साङ्गलोको लम्बाई देख्छौं, त्यसबेला मात्रै खीष्टको असीम बलिदान हाम्रो खातिर भएको बुझ्नेछौं र मात्र हाम्रो हृदय नम्रता र दुःखमा पग्लनेछ ।

# ४ पाप स्वीकार

"तिम्रो दोषहरू लुकायौ भने तिम्रो उन्नति हुँदैन, तर स्वीकार गरेर ती छोड्यौ भने तिमीले कृपादृष्टि पाउनेछौ" हितोपदेश २८:१३ । परमेश्वरको कृपा पाउनका निम्ति कतिपय साधारण न्यायसंगत शर्तहरू छन् । पाप क्षमाको निम्ति हामीले कष्टदायक कामहरू गरेको परमेश्वरले चाहनुहुन्न । तीर्थयात्रा तथा शरीरलाई कष्ट दिएर हामीले आफ्नो अपराधको क्षमा पाउने छैनौं, तर पाप स्वीकार गरी यसलाई त्याग्ने मानिसले परमेश्वरको दया पाउँछ । याकूव ५:१६ मा लेखिएको छ "तिमीहरू एउटा अर्कोसंग आ-आफ्नो पाप स्वीकार गर र तिमीहरू निको होउ भनी एउटाले अर्काको निम्ति प्रार्थना गर ।"

परमेश्वरको अघि आफ्नो पाप स्वीकार गर्नुहोस् उहाँले मात्र तपाईंलाई पाप क्षमा दिन सक्नु हुन्छ । यदि तपाईंले मित्र अथवा छिमेकीको चित्त दुखाउनु भएको छ भने तपाईंले आफ्नो भूल मानिलिनु पर्छ, क्षमा दिने काम तपाईंको मित्रको हो । त्यसपछि तपाईंले परमेश्वरको अघि क्षमा माग्नुपर्छ किनभने तपाईंले जुन मित्रको चित्त दुखाउनु भएको थियो ऊ परमेश्वरको सन्तान हो औ उसको चित्त दुखाएर तपाईंले सृष्टिकर्ताको विरुद्धमा पाप गर्नुभएको छ । यो कुरा हाम्रो मध्यस्थ: "येशू ख्रीष्टकहाँ लगिन्छ जो हाम्रा प्रधान पुजारी हुनुहुन्छ औ हाम्रा निर्बलतामा उहाँ हामीसंग दु:खी हुन नसक्ने होइन, तर सबै कुरामा हामी जस्तै परीक्षित र पनि पापरहित हुनुहुन्छ ।" हिब्रु ४:१५ । उहाँले हाम्रा सबै पाप र अधर्म शुद्ध पार्न सक्नुहुन्छ ।

परमेश्वरको अघि नम्र बनी आफ्ना अपराधहरू स्वीकार गर्ने व्यक्तिहरूले ख्रीष्टलाई ग्रहण गर्ने पहिलो शर्त नै पूरा गरेका हुँदैनन् । यदि हामीले पश्चात्तापको अनुभव ग्रहण गरी दीन मनका भई आफ्नो पाप औ अधर्महरू स्वीकार गरेका छैनौं, औ हामीमा परमेश्वरको शान्ति कदापी पनि छैन । अतितका पापहरू हाम्रो जीवनदेखि किन हट्दैन ? किनभने वचन अनुसार हामीले आफ्नो हृदय नम्र बनाएका छैनौं । यसबारे स्पष्ट निर्देशनहरू दिइएको छ । मानिसहरूको अघि होस् वा गुप्त रीतिले गरेको पाप स्वीकारमा हृदय तोडिएको हुनुपर्छ औ यसलाई सफासित व्यक्त गर्न सक्नु पर्छ । पापीले करमा पाप स्वीकार गर्नुहुँदैन,

तथा लापर्वाहीसित पनि गरिंदैन । पापसित घृणा नभएको व्यक्तिलाई पनि जर्वजस्ती पाप स्वीकार गर्न लगाउनु हुँदैन । पाप स्वीकार भनेको आफ्नो भित्रि हृदयलाई खन्याउनु हो र त्यस्तो पाप स्वीकार मात्रै परमेश्वरकहाँ पुग्न सक्छ । भजनका लेखकले भजन संग्रह ३४:१८ मा भन्दछन्:- "टुटेका हृदय भएकाहरू सबैको नजिक परमप्रभु हुनुहुन्छ र पश्चात्तापी मन हुनेहरूलाई उहाँले बचाउनुहुन्छ ।"

साँचो पश्चात्ताप विशेष रीतिले गरिन्छ औ उसले आफ्नो सबै पापहरू मानिलिन्छ । कति पापहरू परमेश्वर अघि मात्र पाउन सकिन्छ, कति मानिसहरूसित ठीक गर्नु पर्ने हुन्छ होला, कति जनसाधारणको अघि ठीक गर्नु पर्छ । पापको सबै स्वीकृति निश्चित र वास्तविक हुनुपर्छ र हामीले जे गरेका छौं त्यही कुरा परमेश्वरलाई भन्नुपर्छ ।

शामुयलका समयमा इस्रायलीहरू परमेश्वरदेखि टाढा भएका थिए । तिनीहरूले पापको फल भोगिरहेका थिए: किनभने तिनीहरूले परमेश्वर माथिको विश्वास गुमाएका थिए औ उहाँको शासन गर्ने शक्ति र ज्ञान, रक्षा गर्ने र जित्ने योग्यता यी सबै माथि विश्वास हटेको थियो । "हामीले हाम्रा पाप माथि राजा मागेर यो ठूलो खराबी थपेका छौं" १ शामुयल १२:१९ । तिनीहरू जुन पापका दोषी थिए त्यो मानिलिनु पऱ्यो । तिनीहरूको अधन्यवादी व्यवहारले तिनीहरूलाई परमेश्वरदेखि टाढा पाऱ्यो ।

पाप स्वीकार गर्नको साथै साँचो पश्चात्ताप औ जीवनमा सुधार आउनु पर्छ, यही नै परमेश्वरलाई ग्रहण योग्य हुन्छ । परमेश्वरलाई अप्रिय लाग्ने कुराहरू त्याग्नु पर्छ । यसले पापप्रति उत्पन्न भएको साँचो घृणालाई जनाउँछ । हामीले गर्नु पर्ने कुरा चाहीं, " आफूलाई धोएर चोखो पार । मेरो सामनेबाट तिमीहरूका दुष्ट्याइं फालिदेउ, खराबी गर्न छोड, भलाई गर्न सिक, इन्साफ खोज, अत्याचारलाई दमन गर, टुहुरा-टुहुरीको न्याय गर, विधवाहरूको पक्षमा बोलिदेउ" यशैया १:१६,१७ । "यदि त्यसले धितो फर्काइदियो, आफूले चोरी लगेको मालको क्षतिपूर्ति गरिदियो, असल जीवन मार्गमा चलेर अरु अधर्म गरेन भने त्यो बाँच्नेछ, त्यो मर्ने छैन", इजकियल ३३:१५ । पश्चात्तापबारे पावेलले भनेका छन्, "यही कुराले परमेश्वरको इच्छानुसार तिमीहरूलाई अफसोस तुल्यायो त्यसले कति ज्यादा तिमीहरूलाई उत्कट इच्छा, कति रिस, कति डर, कति लालसा, कति जोश, कति बदला तिमीहरूमा उत्पन्न गरिदियो । यी सबै कुरामा तिमीहरूले आफैलाई शुद्ध भएका प्रमाण दियौ" १ कोरिन्थी ७:११ ।

जब पापले हाम्रो नैतिक दृष्टिकोणलाई मारिदिन्छ तब मानिसले आफ्नो चरित्रको गल्तीहरूलाई बुभ्न छोड्छ, औ आफूले गरेको दुष्टताको भयंकर रुपलाई पनि चिन्दैन । यदि पवित्रात्माको अघि भ्फुकेन भने ऊ पापप्रति सधै अन्धो नै रहनेछ । उसको पश्चात्ताप साँचो औ गहिरो हुँदैन । जति पल्ट उसले पाप मानि लिन्छ उसले कुनै न कुनै बहाना पनि जोडिदिन्छ र उसले आफ्नो परिस्थितिहरूलाई दोष दिन्छ ।

आदम औ हब्बाले "नखानू" भनेको फल खाएपछि तिनीहरू लज्जित भए र भयातुर भए । सर्वप्रथम तिनीहरूले आफ्नो पापका निम्ति बहाना बनाई मृत्युको सजायदेखि भाग्न चाहे । परमेश्वरले आदमलाई तिनको पापबारे सोध्नु हुँदा तिनले केही दोष परमेश्वर माथि र केही स्त्री माथि लगाए, "जुन स्त्री तपाईंले मलाई म संगै रहनु भनेर दिनुभएको थियो, त्यसले मलाई त्यो रुखको फल दिई र मैले खाएँ" उत्पति ३:१२:१३ । स्त्रीले सर्पलाई दोष लगाइँ, "सर्पले पो मलाई छल गऱ्यो र मैले त्यो खाएँ" उत्पति ३:१२:१३ । सर्प किन बनाउनुभयो ? अदनमा यसलाई किन आउन दिनुभयो ? आफ्नो पापको निम्ति यही प्रकारको बहानाहरू लगाई तिनीहरूले तिनको जिम्मेवार परमेश्वरलाई नै बनाउन खोज्दै थिए । आफू ठीक छु भन्ने विचार पापको जड हो र यो कुरा आदमको सन्तानमा देखा पर्छ । यस्ता पश्चात्तापहरू परमेश्वरलाई ग्रहण योग्य हुँदैन । साँचो पश्चात्तापमा मानिसले अपराधको सारा दोष आफै बोक्छ । यसमा धोका औ कष्ट्याइं हुँदैन । त्यो महसुल उठाउने मानिस जस्ले आफ्नो आँखा स्वर्गतिर उठाउने साहस पनि नगरी कराउँछ " हे परमेश्वर म पापी माथि दया गर्नोस" औ येशूले उसको पाप सबै धोइ दिनु हुनेछ र उसलाई धर्मी कहलाउनु हुनेछ ।

परमेश्वरको वचनमा साँचो पश्चात्ताप औ नम्रताका उदाहरणहरू पाइन्छन् र त्याहाँ पाप गर्ने बाहना हुनु हुँदैन र आफूलाई धर्मी बनाउने कुनै उपाय छैन भनी देखिन्छ । पावलले आफैलाई ढाक-छोप गर्दैनन्, बरु त्यसलाई अति कालो रङ्गमा देखाइ दिन्छन्, आफ्नो दोष घटाउने कुनै प्रयास गर्दैनन् । प्रेरित २६:१०-११ मा तिनले आफ्नो बारे यसरी लेखेका छन् "भक्तजनहरू मध्येका धेरैलाई मूख्य पुजारीहरूबाट अख्तियार पाई मैले भ्यालखानामा पनि थुनें र तिनीहरूको हत्या हुँदा मैले पनि विरुद्धमा मत दिएको थिएँ र सबै सभा घरहरूमा तिनीहरूलाई बारम्बार सजायं दिएर ख्रीष्टको निन्दा गर्न लगाउँथे र त्यति मात्र नभै मैले उन्मत्त भईकन बाहिरका शहरसम्म पनि मैले तिनीहरूको खेदो गरें ।" तिनी आफैलाई मुख्य पापी भन्नमा

अप्ठ्यारो मान्दैनन्, “कि ख्रीष्ट येशू संसारमा पापीहरूलाई उद्धार गर्न आउनुभएको हो । तिनीहरूमध्ये म चाहीं मुख्य हुँ” १ तिमोथी १:१५

साँचो पश्चात्ताप पूर्ण भएको हृदयले परमेश्वरको प्रेम औ कलवरीले बलिदानलाई प्रशंसा गर्न थाल्छ । दुष्ट छोराले प्रेमी पितालाई सबै भूलहरू बताए झैं पापीले पनि परमेश्वर कहाँ आफ्नो सबै पापहरू ल्याउँछ र १ यूहन्ना १:९ अनुसार उसको पापहरू क्षमा हुन्छ, “ यदि हामीले आफ्ना पापको स्वीकार गऱ्यौ भने, हाम्रो पाप क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नलाई उहाँ विश्वास योग्य धर्मी हुनुहुन्छ ।

# ५ समर्पण

परमेश्वरको प्रतिज्ञा छ, " जब तिमीहरूले आफ्नो हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ" यर्मिया २९:१३ ।

सम्पूर्ण हृदय परमेश्वरलाई सुम्पनुपर्दछ नत्र आफ्नै प्रयासद्वारा हामीले आफूमा परिवर्तन ल्याउन सक्तैनौं । स्वभावले नै हामी परमेश्वरदेखि अलग भएका छौं । पवित्रात्माले हाम्रो अवस्था यसरी वर्णन गर्छ, "अपराध र पापमा मरेका" एफिसी २:१, "सारा शिर दुखेको छ, र सारा हृदय हैरान भएको छ" यशैया १:५ । " शिरदेखि पैतालासम्मै चोट नभएको कोही छैन" यशैया १:६, "हामी शैतानको जंजीरले बाँधिएका छौं, त्यसले आफ्नो इच्छा पूरा गर्न हामीलाई निको पार्न चाहनुहुन्छ", २ तिमोथी २:२६ । परमेश्वरले हामीलाई निको पार्न चाहनुहुन्छ", २ तिमोथी २:२६ । परमेश्वरले हामीलाई निको पार्न चाहनुहुन्छ, तर यसको निम्ति हाम्रो सारा स्वभावमा परिवर्तन ल्याउनु परेको छ र हामी सम्पूर्ण रीतिले उहाँमा समर्पित हुनुपर्छ ।

अहम्को विरुद्ध संघर्ष संसारको सबैभन्दा ठूलो युद्ध हो । अह्म त्यागनु औ सम्पूर्ण कुरा परमेश्वरको इच्छामा सुम्पनुलाई एउटा संघर्ष गर्नुपर्छ तर आत्मा चाहीं परमेश्वरको अधिनमा बस्नुपर्छ, तब मात्र त्यो पवित्र बन्नेछ ।

परमेश्वरको शासन शैतानले देखाइदिएको जस्तो छैन अर्थात् अन्धो अधीनता र अर्थहीन नियन्त्रण । तर उहाँको शासन बुद्धि र विवेकले स्वीकार गर्न सकिन्छ । यशैया १:१८ मा लेखिएको छ, "आऊ हामी बसेर आफ्नो कुरा छलफल गरौं ।" यसरी हाम्रा सृष्टिकर्ताले आफैले बनाउनु भएको मानिसहरूलाई निमन्त्रणा दिनुहुन्छ । उहाँले कसैलाई कर गर्नुहुन्न । जवरजस्ती औ विचार शक्ति विहिन चढाइएको श्रद्धा उहाँ ग्रहण गर्नुहुन्न । जवरजस्ती गरेको आत्मा- समर्पणले चरित्रको उन्नतिमा बाधा ल्याउँछ, यस्ले मानिसलाई यन्त्र जस्तो मात्र बनाउँछ सृष्टिकर्ताको यो अभिप्राय होइन । उहाँको इच्छा छ कि मान्छे जो उहाँको सर्वोच्च सृष्टि हो त्यो मान्छेले सबैभन्दा शिखरको प्रगति गर्नुपर्छ । उहाँले हाम्रै अघि सम्पूर्ण आशिषहरू राखी दिनुभएको छ । औ उहाँको अनुग्रहद्वारा हामीले यो प्राप्त गरेको चाहनुहुन्छ । हामी आफैलाई उहाँको

चरणमा समर्पण गरी उहाँलाई हाम्रो जीवनमा काम गर्न दिएको उहाँ चाहनुहुन्छ । पापको बन्धनदेखि मुक्त भई परमेश्वरको सन्तानको महिमित स्वतन्त्रताको भागिदार हुने कुरा हाम्रै हातमा छोडिदिनु भएको छ ।

हामी आफैले परमेश्वरको अघि समर्पण गर्दा यसमा बाधा ल्याउने सबै कुरा हामीले त्याग्नु पर्छ । त्यसैले हाम्रा मुक्तिदाता भन्नुहुन्छ, "जसले आफूसंग भएका सबै त्याग्दैन त्यो मेरो चेला हुन सक्तैन", लूका १४:३३ । हामीलाई परमेश्वरदेखि टाढा लैजाने कुराहरू त्याग्नु पर्छ । धेरैको निम्ति धन सम्पत्ति नै मूर्ति हो । पैसाको प्रेम, धन कमाउने इच्छा शैतानसंग जोड्ने सुनको साङ्लो हो । सांसारिक मानमर्यादा औ प्रतिष्ठा पनि धेरैले खोज्दछन् । स्वार्थी जीवन औ जिम्मेवारीदेखि स्वतन्त्रता अर्को मूर्ति हो । यस्ता बन्धनहरू सबै तोडिनु पर्छ । हामी आधा प्रभुको औ आधा संसारको हुन सक्तैनौं । यस्ता छौं भने हामी परमेश्वरका सन्तान होइनौं ।

कतिले परमेश्वरको सेवा गर्छौं भन्छन्, तर आफ्नै प्रयासद्वारा उहाँको नियमको पालन गरी असल चरित्र बनाई मुक्ति पाउने कोशिस गर्छन् । खीष्टको प्रेममा तिनीहरूको हृदय चलेको हुँदैन तर ईसाईहरूले गर्नु पर्ने कतिपय कामहरू गर्न खोज्छन् । यस प्रकारको धर्मले हामीलाई केही दिंदैन । खीष्ट हाम्रो हृदयमा बास गर्नुभयो भने हाम्रो आत्मा उहाँको प्रेम, आनन्द औ उहाँसितको संगतिले भरिन्छ औ हृदय उहाँ मै टाँसिएर बस्छ । उहाँको ध्यानमा आफैलाई भुलिन्छ र खीष्टलाई प्रेम गर्ने जीवनको मुख्य ध्येय बन्छ । यसरी परमेश्वरको प्रेमको अधिनमा आएका व्यक्तिहरूले थोरैमात्र परमेश्वरलाई चढाउँदैनन्, सबभन्दा तल्लो स्तरमा पनि बस्दैनन् तर मुक्तिदाताको सिद्धान्तलाई नै लक्ष्य बनाउँछन् । साँचो इच्छाले उनीहरू सब कुरा समर्पण गर्छन् र पुरा जोशसंग खीष्टतर्फ बढ्छन् । यस किसिमको गहिरो प्रेम बिना खीष्टलाई मान्छु भन्नु हल्का सुख्खा कुरा मात्र हुन्छ र त्यो जीवनको बोझले थिचिएको हुन्छ ।

खष्टिकहाँ सबैकुरा अर्पण गर्नु के तपाई ठूलो बलिदान भनी सम्झनु हुन्छ ? आफैलाई प्रश्न गर्नुहोस्, खीष्टले मलाई के दिनुभयो ? परमेश्वरको पुत्रले हाम्रा उद्धारका निम्ति आफ्नो जीवन, प्रेम दिनुभयो, तरै पनि हामी यति अयोग्य छौं कि संसारका कुराहरूका निम्ति परमेश्वरदेखि हाम्रो हृदय टाढा राख्छौं । जीवनको हरेक क्षणमा उहाँको अनुग्रहित आशिषको भागिदार हुन सक्छौं । औ हामीकहाँ आयौ भन्ने कुरा हामीले अनुमान गर्न पनि सक्तैनौं । के हामीले खीष्ट हाम्रा पापको

निम्ति छेडिनु भएको देखेर पनि उहाँको प्रेम र बलिदानको अवहेलना गरिरहेका छौं ? उहाँले हाम्रो निम्ति शर्म र ग्लानी सहनु पर्‍यो तर हामी उहाँको लागि दुःख उठाउनु पर्दा र होचिनु पर्दा गन-गन गर्छौं ?

धेरै अहंकारी हृदयले सोध्छन, " परमेश्वरले मलाई स्वीकार गर्नुभयो भन्ने आश्वासन पाउन मैले किन पश्चात्ताप गर्नु पर्ने र लज्जित बन्नु पर्ने ? यसको उत्तरका निम्ति म ख्रीष्टलाई नै देखाउँछु । उहाँ पापरहित हुनुहुन्थ्यो तर मानव जातिको निम्ति उहाँ पापी बन्नुभयो । यशैया ५३:१२ मा लेखिएको छ, "उहाँ अपराधीहरूको गन्तीमा गनिाभयो, तापनि  धेरैको पाप बोक्नुभयो र अपराधीहरूका निम्ति अर्जविन्ति गर्नुभयो ।"

हामीले सबैकुरा समर्पण गर्दा वास्तवमा के चाहिं दिन्छौं ? ख्रीष्टको रगत धुनलाई पापले अपवित्र भएको हृदय नै हो । तरै पनि मानिसलाई सबै कुरा त्याग्न कतिको कठिन लागेको । म यस्ता कुरा सुन्न र लेख्नमा पनि लज्जित हुन्छु ।

परमेश्वरले हामीलाई जुन कुराले फाइदा हुन्छ त्यो कुरा त्यागोस् भनेर भन्नु भएको होइन । उहाँ आफ्ना छोरा-छोरीहरूको शुभचिन्तक हुनुहुन्छ । यो बुझ्न आवश्यक छ कि जतिले ख्रीष्टलाई रोजेका छैनन् तिनीहरूका लागि ख्रीष्टसंग अति बहुमूल्य उपहारहरू छन् जो उनीहरूले खोजेर यस संसारमा पाउन सक्तैनन् । परमेश्वरको इच्छाको विरुद्ध जाँदा उसले आफ्नै आत्मालाई खति अनि अत्याचार गर्छ । परमेश्वरले सर्वोत्तम कुरा के हो जान्नु हुन्छ, औ आफ्ना जनहरुका निम्ति उहाँको आफ्नै योजना छ । निषेधित गरिएको मार्गमा हिड्नाले हामीलाई नै अशान्ति हुन्छ । पापको मार्ग दुःख औ विनाशको मार्ग हो ।

परमेश्वर आफ्ना बालकहरूले कष्ट पाएको हेर्न चाहनुहुन्छ भन्ने धारणा गलत हो । सारा स्वर्ग मानिसको सुख हेर्न उत्सुक छ । हाम्रा परमेश्वर पिताले आफ्नो ख्रीष्टको आनन्दको मार्ग बन्द गर्न चाहनु हुन्न । हामीमा कष्ट र निराशा ल्याउने, जीवनको सुख, शान्ति र स्वर्ग सबै थोकबाट अलग रहनु ईश्वरीय योजना होइन र संसारको मुक्तिदाताले मानिसलाई तिनीहरूकै अवस्थामा सारा घटी-कमी, असिद्धता औ दुर्वलता सहित ग्रहण गर्नुहुन्छ, औ उहाँले तिनीहरूको पाप मात्र धोई उहाँको रगतद्वारा मुक्तिमात्र दिनु हुन्न तर उहाँको जुवा बोक्न चाहनेहरूको इच्छा पनि पूर्ण गर्नुहुन्छ । जो कोही जीवनको रोटी खान आउँछन् तिनीहरूलाई शान्ति दिनु उहाँको उद्देश्य हो । हामीले कर्तव्य पालन गरेको उहाँ हेर्न चाहनुहुन्छ जसले हाम्रा कदमहरूलाई अझ उच्च

शान्तिमा लैजान्छन् र जुन अट्टेरीहरूले कहिले पनि पाउने छैनन् । साँचो आत्मिक आनन्दको अर्थ हो महिमाको आशा-ख्रीष्टको निम्ति भित्र बास ।

धेरैले सोध्छन्, "मैले कसरी आफैलाई परमेश्वर कहाँ अर्पण गर्ने ?" तपाईंले आफैलाई उहाँको हातमा सुम्पने इच्छा गर्नुहुन्छ तर तपाईंको नैतिक शक्ति दुर्वल छ, तपाईं शंका गर्नुहुन्छ, औ तपाईंको जीवन कुलतमा फसेको छ । तपाईंले गर्नुभएको प्रतिज्ञा र संकल्पहरू बालुवाका डोरी जस्ता छन् । तपाईं आफ्नो विचार, आवेग, स्नेह रोक्न सक्नु हुन्न । तोडिएको प्रतिज्ञा औ जफत गरिएको बन्धकी जस्तो भई तपाईंको विश्वासलाई कमजोर बनाउँछ औ परमेश्वरले तपाईंलाई ग्रहण गर्नु हुन्न भन्ने धारणा तपाईंमा आउँछ, तर निरुत्साही कदापि नबन्नुहोस् । तपाईंले वास्तविक शक्ति के हो भन्ने कुरा बुझ्नुपर्छ । यो चुन्ने शक्ति हो, जसले मानिसको स्वभाव माथि शासन गर्छ । प्रत्येक कुरा इच्छाले गरेको काम माथि निर्भर हुन्छ । परमेश्वरले मानिसहरूलाई छानविन गर्ने शक्ति दिनुभएको छ, औ यसको प्रयोग मानिसले नै गर्नुपर्छ । तपाईं आफै आफ्नो हृदय परिवर्तन गर्न सक्नु हुन्न । तपाईं आफैले हृदयको प्रेम परमेश्वरलाई दिन सक्नु हुन्न तर तपाईंले उहाँको सेवा गर्ने इच्छा गर्न सक्नु हुन्छ । आफ्नो इच्छा उहाँलाई दिन सक्नु हुन्छ । त्यसपछि मात्र उहाँले तपाईंलाई काम गराउनु हुन्छ । यसरी तपाईंको सम्पूर्ण स्वभाव ख्रीष्टको आत्माको अधीनमा ल्याइनेछ औ तपाईंको प्रेम उहाँमा केन्द्रित हुन्छ औ तपाईंको विचार उहाँमा केन्द्रित हुन्छ औ तपाईंको विचारसित मिल्छ ।

भलाई औ पवित्रताको इच्छा गर्नु चाहीं असल हो । तर इच्छा गरे जस्तै काममा पनि अघि बढ्नु पर्दछ, नत्रता इच्छा गरेर मात्र केही फाइदा हुँदैन । धेरै जनाले ईसाई बन्ने आशा औ इच्छा गर्दा गर्दै नाशको बाटो लिन्छन् । तर उनीहरू परमेश्वरलाई आफ्नो इच्छा समर्पण गर्दैनन् र अब वास्तविक ईसाई हुन चाहँदैनन् ।

इच्छा शक्तिको ठीक प्रयोगले तपाईंको जीवनमा अचम्मको परिवर्तन ल्याउनेछ । तपाईंको इच्छा ख्रीष्टमा अर्पण गर्नाले सर्वोच्च शक्तिसित तपाईंले सम्बन्ध जोड्नु हुनेछ, स्वर्गदेखि स्थिर रहने शक्ति पाउनु हुनेछ औ यसरी निरन्तर समर्पण गर्नाले नयाँ जीवन एवं विश्वासको जीवन बिताउन सक्नु हुनेछ ।

# ६ विश्वास र ग्रहण

पवित्रात्माद्वारा जब तपाईंको विवेक जागृत हुन्छ, तपाईंले पापको दुष्टताहरू यसको शक्ति, अपराध-विषद देख्न थाल्नुहुन्छ औ यसप्रति तपाईंको हृदयमा घृणा उब्जन्छ । शैतानिक शक्ति औ पापले तपाईंलाई परमेश्वरदेखि टाढा गरेको थाहा पाउन सक्नुहुन्छ । जति तपाईं यसदेखि भाग्न चाहनु हुन्छ उति नै यसको बशमा परेको थाहा पाउनु हुन्छ । तपाईंको उद्देश्यहरू अपवित्र हुन्छन्, किनभने तपाईंको हृदय अशुद्ध छ । आफ्नो जीवन स्वार्थ औ पापले भरिएको देख्नु हुन्छ । तपाईं आफ्नो पाप क्षमा भएको आफै शुद्ध भएको औ स्वतन्त्र भएको र उहाँसित मेल भएको देख्न चाहनुहुन्छ, तपाईंले यी सबै चीज प्राप्त गर्नलाई के गर्नु पर्छ ?

तपाईंलाई शान्तिको खाँचो छ । तपाईंलाई आत्मिक प्रेम शान्ति, स्वर्गबाट पाप क्षमाको आवश्यकता छ । पैसाले यो किन्न सकिंदैन, न ता ज्ञानद्वारा नै उपलब्ध गर्न सकिन्छ, बुद्धिले यो प्राप्त गर्न सकिंदैन, आफ्नै प्रयासद्वारा तपाईंले यो कहिले पनि भेटाउन सक्नुहुन्न । तर परमेश्वरले तपाईंलाई यो सित्तैमा उपहार स्वरुप "बिना पैसा र बिना दाममा" दिनुहुन्छ, (यशैया ५५:१) । तपाईंले इच्छा गर्नुभयो भने पाउनु हुन्छ, आफ्नो हात पसारेर यसलाई समाति हाल्नुहोस् । प्रभु भन्नुहुन्छ, "तिमीहरूका पाप सिन्दुरे रङ्गका भए तापनि ती सेतो ऊन जस्तै हुनेछन्", यशैया १:१८ । "म तिमीहरूलाई नयाँ हृदय दिनेछु, म तिमीहरू भित्र नयाँ आत्मा हलिदिन्छु," इजकिएल ३६:२६ मा भन्नुभएको छ, तपाईंले आफ्ना पापहरू स्वीकार गर्नु, अब तिनीहरूलाई हृदयदेखि निकाल्नुहोस् । आफैलाई परमेश्वरको हातमा सुम्पने संकल्प गर्नुभएको छ । अब उहाँकहाँ गई आफ्नो सारा पाप धोई, नयाँ हृदय माग्नुहोस् । त्यसपछि विश्वास गर्नुहोस् उहाँले यो गर्नु हुन्छ, किनभने उहाँले अघिबाटै प्रतिज्ञा गरी सक्नु भएको छ । परमेश्वरले प्रतिज्ञा गर्नुभएको उपहार हामीले पाउँछौं नै भनेर विश्वास गर्नुपर्छ, यही शिक्षा येशूले मानिसहरूलाई सिकाउनु भयो । रोगी बिरामीहरूले येशूको शक्तिमा विश्वास गर्दा उहाँले तिनीहरूलाई निको पार्नुभयो, उहाँको शक्तिमाथि विश्वास गर्दा येशूले तिनीहरूलाई सहायता गर्नुभयो । यही सब देखाएर

उहाँले पाप पनि क्षमा गर्न सक्नु हुन्छ भन्ने कुराप्रति उहाँले विश्वास गराउनुभयो । यो कुरा उहाँले एक बिरामीलाई निको पार्नु भएको समयमा स्पष्ट रुपमा बताउनु भएको छ, "मान्छेले पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्न अधिकार रहेछ भनी जान्न सक, उठ र आफ्नो ओछ्यान बोक र घर जाऊ ।" ख्रीष्टको आश्चर्य कर्महरूको बारेमा उल्लेख गर्दा यूहन्नाले पनि भनेका छन्, "यी लेखिएका छन् कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्न सिक र विश्वास गरेर तिमीहरूलाई उहाँको नाउँमा जीवन होस् ।" यूहन्ना २०:३१ ।

येशूले रोगीहरूलाई निको पार्नु भएको साधारण घटनाहरू पढेर उहाँले कसरी पापलाई क्षमा गर्नुहुन्छ भन्ने कुरा पनि हामीले सिक्न सक्छौं । बेथस्दाको दहको कूँजो मानिसको कथा हेरौं । विचरा त्यो मानिस असहाय थियो, अड्तिस वर्षदेखि उसले आफ्नो खुट्टा चलाउन सकेको थिएन तब पनि येशूले यसो भनी आज्ञा दिनुभयो, "उठ, आफ्नो ओछ्यान लिएर जाऊ ।" त्यो रोगीले यसो भन्न सक्थ्यो, हे प्रभु ! तपाईंले इच्छा गर्नुभयो भने म निको हुन्छु, म तपाईंको आज्ञा पालन गर्छु ।" तर होइन, उसले ख्रीष्टको वचनमा विश्वास गर्‍यो, उ निको भइसकेको छ भनी विश्वास गर्‍यो औ साँच्चै हिंड्यो पनि । ख्रीष्टको वचननुसार काम गर्‍यो औ परमेश्वरले उसलाई शक्ति प्रदान गर्नुभयो र उ निको भयो ।

यस्तै रीतले तपाईं एक पापी हुनुहुन्छ । अतीतको पापहरू धुन सक्नु हुन्न, आफ्नो हृदय परिवर्तन गरी आफैलाई परिवर्तन गरी आफैलाई पवित्र बनाउन सक्नु हुन्न । तर परमेश्वरले यी सबै कुरा ख्रीष्टद्वारा गर्छु भनी प्रतिज्ञा गर्नु हुन्छ । त्यस प्रतिज्ञा माथि विश्वास गर्नुहोस् । आफ्नो पाप स्वीकार गरी आफैलाई परमेश्वरको सेवाको लागि अर्पण गर्नुहोस् । यदि तपाईंले यो गर्नुभयो भने परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुनेछ । यदि त्यस प्रतिज्ञा माथि विश्वास गर्नुहुन्छ भने विश्वास गर्नुहोस् , तपाईंको पाप क्षमा भयो भनी परमेश्वरले यो कुरा बताउनु हुनेछ, जसरी कूँजो मानिसले आफू निको भएँ भनी विश्वास गर्दा ख्रीष्टले उसलाई हिंड्ने शक्ति दिनुभयो त्यसरी नै तपाईंले पनि विश्वास गर्नुभयो भने तपाईं पवित्र हुनुहुनेछ ।

आफू पवित्र भएको थाहा पाउञ्जेल नपर्खनोस्, तर यसो भन्नुस्, "म विश्वास गर्दछु, मैले सोचेको अनुसार होइन तर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ ।"

येशूले भन्नुभएको छ, " सबै कुरा जेको निम्ति तिमीहरू प्रार्थना गर्दछौ र माग्दछौ सो पाएका छौ भन्ने विश्वास राख" मर्कूस ११:२४ । यहाँ एउटा शर्त छ, "हामीले परमेश्वरको इच्छानुसार प्रार्थना गर्नुपर्छ । हाम्रो पाप धुन, हामीलाई उहाँको सन्तान बनाउन औ पवित्र जीवन बिताउने शक्ति प्रदान गर्न यी सबै परमेश्वरको इच्छा हो । यसकारण हामीले यी सबै आशिषहरू माग्न सक्छौं औ पायौ भनी विश्वास गर्न पनि सक्छौं औ परमेश्वरलाई तिनीहरूको निम्ति धन्यवाद दिन सक्छौं । येशूकहाँ पाप धोई माग्न जानु औ व्यवस्थाको अघि उभिनसक्नु हाम्रो अहोभाग्यको कुरा हो । "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन । किनभने ख्रीष्ट येशूमा जीवनको आत्माको व्यवस्थाले मलाई पाप र मृत्युको व्यवस्थाबाट स्वतन्त्र गराएको छ", रोमी ८:१ ।

अब उप्रान्त तपाईं, तपाईंको आफ्नै हुनुहुन्न, तपाईंलाई मूल्य दिएर किन्नुभएको छ, "नाश हुने पदार्थहरू अर्थात् चाँदी अथवा सुनले किनिएका होइनौं तर थुमाको निष्कलंक, निर्दोष र अनमोल रगतले अर्थात् ख्रीष्टको रगतले तिमीहरू किनिएका हौ", १ पत्रुस १:१८,१९ । यसरी साधारण रीतिले परमेश्वरमाथि विश्वास गर्नाले पवित्र आत्माले तपाईंको हृदयमा काम गरी नयाँ जीवनको आभाव पाउनुहुनेछ । परमेश्वरको परिवारमा तपाईं एक नयाँ जन्मेको बालक झैं हुनुहुनेछ औ उहाँले तपाईंलाई आफ्नो पुत्रलाई जस्तै प्रेम गर्नु हुनेछ ।

अब येशूको हातमा आफैलाई अर्पण गरेपछि फेरि कदम पछि नहटाउनुहोस्, उहाँदेखि टाढा नजानुहोस्, बरु प्रत्येक दिन "म ख्रीष्टको हुँ औ म उहाँमा समर्पण भईसकको छु" भन्नुहोस् औ उहाँको अनुग्रहमा हिंड्न उहाँसंग पवित्रात्माको दान माग्नुहोस् । आफैलाई अर्पण गरेर उहाँ माथि विश्वास राख्नाले तपाईं परमेश्वरको बालक बन्नुहुन्छ औ तपाईंले उहाँकै जस्तो चाल चल्नुपर्छ । पावल प्रेरितले कलस्सी २:६ मा यसो भनेका छन्, "जसरी हामीले येशू ख्रीष्टलाई ग्रहण गर्‍यौं, त्यसैगरी विश्वासमा दृढ भएर उहाँकै चाल चल ।"

कतिले सम्झन्छन्, "आशिष्को दाबी गर्न अघि तिनीहरू जाँचको समयमा बस्नै पर्छ औ परमेश्वरको अघि जीवनमा सुधार आएको छ भनी प्रमाण गरी नै रहनु पर्छ । तर अहिले पनि तिनीहरूले त्यो आशिष दाबी गर्न सक्छन् । तिनीहरूको दुर्बलतामा सहायता गर्न औ पापदेखि टाढा राख्नका निम्ति ख्रीष्टको आत्मा औ अनुग्रह छदैंछ । ख्रीष्टले हामी हाम्रै पापी असहाय, पराश्रित अवस्थामा उहाँको चरणमा

पश्चात्तापी भई आउनु पर्छ । उहाँले हामीलाई प्रेमसाथ आफ्नो अंगालोमा बाँधी सबै अशुद्धताहरू धुनु हुनेछ र उहाँको महिमा हाम्रो चारैतिर चम्किने छ ।

हजारौं मानिसहरू यही कुरामा चुक्छन्, "येशूले तिनीहरूलाई व्यक्तिगत क्षमा दिनु हुन्छ भनी तिनीहरूले विश्वासै गर्न सक्तैनन् । परमेश्वरलाई उहाँको वचन अनुसार विश्वास गर्दैनन् । उहाँको शर्तहरू पालन गर्नेहरूले पाप क्षमाको अधिकार पाएको हुन्छ । तपाईंको निम्ति पनि उहाँको प्रतिज्ञा उत्तिनै प्रभावशाली हुन्छ । यो प्रत्येक पश्चात्ताप गर्ने अपराधीको निम्ति हो । विश्वास गर्ने आत्माहरूलाई ख्रीष्टले शक्ति औ अनुग्रह प्रदान गर्नु हुनेछ । येशू ख्रीष्टको रगतद्वारा शुद्ध नहुने कुनै पापै छैन । उहाँ हाम्रा पापले कलंकित भएको वस्त्र उतारी धार्मिकताको सेतो वस्त्र पहिऱ्याई दिन पर्खिरहनु भएको", "पापमा नमर" भनी उहाँले बिन्ति गर्नु हुन्छ ।

परमेश्वरको स्वभाव मानिसहरूको स्वभाव जस्तो हुँदैन । उहाँको विचार प्रेममय, कृपामय औ स्नेहमय हुन्छ । उहाँ भन्नुहुन्छ, "दुष्टहरूले आफ्नो बाटो र अधर्मीहरूले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नु हुनेछ, हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् औ उहाँले त्यसलाई प्रशस्त गरी क्षमा गर्नु हुनेछ," यशैया ५५:७ । "मैले तिम्रो अपराधहरू बादल झैं र तिम्रा पापहरू कुइरो झैं हटाई दिएँ", यशैया ४४:२२ ।

"कसैको मृत्युमा म प्रसन्न हुन्न । यसैकारण फर्क र बाँच, परमप्रभु भन्नुहुन्छ" इजकिएल १८:३२ । परमेश्वरको यस स्वर्गीय आश्वासनलाई शैतान चोर्न सदैव तत्पर रहन्छ । आत्मिक ज्योति औ आशाको एक झलकसम्म पनि मानिसले नपाओस् भनी त्यो चाहन्छ । तर तपाईं शैतानको यो चालदेखि सतर्क रहनुपर्छ । शैतानको कुराप्रति ध्यान नदिनुहोस् तर आफैलाई भन्नुहोस्, "म जीवित हुनको निम्ति येशू मर्नु भएको छ । मेरो परमेश्वर पिता अति करुणामय हुनुहुन्छ । मैले उहाँको प्रेम औ आशिषको अवहेलना गरे तापनि अब म उठेर पिताकहाँ जानेछु र भन्छु, " हे पिता मैले स्वर्गको विरुद्ध र तपाईंको दृष्टिमा पाप गरेको छु । अब उप्रान्त म तपाईंको छोरा भनिन योग्यको छैन । मलाई तपाईंका ज्यलादारी नोकरहरू मध्ये एउटा बनाउनुहोस् । "तर त्यो अझै टाढै छँदा त्यसका बाबुले त्यसलाई देखेर र दयाले भरिए औ कुदेर गई त्यसको गलामा तिनले अङ्गालो हालेर त्यसलाई चुम्बन गरे" लूका १५:१८-२० ।

यो कथा संवेदनशील औ हृदय विदारक भए तापनि परमेश्वरको असीमित प्रेमको तुलनामा कम नै हुन्छ । परमेश्वरले आफ्नो भविष्यबक्ताद्वारा भन्नुभएको छ, "अनन्त प्रेम मैले तिमीलाई गरेको छु । यसकारण तिमी प्रति मैले मेरो विश्वास योग्यता कायम राखेको छु" यर्मिया ३१:३ । दुष्ट छोराले टाढा देशमा सारा सम्पति पापमा खर्च गर्दा गर्दै नै बाबुको हृदय उसको निम्ति तृषित बन्छ । जब पापीको आत्मा परमेश्वरतर्फ फर्केर जान उत्सुक बन्छ त्यो चाहीं वास्तवमा परमेश्वरकै आत्माको काम हो जसले भड्केका मानिसहरूलाई स्वर्गीय पिताकहाँ आउनलाई बोलाउँछ र बिनयपूर्वक काम गर्दछ ।

बाइबलको बहुमूल्य प्रतिज्ञाहरू तपाईंकै अघि हुँदा हुँदै पनि के तपाई अझै शंका नै गर्नु हुन्छ ? कुनै एक दुःखी पापी परमेश्वरकहाँ पाप क्षमाको निम्ति चरणमा आउँदा उहाँलाई तिरस्कार गर्नु हुन्छ ? यस्ता सोच नै नगर्नुहोस् परमेश्वरले यस्तो कदापि गर्नु हुन्न । उहाँले पापलाई घृणा गर्नु हुन्छ, तर पापीहरूलाई प्रेम । त्यसैले नै उहाँले आफैलाई खीष्टको रुपमा हामीहरूका निम्ति दिइहाल्नुभयो । सबैले पापदेखि उद्धार पाओस् र उहाँको अनन्त राज्यमा प्रवेश गरोस् भन्ने उहाँको इच्छा छ । यो भन्दा कठोर अथवा कोमल भाषा उहाँले कसरी चुन्नुभयो जब उहाँको प्रेम हामीहरूमाथि कतिको छ भनी देखाउँछ । "के कुनै स्त्रीले आफ्नो दुधे बालकलाई बिर्सन सक्छे र ? आफ्नो गर्भको बालकलाई के त्यसले टिठाउँदिन र ? यिनीहरूले बिर्सन पनि सक्छन्, तर म त तिमीलाई बिर्सन सक्तिन," यशैया ४९:१५ । माथि हेर, जो शंकालु र भयभित छौ । येशू हाम्रा निम्ति अन्तर बिन्ति गर्न जीवित रहनु हुन्छ । परमेश्वरलाई उहाँको पुत्रको निम्ति धन्यवाद दिनोस् । खीष्टको मृत्यु तपाईंको लागि खेर नजाओस् भनेर प्रार्थना गर्नुहोस् । आज आत्माले तपाईंलाई निमन्त्रणा दिइरहेको छ । अफ्नो सम्पूर्ण हृदय सहित येशूमा आउनुहोस् औ उहाँको आशिष दाबी गर्नुहोस् ।

तपाईंले उहाँको प्रतिज्ञाहरू पढ्दा याद राख्नोस्, ती अवर्णनीय प्रेम औ दयाका अभिव्यक्ति हुन् परमेश्वरको महान् हृदय असीम दया सहित पापी तर्फ खिचिएको हुन्छ । "उहाँको रगतबाट उद्धार अर्थात् उहाँको अनुग्रहको धन अनुसार अपराधहरूको क्षमा हुन्छ" एफिसि १:७ । केवल परमेश्वर तपाईंको सहायक हुनुहुन्छ भनी विश्वास गर्नुहोस् । उहाँ आफ्नो धार्मिक स्वरुप मानिसमा पुनः निर्माण गर्न चाहनु हुन्छ । जसरी तपाई पाप स्वीकार र पश्चात्ताप गरी उहाँको नजिक आउनु हुन्छ, उहाँ पनि दयावान्, कृपावान् औ क्षमाशील बनी तपाई कहाँ लम्किनु हुनेछ ।

# ७ चेलापनको जाँच

"यदि कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हुन्छ । पुराना कुराहरू बितिसके । हेर, ती नयाँ भइसकेका छन्" २ कोरिन्थी ५:१७ ।

कसैले उद्धारको निश्चित समय, स्थान औ परिस्थिति बताउन सकेन भने, त्यसको उद्धार भएको छैन भन्ने प्रमाण होइन । ख्रीष्टले निकोदेमसलाई भन्नुभयो, "बतास जता इच्छा गर्छ त्यतै बहन्छ । तिमी त्यसको आवाज सुन्छौ तर कहाँबाट आउँछ र कता जान्छ त्यो तिमी जान्दैनौ । आत्माबाट जन्मेको हरेक त्यस्तै हुन्छ", यूहन्ना ३:८ । जसरी बतास अदृश्य भएतापनि त्यसको प्रभाव देखिन्छ तथा अनुभव गर्न सकिन्छ, त्यसरी नै मानव हृदयमा परमेश्वरको आत्माको काम पनि थाहा पाउन सकिन्छ । मान्छेको आँखाले देख्न नसकिने गरी पुनरुत्थानको शक्तिले आत्माभित्र एक नवीन जीवन शुरु गर्छ । मानिसलाई नयाँ स्वभावमा सृष्टि गर्छ । आत्माले चुपचाप अति सुक्ष्म रुपले काम गर्दै जान्छ, औ यसको असर प्रकट हुँदै जान्छ । परमेश्वरको आत्माद्वारा तपाईंको हृदय नयाँ भएको छ भन्ने तपाईंको जीवनले प्रमाण दिन्छ । तर हामी आफैले चाहीं हृदय परिवर्तन औ परमेश्वरसित मिलाप गर्न सक्तैनौ । हामीले यी सबैका निम्ति आफैमा औ भलो कामहरूमा भर पर्नु हुँदैन । हाम्रो जीवनले नै परमेश्वरको अनुग्रह हामीमा बास गरेको छ कि छैन भनी देखाउँछ । हाम्रो चरित्र, बानी व्यवहार र चासोमा परिवर्तन आउँछ । हामी के थियौं र अहिले के भएका छौं भन्ने भिन्नता स्पष्ट बुझिन्छ । हाम्रो वास्तविक चरित्र, बेला-बेलामा देखिने असल या खराब कामले प्रकट हुँदैन, तर हाम्रो आदत बसेको बोली-व्यवहारको नियमित झुकावले नै हाम्रो खास चरित्र देखाउँछ ।

यो सत्य हो कि ख्रीष्टको शक्ति बिना पनि हाम्रो चाल चलन र आचरणमा सुधार ल्याउन सकिन्छ । ख्याति औ मान मर्यादाको इच्छाले राम्रो अनुशासित जीवन बिताउन सकिन्छ । आफ्नो इज्जतको डरले मानिसहरू दुष्टतादेखि अलग बस्छन् । स्वार्थी हृदयले पनि बेला-बेलामा दयालु काम गरेको देखिन्छ, अब मानिसले यी कामहरू ख्रीष्टको प्रभावमा गरेको हो कि होइन भनी कसरी चिन्ने र हामी कस्को पक्षमा छौं भनेर कसरी जान्ने ?

हाम्रो मन के मा छ ? हाम्रा विचार दिन-रात कहाँ छन् ? हामी कुन विषयमा बातचित गर्न रुचाउँछौं ? कस्को निम्ति हाम्रो प्रेम औ शक्ति खर्च गर्दछौं ? यदि हामी ख्रीष्टका हौं भने हाम्रा विचारहरू पनि उहाँसित औ उहाँकै निम्ति हुन्छन् । हाम्रा जे जत्ति छन् ती सबै उहाँको लागि छुट्याइएको हुन्छ । हामी सँधै उहाँको रुपमा देखिन माग्छौं, उहाँकै आत्मामा बाँच्न चाहन्छौं औ प्रत्येक काममा उहाँलाई प्रसन्न राख्नेछौं ।

येशू ख्रीष्टमा नयाँ सृष्टि भएकाहरूले आत्माको फल फलाउँछ, जस्तै - "प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाई, विश्वसनीयता, नम्रता एवं संयम" गलाती ५:२२-२३ । उनीहरू पहिला जस्तै अभिलाषी जीवनमा बस्न चाहँदैनन् तर विश्वासद्वारा परमेश्वरको पुत्रको पाइलामा हिंड्छन्, उहाँकै चरित्र झल्काउँछन औ उहाँ झैं पवित्र बन्दै जान्छन् । पहिले घृणा गर्ने कुरालाई अब प्रेम गर्न थाल्छन् औ पहिले प्रेम गरेको कुरालाई अब घृणा गर्न थाल्छन् । अहंकारी औ आफ्नै अधिकारमा दृढ रहने व्यक्ति अब नम्र औ दीन बन्छ । व्यर्थको हल्ला र खोक्रो मानिस अब गम्भीर औ सतर्क बन्छ । मतवालाहरू सज्जन बन्छन्, चरित्रहीनहरू पवित्र बन्छन् । संसारको व्यर्थको रीति रिवाज औ फैसनदेखि टाढा रहन्छन् । ईसाईहरूले बाहिरी श्रृङ्गार खोज्दैनन् "तर नम्रता र शान्त आत्माको अविनाशी पोशाक लगाएको हृदयको त्यो गुप्त मानिस होस्, जो परमेश्वरको दृष्टिमा ठूलो मोलको हुन्छ" १ पत्रुस ३:३-४ ।

काममा सुधार नल्याएसम्म साँचो पश्चात्तापको प्रमाण पाईंदैन । धरौटीको सामान छ भने फर्काईदिनु पर्छ, कसैको केही लुटेको छ भने क्षतिपूर्ति गरिदिनु पर्छ, पाप स्वीकार गर्नुपर्छ, औ मानिसलाई प्रेम गर्नुपर्छ औ पापी मृत्युदेखि नयाँ जीवनमा प्रवेश गरेको छु भन्ने कुरामा निश्चित हुनुपर्छ ।

जब हामी भूल गरिरहने मानिस झैं ख्रीष्टको शरणमा आउँदछौं, तब ख्रीष्टको क्षमाशील अनुग्रहको भागीदार हुन्छौं र हृदय प्रेम र आनन्दले भरिन्छ । हरेक बोझ हल्का बन्छ, कारण ख्रीष्टको जुवा हल्का र सजिलो हुन्छ । कामहरू सहजतापूर्वक गरिन्छ औ बलिदान पनि सहर्ष गरिन्छ । अघिको अंधकारपूर्ण बाटो अब सूर्यरुपी धार्मिकताको ज्योतिको किरणले उज्यालो हुनेछ ।

प्रेमिलो ख्रीष्टको चरित्रको सुन्दरता उहाँको चेलाहरूमा देखिन्छ । ख्रीष्टको जीवनको एकमात्र उद्देश्य नै परमेश्वर पिताको इच्छा अनुसार जीवन बिताउनु थियो । उहाँले यस संसारमा छँदा परमेश्वर पिताको प्रेम औ महिमाको निम्ति अत्यन्त चिन्ता राख्नु हुन्थ्यो । उहाँको सबै

कामहरू सुन्दर औ प्रभावशाली हुन्थ्यो । प्रेम परमेश्वरदेखि पाइन्छ अपवित्र हृदयदेखि यस्ता कुराहरू पैदा हुन सक्तैन । येशूले राज्य गरेको हृदयमा मात्र यो पाउन सकिन्छ । "हामी प्रेम गर्दछौं किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो ।" १ यूहन्ना ४:१९ । ईश्वरीय अनुग्रहले परिवर्तित भएको हृदयको मूल मन्त्र प्रेम हुन्छ । यसले चरित्रमा हेरफेर ल्याउँछ, भावनालाई चलाउँछ, आवेगलाई वशमा राख्छ, शत्रुतालाई दमन गर्छ औ स्नेहलाई उच्च स्थान दिन्छ । आत्मादेखि उत्पन्न भएको यो प्रेमले जीवनलाई सुखमय बनाउँछ औ वरिपरि परिष्कृत प्रभाव फैलाउँछ ।

सबै विश्वासीहरूले, विशेष गरी ती नयाँ विश्वासीहरूले जो परमेश्वरमा भरोसा राख्न सिकेका छन् । दुई कुराप्रति सतर्क रहनुपर्छ । पहिलोचाहिँ आफ्नै कामहरूलाई हेर्नु हुँदैन । परमेश्वरसँग मिलाप राख्नका निम्ति हाम्रो काममाथि भरोसा गर्नु हुँदैन । जसले व्यवस्था पालन गरेर आफ्नै कामहरूद्वारा पवित्र बन्न चाहन्छ उसले असम्भव काम गर्ने प्रयत्न गरेको हो । ख्रीष्टबिना जे जति मानिसहरूले गर्छन त्यसमा स्वार्थ र पाप हुन्छ । ख्रीष्टको अनुग्रहले मात्रै विश्वासद्वारा हामी पवित्र बन्छौं । दोस्रो यसको विपरीत अनि उत्तिनै खतरनाक भूलचाहिँ ख्रीष्टमा आएपछि व्यवस्था पालन गर्नु पर्दैन तर विश्वासद्वारा मात्रै हामी ख्रीष्टको अनुग्रहमा सहभागी बन्छौं । हाम्रो उद्धारसँग हाम्रा कर्महरूको कुनै सम्बन्ध छैन भन्नु हो ।

आज्ञापालन भनेको बाहिरी तौरले पूरा गर्नु मात्र होइन, तर यो प्रेमको काम हो । परमेश्वरको व्यवस्था उहाँकै स्वभावको प्रतीक हो । त्यही व्यवस्थामा प्रेमको महान् सिद्धान्त अंकित छ र व्यवस्था नै स्वर्ग र पृथ्वीको प्रशासनको आधार हो । यदि हाम्रा हृदयहरू परमेश्वरको स्वरुपमा बदलिएको छ भने, यदि दिव्य प्रेम हाम्रो आत्मामा रोपिएको छ भने के हाम्रो जीवनले परमेश्वरको व्यवस्था प्रकट गर्दैन र ? जब मानिसको हृदयमा प्रेम रोपिन्छ र उहाँको स्वरुपमा मानिस बदलिन्छ तब नयाँ प्रतिज्ञा पनि पूरा हुन्छ । "म मेरो व्यवस्था तिनीहरूका हृदयमा राखिदिन्छु अनि तिनीहरूको मनमा त्यो लेखिदिनेछु," हिब्रु १०:१६ । यदि व्यवस्था नै हृदयमा लेखियो भने जीवनमा सुधार आउनै पर्छ । आज्ञाकारिता, सेवा औ प्रेम चेलापनका मूख्य गुणहरू हुन् । यसैले १ यूहन्ना ५:३ औ २:४ मा यसो भनिएको छ - "हामीले उहाँका आज्ञा पालन गर्नु नै परमेश्वर प्रति प्रेम हो", उहाँलाई चिन्छु भन्ने तर उहाँको आज्ञापालन नगर्ने चाहीं झूठा हो र त्यसमा सत्य हुँदैन ।" व्यवस्थाको

पालनदेखि मानिसलाई छुटकारा दिनुको सट्टामा विश्वास, विश्वासले नै खीष्टको अनुग्रह पाउँछौं औ त्यही विश्वासले उहाँका आज्ञाहरू पालन गरेर आज्ञाकारी बन्ने क्षमता पनि प्रदान गर्दछ ।

हामीले, हाम्रा आज्ञाकारिताद्वारा मुक्ति पाउन सक्तैनौं, किनभने मुक्ति परमेश्वरले सित्तैंमा दिनुभएको दान हो र यो विश्वासद्वारा ग्रहण गरिन्छ । तर आज्ञाकारिता विश्वासको फल हो । "पापहरू हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने तिमीहरू जान्दछौ, औ उहाँमा पाप छैन । उहाँमा रहिरहने हरेकले पाप गर्दैन, पाप गर्ने हरेकले उहाँलाई देखेको हुँदैन, तर उहाँहरूलाई चिन्दैन" १ यूहन्ना ३:५-६ । यो सत्य जाँच हो- यदि हामी खीष्टसित नै बस्यौं औ यदि परमेश्वरको प्रेम हामी भित्र बास गर्छ भने हाम्रो भावना, हाम्रो विचार, हाम्रो अभिप्राय, हाम्रो कर्म, सबैले परमेश्वरको इच्छानुसार व्यवस्थामा १ यूहन्ना ३:७ मा भने झैं हुन्छ- "हे मेरा बालक हो, कुनै मानिसले तिमीहरूलाई बराल्न नपाओस् । जसले ठीक काम गर्छ त्यो धार्मिक हुन्छ, जस्तो उहाँ पनि धार्मिक नै हुनुहुन्छ ।" धार्मिकताको परिभाषा परमेश्वरको पवित्र आज्ञाहरूले गर्दछन् जो दश आज्ञाहरूको रुपमा सिनै पहाडमा दिइएको थियो ।

खीष्टमा विश्वास गर्नेहरू परमेश्वरतर्फ आज्ञाकारी भएनन् भने त्यो विश्वासै होइन, तर त्यो त एउटा भ्रान्तिमात्र हो । किनभने एफिसि २:८ मा लेखिएको छ- "तिमीहरूले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौ", फेरि याकूव २:१७ मा यसरी लेखिएको छ "यसै गरी विश्वास पनि कार्यरहित छ भने त स्वयं मरेको तुल्य हुन्छ ।" येशू यस संसारमा आउनु भन्दा पहिले नै उहाँले आफ्नो बारेमा भन्नुभएको थियो- "हे मेरा परमेश्वर तपाईंको इच्छा बमोजिम गर्न म प्रसन्न छु, तपाईंको व्यवस्था मेरो हृदयमा छ", भजन संग्रह ४०:८ । स्वर्गारोहण हुनु अघि येशूले फेरि यो घोषणा गर्नुभयो, "मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु", यूहन्ना १५:१० । पवित्र शास्त्रले भन्छ कि "यदि हामीले उहाँका आज्ञा पालन गर्‍यौं भने यसैबाट हामीले उहाँलाई चिन्दा रहेछौं भन्ने हामीले थाहा पाउँछौं । उहाँमा रहन्छु भन्नेले आफै पनि उहाँको चाल अनुसार चल्नु पर्छ" १ यूहन्ना २:३-६ । "यसैका निम्ति तिमीहरू बोलाइएका हौ । किनभने तिमीहरूले उहाँका पाइलामा टेकेर हिंडुन भनी एक उदाहरण तिमीहरूलाई दिएर खीष्टले पनि तिमीहरूका निम्ति दु:ख भोग्नुभयो," १ पत्रुस २:२१ ।

अनन्त जीवनको शर्त शुरुदेखि आजसम्म एउटै छ- हाम्रा आदि माता-पितालाई अदनको पवित्र बगैंचामा पापको प्रवेश अगाडी दिइएको -सिद्धरुपमा आज्ञाकारी बन्नु, सिद्ध धार्मिक बन्नु । यो कुरा बाहेक अरु कुनै कुरामा अनन्त जीवन प्रदान गरीएको हुँदो हो त सारा विश्व नै खतरामा हुने थियो । पाप गर्ने बाटो खोलिने थियो र दुःखको लहरहरू पनि अमर हुने थियो ।

आदमलाई आफू पतन हुनु अघि परमेश्वरको व्यवस्था पालन गरी आफैमा धार्मिक चरित्र निर्माण गर्ने सम्भावना थियो । तर तिनी यसमा चुके ! तिनको पापको कारणले हाम्रो स्वभावको पनि अधोपतन भयो औ हामीले आफैलाई धार्मिक तुल्याउन सक्तैनौं हामी पापी औ अपवित्र भएको कारण हामीले पवित्र व्यवस्थाको पूर्ण पालन गर्न सक्तैनौं । परमेश्वरको व्यवस्थाले दावी गरे बमोजिम पूरा गर्ने धार्मिकता हामीमा छैन । तर खीष्टले हाम्रा निम्ति एउटा मार्ग तयार पार्नु भएको छ । यस संसारमा हामीले झेल्नु परेका जाँच औ परिक्षाहरू उहाँले पनि झेल्नुभयो । तर पनि उहाँले पापरहित जीवन बिताउनुभयो औ हाम्रा निम्ति मर्नुभयो उहाँले हाम्रा पापहरू उठाउनुभयो र उहाँको धार्मिकता हामीलाई दिनुभयो । तपाईंले आफैलाई उहाँको हातमा समर्पण गर्नुभयो भने र उहाँलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गर्नुभयो भने त तपाईं जत्तिकै पापी भए तापनि उहाँको खातिर तपाईं धर्मी कहलाउनु हुनेछ । तपाईंले कहिल्यै पाप नगरेको जस्तै गरी परमेश्वरको अघि निष्पाप ग्रहण योग्य हुनुहुनेछ ।

यो भन्दा अझ बढी खीष्टले तपाईंको हृदयको परिवर्तन गर्नुहुन्छ । उहाँ तपाईंको हृदयमा विश्वासद्वारा बास गर्नुहुन्छ । खीष्टसितको यो सम्बन्धमा तपाईंले विश्वासद्वारा आफैलाई निरन्तर उहाँको इच्छामा अर्पण गरेर बस्नुपर्छ, तपाईंले यसो गर्दा उहाँले तपाईं भित्र उहाँको इच्छा बमोजिम काम गर्नुहुन्छ, औ तपाईंले यो भन्न सक्नु हुनेछ- "जुन जीवनमा अहिले म शरीरमा जिउँछु, परमेश्वरका पुत्रको विश्वासमा जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई समर्पण गर्नुभयो," गलाती २:२० । यसकारण येशूले चेलाहरूलाई भन्नुभयो, "बोल्ने तिमीहरू आफै हुने छैनौ तर तिमीहरूमा भएर तिमीहरूका पिता आत्माद्वारा बोल्नु हुनेछ", मत्ती १०:२० । खीष्ट तपाईं भित्र काम गर्नु हुँदा पनि तपाईंमा त्यही आत्मा प्रकट हुन्छ, तपाईं पनि त्यही सुकर्महरू औ धार्मिक कामहरू गर्नु हुनेछ औ आज्ञाकारीहरू बन्नु हुनेछ ।

यसैले हामी आफैमा घमण्ड गर्ने कुरा केही छैन । आफैलाई उचाल्ने कुनै आधार छैन । हाम्रो आशाको एउटै आधार नै खीष्टको धार्मिकता हो जो हामीलाई दिइएको छ, जुन चाहीं उहाँको आत्माले हामीमा र हामीद्वारा प्रकट गर्नुहुन्छ ।

जब हामी विश्वासको कुरा गर्छौं त्यहाँ हामीले चिन्नु पर्ने एउटा भिन्नता छ । थाहा गर्नु, विश्वास गर्नु, भन्दा बेग्लै कुरा हो, परमेश्वरको अस्तित्व र शक्ति उहाँको वचनको सत्यता यस्ता कुराहरू जुन चाहीं शैतान र त्यसका फौजले पनि इन्कार गर्न सक्तैन । बाइबलले बताउँछ कि शैतान पनि विश्वास गरेर थरथर काम्दछ- याकूव २:१९ । तर यो विश्वास होइन । परमेश्वरको वचन थाहा हुने मात्र होइन तर हाम्रो उद्देश्य नै उहाँमा समर्पित छ र हाम्रा इच्छाहरू उहाँमै केन्द्रित छ भने त्यो विश्वासचाहीं साँचो हो । विश्वास जसले प्रेमद्वारा काम गर्छ र आत्मालाई शुद्ध गर्छ, यही विश्वासले हाम्रो हृदय परमेश्वरको स्वरुपमा बदलिंदै जान्छ । नबदलिने हृदयले परमेश्वरको व्यवस्था पालन गर्न सक्तैन तर त्यो चाहीं अब परिवर्तन भएर भजनका लेखकसँगै भन्छ- “अहा ! तपाईंको व्यवस्थालाई म कस्तो प्रेम गर्दछु ! दिनभरी मेरो ध्यान त्यसैमा रहन्छ” भजन संग्रह ११९:९७ । व्यवस्थाको धार्मिकता चाहीं हामीमा पुरा हुन्छ “जो शरीर अनुसार होइन तर आत्मा अनुसार हिंड्दछ ।”

यस्ता व्यक्तिहरू पनि हुन्छन् जसले खीष्टको क्षमा अनुभव गरेका छन्, जो साँच्चै नै परमेश्वरका छोरा-छोरी बन्न मन पराउँछन्, तर उनीहरूले चाल पाउँछन् कि उनीहरूको चरित्रमा केही खोट छ, जीवनमा दोषहरू छन् र साँच्चै पवित्रात्माले उनीहरूको हृदयमा काम गर्नुभएको छ ? के भनी उनीहरू शंका गर्छन् । यस्ता मानिसहरूलाई मेरो सल्लाह यही छ कि उनीहरू निराश भएर पछि नहटुन् । हामीले धेरैचोटी झुकेर येशूको पाउमा रुनुपर्छ । किनभने हामीमा कमी-घटी भूलहरू छन् र हामी निरुत्साह बन्नु हुँदैन । शत्रुले हामीलाई जित्यो भने पनि हामी त्यागिने छैनौं, आफलिने छैनौं, परमेश्वरको हातबाट फ्याँकिने छैनौं । खीष्ट परमेश्वरको दाहिने हातमा बसेर हाम्रो लागि अन्तर - बिन्ति गर्नुहुन्छ । यूहन्नाले लेखेका थिए- “हे मेरा साना केटा-केटी हो, तिमीहरूले पाप नगर भनी यी कुराहरू म तिमीहरूलाई लेख्दछु । औ कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रा एक सहायक हुनुहुन्छ, अर्थात् धार्मिक येशू खीष्ट”, १ यूहन्ना २:१ । अनि खीष्टको वचन पनि नभुल्नुहोस् “पिता आफैले तिमीहरूलाई प्रेम गर्नुहुन्छ”, यूहन्ना १६:२७ ।

उहाँले आफैसँग तपाईंलाई जोड्न चाहनुहुन्छ । उहाँकै शुद्धता र पवित्रता प्रतिविम्वित भएको उहाँ देख्न चाहनुहुन्छ । यदि तपाईंमा असल काम शुरु गर्नुभयो, त्यो उहाँले खीष्ट येशूको दिनसम्म पूरा गर्नुहुन्छ । अझ जोशसँग प्रार्थना गर्नुहोस्, अझ पूरा विश्वास गर्नुहोस् । हाम्रो आफ्नो शक्तिलाई विश्वास गर्न सिकौं ।

अनि हामी उहाँलाई प्रशंसा गर्नेछौं, जो हाम्रो मुहारको ज्योति हुनुहुन्छ ।

तपाईं येशूको जति नजिक आउनु हुन्छ, आफ्नो नजरमा उत्तिनै दोषी देखा पर्नुहुन्छ किनभने तपाईंको दृष्टि सफा हुँदै जान्छ र उहाँको सिद्ध स्वभावको अगाडी आफ्नो स्वभाव र प्रवृत्तिहरू छर्लङ्ग देख्नुहुन्छ । शैतानले सृजना गरेको भ्रान्तिहरू कमजोर भएको प्रमाण यही हो र परमेश्वरको आत्माको प्रभावले तपाईंलाई जागृत बनाएको हुन्छ ।

आफ्नो पापमय अवस्था बुझ्न नसक्ने हृदयमा येशूको प्रेमले गहिरो बास लिन सक्तैन । खीष्टको अनुग्रहले परिवर्तन गरेको आत्माले उहाँको दिव्य स्वभावलाई प्रशंसा गर्दछ, तर हामीले हाम्रो नैतिक अवनति थाहा पाउन सकेका छैनौं भने त्यसैले प्रमाण दिन्छ कि खीष्टको अपूर्व सुन्दरता र उत्तमतालाई हामीले देखेका छैनौं ।

जती हामीले आफैमा घमण्ड गर्ने थोरै कुरा भेट्टाउँछौं उत्तिनै धेरै हाम्रो मुक्तिदाताको अनन्त शुद्धता र सुन्दरतामा हामी गौरवान्वित बन्न सक्छौं । साँचो रुपले हाम्रो पापमय अवस्थालाई नियालेर नै हामी उहाँकहाँ पुग्दछौं, जसले क्षमा दिनु हुनेछ । आफ्नो असहाय अवस्थालाई चाल पाएर खीष्टमा दौड्ने आत्मालाई उहाँले आफ्नो शक्ति जाहेर गरी दिनुहुन्छ । हाम्रो खाँचो बुझेर जत्ति हामी उहाँकहाँ र उहाँको वचनतिर अग्रसर बन्छौं उहाँको चरित्रको उच्च अवस्थालाई हामी उत्तिनै धेरै हामी उहाँको स्वरुपलाई झल्काउन सक्छौं ।

# ८ ख्रीष्टमा बढ्नु

हृदयको परिवर्तनद्वारा हामी परमेश्वरका छोरा-छोरी बन्छौं । त्यसलाई बाइबलमा नयाँ जन्म भनिन्छ । यसलाई बारीमा छरेको असल बिऊसित पनि तुलना गरिएको छ । ईसाईहरु भर्खरै जन्मेका बालकहरू जस्ता हुन् अब तिनीहरू ख्रीष्टको स्वरुपमा बढ्दै जानुपर्दछ । बारीमा रोपेको असल बिऊ झैं तिनीहरू बढेर असल फल फलाउनु पर्छ । यशैया ६१:३ मा यस सम्बन्धमा यसो भनिएको छ- "परमप्रभुले नै रोप्नु भएको धर्मको वृक्ष कहलाउन र उहाँको महिमा होस् ।" यसरी वास्तविक जीवनको स्पष्ट बुझिने चित्रहरूद्वारा आत्मिक जीवनको रहस्यमय कुराहरू सहजतापूर्वक बुझिन्छ ।

मानिसको ज्ञान बुद्धिद्वारा प्रकृतिमा भएका साना भन्दा साना ( कुरा) पदार्थको प्रतिलिपी बनाउन सकिएको छैन । जीवितजिवातहरुलाई परमेश्वर आफैले मात्र जीवन प्रदान गर्न सक्नु हुन्छ । यसरी नै परमेश्वरको जीवनद्वारा मात्रै मानिसहरूको हृदयमा आत्मिक जविन शुरु हुन सक्छ । यदि कोही मानिस माथिबाट जन्मेन भने ऊ परमेश्वरको राज्यमा सहभागी बन्न सक्तैन, त्यसको निम्ति नै येशू आउनुभएको हो ।

जुन कुरा जीवनमा लागू हुन्छ, त्यही कुरा बुद्धिमा पनि लागू हुन स्वभाविक हो । परमेश्वरले ने कोपिला फक्राउनु हुन्छ औ फूललाई फुलाउनु हुन्छ । "उहाँकै शक्तिद्वारा पहिले बोट त्यसपछि बाला, तब बालामा पूरा अन्न हुन्छ" मर्कुस ४:२८ । भविष्यवक्ता होसेले भनेका छन्, "त्यो लिली फूल झैं फुल्नेछ अन्न झैं बढ्नेछ र दाखको बोट झैं फल्ने फुल्ने छ ।" येशूले पनि लुका १२:२७ मा भन्नुभएको छ- "लिली फूललाई विचार गर्नुहोस्, तिनीहरू कसरी बढ्छन् ।" फूलहरू आफ्नो स्याहार तथा चेष्टाद्वारा बढ्दैनन् तर परमेश्वरको शक्तिद्वारा बढ्छन् । सानो बालकले आफै सुर्ता गरेर वा आफ्नो शक्तिले आफैमा वृद्धि ल्याउन सक्तैन, यसरी नै तपाईंको आफ्नै प्रयास वा चिन्ताद्वारा आत्मिक जीवनको वृद्धि हुन सक्तैन । जीवितजीवात तथा बच्चाहरू आफ्नो परिवारबाट पाएका कुराहरू जस्तै हावा, घाम औ भोजनद्वारा बढ्छन्, जसरी ती कुराहरु बोटबिरुवा तथा प्राणी जगतका निम्ति हुन्छन् त्यसरी नै विश्वास गर्नेहरुकानिम्ति पनि येशू हुनुहुन्छ । "काटेको घाँसमा पानी

झैं र पृथ्वीमा परेको झरी जस्तै उहाँ तल आउनु हुनेछ" भजन संग्रह ७२:६ । उहाँ जीवित पानी औ परमेश्वरको रोटी हुनुहुन्छ जो स्वर्गबाट ओर्लेर आउनु हुनेछ र संसारलाई जीवन दिनु हुनेछ" यूहन्ना ६:३३ ।

परमेश्वरले आफ्नो पुत्रको अद्भूत बलिदानद्वारा सारा संसारलाई अनुग्रहभित्र गाभ्नुभएको छ, जो यस जीवनदायक वातावरणको हावालाई सेवन गर्न चाहन्छन् तिनीहरू बाँच्नेछन् र ख्रीष्ट येशूको स्वरुपमा बलिया नर-नारी हुँदै बढदै जान्छन् ।

जसरी फूल सूर्यपट्टी फर्कंदा किरणले त्यसको सुन्दरतालाई अझ बढाउँछ, त्यसरी नै हामी पनि धार्मिकताको सूर्यपट्टी फर्कंदा स्वर्गको ज्योति हामीतर्फ पर्छ औ ख्रीष्टको स्वरुपमा हाम्रो चरित्रमा आउँछ ।

येशूले यहि कुरा यूहन्ना १५:४-५ मा सिकाउनु हुन्छ- "ममा रहो, र म तिमीहरूमा, जसरी दाखको बोटमा हाँगा रहेन भने त्यसले फल फलाउन सक्तैन, त्यसरी नै तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्तैनौं । दाखको बोट मै हुँ, तिमीहरू चाहीं हाँगाहरू हौ । जो ममा रहन्छ र म त्यसमा, त्यसैले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्तैनौ ।" जसरी हाँगा बढ्न र फलको निम्ति मूल बोट माथि भरपर्छ त्यसरी पवित्र जीवनयापन गर्नलाई तपाईंले ख्रीष्टमा निर्भर गर्नुपर्छ । उहाँदेखि अलग रहेर तपाईं जीवित रहन सक्नु हुन्न । तपाईं आफैमा परीक्षा सहने औ पवित्र रहने शक्ति छैन । उहाँसित रहेमा तपाईंको उन्नति हुनेछ । तपाईंको जीवनरुपी रुख न त ओइलाउने छ न फल रहित हुनेछ । तपाईं नदीको किनारमा रोपिएको रुख झैं बन्नु हुनेछ ।

धेरैले सम्झन्छन् कतिवटा काम तिनीहरू आफैले गर्नुपर्छ । तिनीहरूले पाप क्षमाका निम्ति ख्रीष्टलाई विश्वास गरे तर अब आफ्नै प्रयासद्वारा ठीक बस्न चाहन्छन्, तर यस्ता प्रत्येक प्रयास असफल हुन्छन् । येशूले भन्नुहुन्छ- "म बिना तिमीहरूले केही गर्न सक्तैनौं ।" हाम्रो अनुग्रहित वृद्धि, आनन्द औ उपयोगिता ख्रीष्टसितको एकतामा निर्भर गर्छ । उहाँसित प्रत्येक दिन, प्रत्येक क्षण, संगति राख्नाले अथवा उहाँसँग बस्नाले हामी अनुग्रहमा बढ्छौं । उहाँ हाम्रो विश्वासको शुरु मात्रै हुनुहुन्छ । उहाँको साथ हाम्रो विश्वासको शुरु औ अन्तमा मात्रै होइन तर यात्राको हरेक कदममा हुनुपर्छ । दाउदले भजन संग्रह १६ : ८ मा भनेका छन् -"मैले परमप्रभुलाई सँधै मेरो सामने राखेको छु, किनभने उहाँ मेरो दाहिने हाततर्फ हुनुहुन्छ म डग्ने छैन ।"

तपाईं प्रश्न गर्नुहुन्छ होला- “ख्रीष्टमा कसरी रहने ?” त्यही रीतिले जसरी पहिले ख्रीष्टलाई ग्रहण गर्दा रहनुभयो । कलस्सी २:६ मा लेखिएको छ “जसरी हामीले प्रभु येशू ख्रीष्टलाई ग्रहण गऱ्यौं त्यसै गरी विश्वासमा दृढ भएर उहाँकै चालमा चल”, “धार्मिक जन चाहीं विश्वासमा बाँच्नेछ” हिब्रु १०:३८ । तपाईंले प्रभुको सेवा गर्न र आज्ञाकारी बन्न आफैलाई सुम्पिनु भयो । ख्रीष्टलाई मुक्तिदाताको रुपमा लिनु भएको छ । तपाईं आफैले आफ्नो पाप प्रायश्चित गरी हृदय परिवर्तन गर्न सक्नु हुने थिएन तर आफैलाई परमेश्वरको हातमा समर्पण गरेर सक्नुभयो । ख्रीष्टको खातिर उहाँले तपाईंको निम्ति यो सब गर्नुभयो भनी विश्वास गर्नुभयो । विश्वासद्वारा तपाईं ख्रीष्टको बन्नुभयो, अब विश्वासद्वारा नै तपाईं उहाँको साथमा भई हुर्किनुपर्छ । तपाईंले आफ्नो सारा हृदय, तपाईंको इच्छा पूरा गर्न आफैलाई उहाँको हातमा दिईहाल्नुहोस्, औ ख्रीष्टलाई तपाईंको शक्ति, धार्मिकता, अनन्तको सहायकको रुपमा लिनुहोस् ।

सधैं विहान आफूलाई परमेश्वरमा समर्पित गर्नुहोस्, यो प्रत्येक दिनको शुरुको सर्वप्रथम काम होस् । यसो भनी प्रार्थना गर्नुहोस्- “पवित्र प्रभु मलाई लिनुहोस्, मेरो सारा योजना तपाईंको चरणमा राख्छु, आज मलाई तपाईंको निम्ति चलाउनुहोस् ।” मसित रहनुहोस् र सबै काम तपाईंद्वारा प्रेरित भएको होस् ।” यो काम प्रत्येक विहान गर्नुहोस्, प्रत्येक विहान प्रत्येक दिनको निम्ति परमेश्वर अघि समर्पण हुनुहोस् । यसरी प्रत्येक दिन तपाईंले आफ्नो जीवन परमेश्वरको हातमा दिन सक्नु हुन्छ औ ख्रीष्टको स्वरुपमा तपाईंको जीवनको उत्तरोत्तर वृद्धि हुँदै जान्छ ।

ख्रीष्टसित रहेको जीवन शान्तमय हुन्छ । त्यहाँ जोश र उत्तेजना हुँदैन तर आनन्दायक र शान्तिदायक निरन्तर भरोसा भइरहन्छ । तपाईंको आशा तपाईं आफैमा छैन तर ख्रीष्टमा छ । तपाईंको दुर्बलता उहाँको शक्तिसित एकवद्ध गरिएको हुन्छ, तपाईंको मूर्खता उहाँको ज्ञानसित मिलाइएको हुन्छ, तपाईंको कमजोरी उहाँको सामर्थसित गाँसिएको हुन्छ । यसर्थ तपाईंले आफैलाई हेर्नु पर्दैन तर ख्रीष्टलाई हेर्नुहोस् । तपाईंको मनले उहाँको प्रेम, सुन्दरता औ सिद्धताका साथै उहाँको चरित्रमा मनन गरोस् । ख्रीष्टको पवित्रता र सिद्धता, अद्धितीय प्रेम गरेर, अनुकरण गरेर औ उहाँमा सम्पूर्ण रीतिले भर परेर नै तपाईं उहाँको स्वरुपमा परिवर्तन हुँदै जानु हुनेछ ।

येशू भन्नुहुन्छ, “ममा रह” यी शब्दहरूले शान्ति, स्थिरता औ भरोसाको भावना उत्पन्न गर्छन् । फेरि उहाँले निमन्त्रणा दिई भन्नुहुन्छ,

- "हे सबै मेहनत गर्ने र बोझले लादिएका हो.......मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु", मत्ती ११:२८ । भजनका लेखकले यही विचारलाई यसरी प्रकट गरेका छन्- "परमप्रभुको सामने चुपचाप बस", भजन संग्रह ३७:७ फेरि यशैया ३०:१५ मा यो लेखिएको छ "मौन बसेर भरोसा राख्दा तिमीहरूलाई शक्ति मिल्नेछ ।" यस प्रकारको मुक्तिदाताको निमन्त्रणामा विश्राम र परिश्रम अनौठो रुपले मिसिएको छ तर विश्राम भनेको निष्क्रियता होइन । "मेरो जुवा तिमी आफैले बोक र मसँग सिक । किनभने म विनयी र नम्र हृदयको छु । अनि तिमीहरूले आफ्ना आफ्ना आत्मामा विश्राम पाउनेछौ", मत्ती ११:२९ । ख्रीष्टमा पूर्णतौरले विश्राम लिएको हृदय उहाँको निम्ति परिश्रम गर्न अत्यन्तै उत्सुक र विश्वस्त हुन्छ ।

जब मनले आफ्नै कुरामात्र सोच्छ यसले ख्रीष्टदेखि विमुख पार्छ जो शक्ति र जीवनको स्रोत हुनुहुन्छ । शैतानले तिनीहरूको हृदय प्रभुदेखि टाढा राख्नको निम्ति निरन्तर प्रयत्न गर्छ औ यसरी उहाँसितको आत्माको एकता र संगतिमा बाधा आउँछ । संसारको मनमोज, जीवनको विचार र दुविधा औ कष्ट, अरुको दोष तथा आफ्नै भूल र असिद्धता देखाई शैतानले मन बहकाउने चेष्टा गर्छ त्यसले दिएका सल्लाहले आफैलाई भ्रममा नपार्नुहोस् । विवेकशील औ परमेश्वरको इच्छानुसार जीवन बिताउन चाहनेहरू मध्ये धेरै व्यक्तिहरूलाई पनि आफ्नै कमजोरी औ भूलप्रति ध्यान दिलाई ख्रीष्टदेखि टाढा रहेर जय पाउने आशामा पार्छन । हामी आफैले आफैलाई विशेषता दिएर, चिन्ता एवं भयको शिकार बनी उद्धार खोज्नु पर्दैन । यी सबै कुराले आत्मालाई शक्तिको मुहानदेखि टाढा लैजान्छ । आफ्नो आत्माको हेरचाहको निम्ति परमेश्वर माथि भर पर्नुहोस । येशूको बारेमा बोल्नुहोस्, विचार गर्नुहोस् । उहाँमा आफैलाई गुमाउनुहोस् । सारा शंका हटाउनुहोस्, हृदयको डर त्याग्नुहोस् औ पावल प्रेरितले जस्तै भन्नुहोस् - "म जिउँछु तापनि म त होइन तर ख्रीष्ट ममा जिउनुहुन्छ औ जीवनमा अहिले म शरीरमा जिउँछु परमेश्वरका पुत्रको विश्वासमा जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई समर्पण गर्नुभयो ।" गलाती २:२० । परमेश्वरमा ढुक्क भएर बस्नुहोस् । तपाईंले आफूलाई उहाँमा समर्पित गरेको जस्तै उहाँले तपाईंलाई सम्हाल्नु हुन्छ । यदि आफैलाई उहाँको हातमा सुम्पनु भयो भने उहाँले तपाईंलाई विजेता भन्दा बढी बनाउनु हुन्छ, जस्ले तपाइ ंलाई यतिको प्रेम गर्नुभयो ।

जब खीष्टले मानव स्वभाव धारण गर्नुभयो, उहाँले मानवता र आफैलाई प्रेमको डोरीसित बाँध्नुभयो, मान्छेको व्यक्तिगत इच्छा बाहेक अरु केहीले यो बन्धन चुडाउन सक्तैन । आकर्षक कुराहरूद्वारा त्यो डोरी तोड्न लगाई खीष्टदेखि अलग गर्नलाई शैतानले प्रलोभनमा फसाउँछ । यहाँ हामी सतर्क रहनु पर्छ औ संघर्ष र प्रार्थना गर्नुपर्छ कि हामीलाई अर्को मालिक छान्नु बाध्य नगरोस्, किनभने यसरी चुन्ने हामीलाई स्वतन्त्रता छ । हामीले निरन्तर खीष्टलाई हेरिरहनु पर्छ, यसैमा हाम्रो सुरक्षा हुनेछ । उहाँको हातदेखि हामीलाई कसैले गाज्न सक्तैन । निरन्तर उहाँमा दृष्टि राख्नाले हामी "त्यही रुपमा एक तेजबाट अर्को तेजतिर बदलेर जान्छौं" २ कोरिन्थी ३:१८ ।

यसरी नै प्रथम चेलाहरू आफ्नो मुक्तिदाताको स्वरुपमा बढ्दै गएका थिए । जब तिनीहरूले येशूको वचन सुने तिनीहरूले आफ्नो जीवनमा येशूको आवश्यकता बुझे । तिनीहरूले उहाँलाई खोजे, भेटे औ पछ्याए । तिनीहरू उहाँसित घर-घरमा, भोजनमा, कोठामा, खेतमा हुन्थे । तिनीहरूले आफ्ना गुरुबाट सँधै पवित्र, शिक्षाहरू पाइरहन्थे । तिनीहरूले उहाँलाई आफ्ना मालिकको स्थानमा राखेका थिए र उहाँले अऱ्हाउनु भएका काम गर्दथे । ती चेलाहरू हामी जस्तै दुःख सुख भोगेका मानिस थिए । तिनीहरूले पनि हामी जस्तै पापको विरुद्धमा संघर्ष गर्नुपर्थ्यो । तिनीहरूलाई पनि पवित्र जीवनयापन गर्नलाई त्यही अनुग्रहको जरुरत थियो ।

यूहन्ना जसलाई प्रिय चेला भनिन्छ, जसले मुक्तिदाताको स्वरुपलाई सबभन्दा बढी झल्काउँथ्यो, उनको पनि स्वभाविकै सुन्दर चरित्र थिएन , उनी त एक हठी, इज्जत खोज्ने अभिमानी र चोट सहन नसक्ने मानिस थिए । तर जब तिनले खीष्टको चरित्र देखे, तब उनले आफ्नो घटीकमी चाल पाए र ज्ञानद्वारा नम्र बने । परमेश्वरको पुत्रको दैनिक जीवनको शक्ति, धैर्य, सामर्थ, नम्रता, कोमलता औ महिमाले तिनको हृदय श्रद्धा र प्रेमले भरियो । दिन प्रतिदिन तिनको हृदय खीष्टतर्फ जब खिचियो र अन्तमा उनले आफ्नो मालिक प्रतिको प्रेममा उनले आफैलाई देख्न छोडे । तिनको क्रोधित, अभिलाषी स्वभाव खीष्टको बदली गरी दिने शक्तिको अघि झुक्यो । तिनको हृदयलाई पवित्रात्माको प्रभावले परिवर्तन गरी दियो । खीष्टको प्रेमको शक्तिले तिनको चरित्रमा परिवर्तन ल्यायो । खीष्टसँग एक भएको साँचो लक्षण यही हो । जब खीष्ट हृदयमा बास गर्नुहुन्छ र हाम्रो सम्पूर्ण प्रकृतिमा परिवर्तन हुन्छ । खीष्टको आत्मा र उहाँको प्रेमले हाम्रो हृदयलाई कोमल

बनाउँछ, हाम्रो आत्मालाई नम्र बनाउँछ अनि हाम्रो विचार र इच्छाहरूलाई परमेश्वर र स्वर्गतर्फ खिच्दछ ।

जब ख्रीष्ट स्वर्गारोहण हुनुभयो त्यसपछि पनि उहाँकै उपस्थितिको ज्ञान चेलाहरूलाई थियो । त्यो व्यक्तिगत प्रेममय औ ज्योतिमर्य उपस्थिति थियो । मुक्तिदाता येशू तिनीहरूसित हिंड्नु भएको थियो, कुराकानी गर्नुभएको थियो र प्रार्थनामा धेरै समय बिताउनु भएको थियो । उहाँले तिनीहरूलाई आशा एवं सान्त्वना पनि दिनु हुन्थ्यो । तिनीहरूलाई शान्तिको संवाद दिंदा दिदै पनि उहाँ स्वर्गमा उठाइनु भयो । उहाँ बादलमा उचालिनु भएपछि उहाँको आवाज यसरी आएको थियो- "सुन, म जगत्को सब दिन अन्तसम्म तिमीहरूका साथमा छँदैछु" मत्ती २८:२० । मानवरुप भै उहाँ स्वर्गारोहण हुनु भएको थियो । अब तिनीहरूका मित्र मुक्तिदाता परमेश्वरको सिंहासन अघि हुनुहुन्थ्यो भनी चेलाहरूलाई थाहा थियो कि उहाँका विचारहरू बदलिएका छैनन्, उहाँ मानव दुःख पीडामा अझै पनि उहाँ सहभागी हुनुहुन्थ्यो । उहाँले परमेश्वरको अघि आफ्नो रगतको महत्व प्रस्तुत गर्नुभयो र आफ्ना हात खुट्टाका घाउहरू देखाएर छुटकारा पाउनेहरूका निम्ति मूल्य चुकाई सक्नु भएको कुरा बताउनु भयो । चेलाहरूलाई थाहा थियो कि उहाँ तिनीहरूका निम्ति ठाउँ तयार पार्न जानु भएको छ र फेरि तिनीहरूलाई लैजान आउनु हुनेछ ।

येशूको स्वर्गारोहण पछि उनीहरू सँधै उत्सुक बनेर येशूको नाउँमा परमेश्वर पिताको अघि आफ्ना बिन्तिहरू राख्थे । भक्तिसाथ तिनीहरू प्रार्थना गर्न झुक्थे र बारम्बार येशूले दिनु भएको यो प्रतिज्ञा दोहोऱ्याउँथे "तिमीहरू पितासँग जे माग्छौ उहाँले मेरो नाउँमा तिमीहरूलाई दिनु हुनेछ । अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ । माग त तिमीहरूले पाउनेछौ र तिमीहरूको आनन्द पूर्ण हुनेछ, यूहन्ना १६:२३,२४ । उनीहरू आफ्ना तर्कलाई यसो भनी दृढ बनाउँथे- "ख्रीष्ट येशू जो मर्नुभयो, औ बौरी उठ्नुभयो र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ जसले हाम्रा निम्ति अन्तर विन्ति पनि गर्नु हुन्छ", रोमी ८:३४ । ख्रीष्टले प्रतिज्ञा गर्नुभएको "शान्तिदाता" पेन्तिकोसको दिनमा तिनीहरूकहाँ आउनु भयो जसको विषयमा उहाँले यसो भन्नु भएको थियो -"म जानु नै तिमीहरूका निम्ति फइदा छ । किनभने म गइनँ भने म उहाँलाई तिमीहरूकहाँ पठाउनेछु", यूहन्ना १६:७ । अब उप्रान्त आत्माद्वारा ख्रीष्ट निरन्तर आफ्ना मानिसहरूका हृदयमा बास गर्नुहुन्छ । यो एकता उहाँ संसारमा हुनु हुँदा भन्दा पनि

गहिरो थियो तिनीहरूद्वारा प्रकट भएको ज्योति, प्रेम, ख्रीष्टको शक्ति देखेर “मानिसहरू छक्क पर्थे र तिनीहरू येशूको साथमा हिंड्थे भनेर पनि मानिसहरूले थाहा पाए” प्रेरित ४:१३ ।

सबै चेलाहरूका निम्ति ख्रीष्ट जो हुनुहुन्थ्यो उहाँ आज पनि आफ्ना जनहरूका निम्ति त्यही बन्न चाहनुहुन्छ, किनभने उहाँले चेलाहरूसित अन्तिम प्रार्थना यसरी गर्नुभयो- “म तिमीहरूका निम्ति मात्र बिन्ति गर्दिन, तर तिनीहरूका वचनद्वारा मलाई विश्वास गर्नेहरूका निम्ति पनि”, यूहन्ना १७:२० ।

येशू उहाँ परमेश्वर पितासँग एक भए झैं हामी पनि उहाँसित एक होऔं भनी प्रार्थना गर्नुभयो । यो कस्तो अद्भूत सम्बन्ध हो । उहाँ आफैले आफ्ना बारेमा यसो भन्नु भएको छ- “पुत्र आफैले केही गर्न सक्तैन” ममा हुने पिताले आफ्नो काम गर्नु हुन्छ”, यूहन्ना ५:१९, १४:१० । तब यदि ख्रीष्ट हाम्रो हृदयमा बास गर्नु भएको छ भने उहाँको आफ्नै इच्छामा तपाईंलाई इच्छा गर्ने र काम गर्ने तुल्याउनु हुने परमेश्वरै हुनुहुन्छ फिलिप्पी २:१३ ।

उहाँले जसरी काम गर्नुभयो हामी पनि गर्न सक्छौं, हामीले पनि त्यही आत्मा प्रकट गर्न सक्छौं । यसरी उहाँलाई प्रेम गर्दै र उहाँसित एक भई हामी सबै कुरामा उहाँसम्मै अर्थात् ख्रीष्टसम्मै बढ्दै जाओ जो शिर हुनुहुन्छ । एफिसि ४:१५ ।

# ९ कर्म र जीवन

सारा संसारको जीवन, ज्योति र आनन्दको मुहान परमेश्वर हुनुहुन्छ । सूर्यबाट किरण आए झैं, परमेश्वरबाट पनि आफ्नो सृष्टितर्फ आशिषको खोला बगिरहन्छ, अनि मानिसको हृदयमा परमेश्वरको जीवन रहिरहन्छ । यो अरुको निम्ति प्रेम र आशिषको क्रम अविरल रुपमा बगिरहन्छ ।

हाम्रा मुक्तिदाताको आनन्द मानव जातिलाई उच्च स्थानमा राख्नु र उद्धार गर्नुमा नै थियो । यसको निम्ति उहाँले आफ्नो प्राणको वास्ता गर्नु भएन, बरु क्रूसको असह्य वेदना, तिरष्कार एवं ग्लानी मानव जातिको उद्धारको अघि केही ठान्नु भएन । यसरी नै स्वर्गदूतहरू पनि अरुको सुख-आनन्दको निम्ति निरन्तर काम गरिरहेका हुन्छन् । यसैमा उनीहरूले आनन्द पाउँछन् । स्वार्थी हृदयले दुःखी, गरीब तथा आफू भन्दा निम्न वर्गका मानिसहरूको सेवा गर्न लजाउँछन् तर त्यही सेवा पापरहित स्वर्गदूतहरूको हो । ख्रीष्टको आत्मा-बलिदानको प्रेम स्वर्गभरि फैलिएको छ औ यो आशिषको सार बन्न गएको छ । यही भावना ख्रीष्टलाई पछ्याउनेहरूको कार्यमा पनि हुनुपर्दछ ।

ख्रीष्टको प्रेमले सुगन्धित बनेको हृदयले त्यो वासनालाई छोपेर राख्न सक्तैन । त्यसको पवित्र प्रभाव हामी जहाँ भए पनि मानिसहरूले महसुस गर्न सक्छन् । यो संसारमा ख्रीष्टको आत्मा भएको जीवन विराट मरुभूमिमा भएको एउटा खोला जस्तो हो । जसले नाश हुन लागेकाहरूलाई जीवनको पानी पिउने मौका दिन्छ ।

पतित भएको मानव समाजलाई कल्याणकारी काम गर्ने इच्छा हुनु नै येशूप्रति प्रेम भएको लक्षण हो । यसले हाम्रा स्वर्गीय परमेश्वरको सृष्टिप्रति प्रेम, कोमलता औ सहानुभूति पैदा गर्दछ ।

हाम्रा मुक्तिदाताको सांसारिक जीवन सजिलो एवं आफ्नै सुखको निम्ति थिएन, तर उहाँले उत्सुकतापूर्वक आशाहीन मानव जातिको मुक्तिका निम्ति कठीन परिश्रम गर्नुभयो । कोक्रो देखि कलवरीसम्मै उहाँले आफैलाई इन्कार गर्ने मार्ग लिनुभयो, औ उहाँले कठीन काम, गाह्रो यात्रा र अथक परिश्रमदेखि छुटकारा लिने चेष्टा गर्नु भएन । उहाँले भन्नुभयो- “मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र

धेरैको उद्धारका निम्ति आफ्नो प्राण दिन आउनुभयो", मत्ती २०:२८ । यो उहाँको जीवनको प्रथम र मुख्य उद्देश्य थियो । उहाँको जीवनमा बरु सबै कुराले दोस्रो स्थान पाउँथ्यो । परमेश्वरको इच्छानुसार काम गर्नु, उहाँको काम पूरा गर्नु येशूलाई भोजन एवं पानी बराबर थियो । उहाँको काममा स्वार्थको नामोनिशान थिएन ।

यसर्थ खीष्टको अनुग्रह पाउनेहरूले कुनै पनि बलिदान दिन तयार हुन्छन्, किनभने अरुले पनि खीष्टको अनुग्रह चाखोस् भन्ने उनीहरूको इच्छा हुन्छ । उनीहरूले आफ्नो उपस्थितिले संसारलाई एक असल ठाउँ बनाउने भरपूर चेष्टा गर्छन् । साँचो उद्धार पाएको आत्माको स्वभाव यस्तो हुन्छ । खीष्टमा उद्धार पाउने बित्तिकै "कस्तो प्रिय मित्र उसले पाएको छ", भनी अरुलाई बताउन उसलाई हतार लाग्छ । खीष्टको धार्मिकताको वस्त्र लगाएका छौं र उहाँको आत्मा भरपूर छ भने हामीले यो शान्ति बारे अरुलाई नबताई रहन सक्तैनौं । प्रभु अत्यन्त भलो हुनुहुन्छ भनी हामीले चाखेर हेरेका छौं । यो हामीले अरूलाई बताउनै पर्छ । फिलीपले जब मुक्तिदातालाई भेटे तब तिनले अरुलाई मुक्तिदाताकहाँ लगेको जस्तै हामीले पनि अरुलाई उहाँको उपस्थितिमा ल्याउने छौं । हामीले खीष्टमा भएको आकर्षण र संसारमा आउनेवाला घटनाहरू बारे अरूलाई बताउने छौं । येशूले हिंड्नु भएको मार्गलाई पछ्याउने प्रगाढ इच्छा हृदयमा हुन्छ । वरिपरीका मानिसहरूलाई "हेर परमेश्वरका थुमा, जसले संसारको पाप बोकिलानु हुनेछ", भनी देखाउन मन लाग्छ ।

अरुलाई आशिष पार्ने प्रयासले हामी आफैमाथि आशिष खन्याउँछौं र उद्धारको योजनाको काममा हामी पनि यति जिम्मेवारी हुन परमेश्वरको अभिप्राय हो । मानिसलाई परमेश्वरले उहाँको स्वर्गीय प्रकृतिको भागिदार हुने अधिकार दिनु भएको छ र यो आशिष हामीले आफ्ना मित्रहरू र छर छिमेकीहरूलाई पनि बाँड्नु पर्छ । परमेश्वरले मानिसलाई प्रदान गर्नु भएको यो सर्वोच्च सम्मान एवं ठूलो आनन्द हो । प्रेमको परिश्रममा भागिदार हुने व्यक्तिहरू सृष्टिकर्ताको सबैभन्दा नजिक ल्याइने छ ।

परमेश्वरले सुसमाचार फैलाउने काम र अरु प्रेमपूर्ण सेवाको काम स्वर्गदूतहरूलाई दिन सक्नु हुन्थ्यो, वा यो काम पूरा गर्नलाई अरु कुनै उपाय रच्नु हुने थियो, तर परमेश्वरको प्रेम कति अद्भूत छ, उहाँले यो काम मानिस जातिसँग साझा रुपमा, उहाँसित, खीष्टसित र स्वर्गदूतहरूसित बनाउनु भयो, जसमा हामीहरूले उहाँमा भएको

आशिष, आनन्द र आत्मिक उन्नति जो स्वार्थरहित सेवाबाट पाएको कुरा अरुलाई पनि बाँड्न सकौं ।

खीष्टको कष्टमा हामी सहभागी बन्न पाउँछौं । अरुको भलोको निम्ति गरेको आत्मा बलिदानको प्रत्येक कार्यले परोपकारी भावनालाई बलियो बनाउँछ र यसले मुक्तिदातासित अझ नजिकको सम्बन्धमा हामीलाई ल्याउँछ । "जो धनी भईकन पनि हाम्रा निम्ति दरिद्र बन्नुभयो, जसमा उहाँको दरिद्रताबाट हामी धनी होऔं भनेर", २ कोरिन्थी ८:९ । हामीले यसरी दिव्य योजनालाई यस सृष्टिमा पूरा गऱ्यौं भने मात्र हाम्रो जीवन आशिषमय हुनेछ ।

खीष्टले आफ्ना चेलाहरूका निम्ति बनाउनु भएको रुपरेखा अनुसार यदि तपाईंले काम गर्दै जानुभयो र उहाँको निम्ति आत्माहरू जित्नुभयो भने तपाईंलाई आत्मिक कुराको अझ गहिरो अनुभवका साथै ज्ञानको जरुरत भएको थाहा पाउनु हुनेछ र धार्मिकताका निम्ति तपाईं भोका-प्यासा हुनुहुनेछ । आफ्नो विश्वास बलियो होस् र मुक्तिको कुवादेखि तपाईंको आत्माले अझ बढि पानी पिउन सकोस् भनी तपाईंले प्रार्थना गर्नु हुनेछ । विरोध र परिक्षाले तपाईंलाई बाइबल र प्रार्थनातर्फ घचेट्ने छ । तपाईं अनुग्रहमा बढ्दै जानु हुनेछ औ खीष्टको ज्ञानले तपाईंलाई प्रचुर अनुभव हुनेछ ।

अरुको निम्ति गरिने निःस्वार्थ परिश्रमले गम्भीरता, स्थिरता औ चरित्रलाई खीष्ट सरह सुन्दरता दिनेछ औ यो उपभोग गर्ने व्यक्तिको जीवनमा शान्ति र आनन्द हुन्छ । आकांक्षाहरूको स्तर बढेर जानेछ । आलस्य र स्वार्थीका निम्ति कुनै स्थान हुँदैन । इसाई अनुग्रह यसरी उपयोग गर्ने व्यक्तिहरू परमेश्वरको कामका निम्ति बलिया हुन्छन् । तिनीहरूमा आत्मिक दृष्टि अझ सफा हुन्छ, बढदो विश्वास र प्रार्थनामा शक्ति हुन्छ र तिनीहरूलाई चलाउने परमेश्वरको आत्माले पवित्र सम्बन्ध ल्याउँछ । अरुको भलाईका निम्ति आफैलाई समर्पण गरी निःस्वार्थ प्रयास गर्ने व्यक्तिहरूले आफ्नो मुक्तिको ठीक प्रयोग गरिरहेका हुन्छन् ।

अनुग्रहमा बढ्ने एउटै उपायचाहिँ निःस्वार्थ भावले खीष्टले हाम्रा निम्ति राख्नु भएको काम गर्नु । (हामी काममा लाग्नपर्छ, हाम्रो योग्यतालाई बढाउनुपर्दछ, अरुलाई मद्दत गर्नाले, आशिष दिनाले हामी अनुग्रहमा बढ्छौं) । यो अभ्यास गर्नाले हामीमा शक्तिको बृद्धि हुन्छ । कर्म नै जीवनको मुख्य ध्येय हो, कर्म नगरी अनुग्रहद्वारा आशिषमात्र ग्रहण गर्दै इसाई जीवन स्थिर राख्ने प्रयत्न गर्नेहरू काम नगरी खान

माग्ने जस्ता हुन् । यस प्रकारको जीवनले आत्मिक तथा वास्तविक मृत्यु ल्याउँछ । कुनै मानिसले आफ्नो हात खुट्टा केही दिनसम्म चलाएन भने छिट्टै नै त्यसले चलाउने शक्ति गुमाउन सक्छ । यसरी नै परमेश्वरद्वारा प्राप्त गरेको शक्तिलाई प्रयोग नगर्ने इसाईहरू खीष्टमा त बढ्दैनन् र साथै आफूले पाएको शक्ति पनि गुमाउँछन्।

खीष्टको मण्डली मानिसहरूको मुक्तिका निम्ति परमेश्वरले नियुक्त गर्नु भएको संस्था हो । यसको काम संसारमा सुसमाचार फैलाउनु हो । यो सबै इसाईहरूको दायित्व हो । प्रत्येकले आफ्नो क्षमता औ मौका अनुसार मुक्तिदाताले दिनु भएको यो अभिभारा पूरा गर्नै पर्छ । खीष्टको प्रेमले हामीलाई, उहाँलाई नचिन्नेहरूप्रति ऋणी बनाएको छ । परमेश्वरले हामीलाई आफ्नै निम्ति मात्र यो ज्योति दिनु भएको होइन, तर अरुमा पनि यो फैलिनु पर्छ ।

यदि खीष्टका चेलाहरू आफ्नो कर्तव्य प्रति सजग बने भने, जहाँ एकजनाले प्रचार गरिरहेको छ त्यहाँ हजारौंले खीष्टलाई नचिन्ने ठाउँमा प्रचार गर्न थाल्नेछन् । सबैले यो काम व्यक्तिगत रुपले गर्न सक्तैनन् तर पैसा तथा सहानुभूति औ प्रार्थनाद्वारा पनि उनीहरूले यसमा भाग लिन सक्छन् । इसाई देशहरूले अझ बढी उत्सुकतापूर्वक आत्माहरूका निम्ति परिश्रम गर्नुपर्छ ।

यदि हाम्रो देश तथा घरमै खीष्टको कामको जरुरत छ भने हामी टाढा अन्य जातिहरूको देशमा जानै पर्दैन । हामीले घरमा, मण्डलीमा हामीसित सम्बन्ध राख्ने व्यक्तिहरूलाई औ हामीसित व्यापार-धन्दा गर्ने मानिसहरूलाई खीष्टको नाम प्रचार गर्न सक्छौं ।

हाम्रा मुक्तिदाताको जीवनको अधिकांश समय नासरतको सिकर्मी पसलमा परिश्रम गर्दा नै बित्यो । किसान औ मजदुरहरूसँग जीवनदाता हिंड्डुल गर्नुहुन्थ्यो । अपरिचित, असम्मानित अवस्थामा स्वर्गदूतहरू सेवा टहल गर्थे । रोगीहरूलाई निको पार्नु हुँदा अथवा गलीलको झील वा हावा-बतासको माझमा हिंड्नु हुँदा उहाँले विश्वास र योग्यतापूर्वक सबै काम गर्नुहुन्थ्यो । हामीले साना-ठूला जेसुकै काम गरे तापनि येशूसँग हिंडी उहाँको काम गर्न सक्छौं ।

प्रेरित पावल भन्नुहुन्छ, “जुन अवस्थामा हरेक मानिसको बोलावट भएको छ, त्यही अवस्थामा त्यो परमेश्वरसँग रहिरहोस्” १ कोरिन्थी ७:२४ । व्यापारीले इमान्दारीसित व्यापार गरेर प्रभुलाई महिमा दिन सक्छ । ऊ साँचो इसाई हो भने आफ्ना प्रत्येक काममा धर्म पनि लैजान्छ औ अरु मानिसहरूको माझमा खीष्टको आत्मा प्रकट गर्छ ।

गालीलको डाँडा-पाखातिर काम गरी हिंड्नु हुने सिकर्मी अत्यन्त परिश्रमी भएर नै उहाँ परमेश्वरको विश्वास योग्य प्रतिनिधी हुनुहुन्थ्यो । आफूलाई इसाई हुँ भनी भन्नेहरूले आफ्नो काम यसरी गर्नु पर्छ जस्मा उसको काम देखेर अरुलाई हाम्रा सृष्टिकर्ता र उद्धारकर्तालाई महिमा दिन सकोस् ।

धेरैले ख्रीष्टको सेवा नगर्नलाई बहाना बनाउँछन् र भन्छन्, अरुसँग उच्चस्तरीय योग्यता छ । यस्तो विचार फैलिएको छ कि विशेष क्षमता भएको व्यक्तिहरूले मात्रै परमेश्वरको सेवा गर्न योग्यता, क्षमता, विशेष कुनै वर्गका मानिसहरूलाई दिइएको हुन्छ भनी धेरैले सोच्छन् । मालिकले नोकरहरूलाई बोलाएर सबैलाई काम दिएझैं परमेश्वरले पनि सबैलाई काम दिनुहुन्छ ।

प्रेम औ नम्रतापूर्वक सबै काम मानिसहरूलाई जस्तो होइन, तर प्रभुको निम्ति जस्तै गरी तन-मनले गर" कलस्सी ३:२३ । यदि परमेश्वरको प्रेम हाम्रो हृदयमा छ भने यो जीवनमा देखा पर्छ । ख्रीष्टको सुगन्धित वासनाले हामीलाई घेर्छ र यसको प्रभावले आशिष ल्याउँछ ।

परमेश्वरको निम्ति काम गर्न विशेष कुनै समय वा असाधारण योग्यता चाहिंदैन । संसारले तपाईंलाई के सम्झलान् भनी नसोच्नुहोस् । यदि तपाईंको दैनिक जीवनमा विश्वास एवं पवित्रताको प्रमाण छ र अरुले तपाईंको उद्देश्यहरु राम्रा छन् भनी थाहा पाउँछन् भने तपाईंको प्रयास व्यर्थमा जाँदैन ।

सबैभन्दा नम्र औ गरिब चेलाले पनि अर्काको जीवनमा आशिष ल्याउन सक्छ । आफूले केही ठूलो काम गरेको उनीहरूले थाहा पाउँदैनन् तर अज्ञात रुपमा तिनीहरूले आशिष वर्षाइरहेका हुन्छन् र त्यसको परिणाम अन्तको दिन नआएसम्म तिनीहरूले थाहा पाउँदैनन् । तिनीहरूमा आफूले केही महान काम गर्दैछु भन्ने थाहा या भान पनि हुँदैन । आफ्नो कामको सफलतामा तिनीहरूले केही सोच-फिक्री गर्नु पर्दैन । तिनीहरूले केवल परमेश्वरले आफ्नो अनुग्रहद्वारा दिनु भएको काममा शान्त रुपले विश्वाससित गर्दै गएमा तिनीहरूको जीवन व्यर्थमा जाने छैन । तिनीहरूको आफ्नै आत्मा प्रभु येशूको सरहमा बढ्दै जानेछ, तिनीहरू यस जीवनमा ईश्वरको सहकर्मी भएका छन् अनि यसरी नै उच्चस्तरीय कामको लागि आफूलाई तयारी गर्दै आउनेवाला जीवनको सुखमा केही छायाँ पर्न दिएका हुँदैनन् ।

# १० परमेश्वरको बारेमा ज्ञान

धेरै उपायहरुद्वारा परमेश्वरले आफ्नो परिचय हामीलाई दिन चाहनुहुन्छ, औ हामीलाई आफ्नो संगतिमा ल्याउन चाहनुहुन्छ । प्रकृति हाम्रो चेतनाद्वारा लगातार हामीसँग बोलीरहन्छ । प्रकृतिमा उहाँको हातको चमत्कार देखेर खुल्ला हृदय भएको मानिसहरू उहाँसित आकर्षित हुन्छन् । ध्यान दिएर सुन्ने मानिसले प्रकृतिमा परमेश्वरको आवाज सुन्छ । हरियो डाँडा, अग्ला-अग्ला रुख, फूल, कोपिला, बादल, वर्षा बगिरहेको नदी, सुन्दर आकाश मण्डलले हामीसित बोलिरहेका हुन्छन् र यी सबैका सृष्टिकर्तासित परिचय गराउन निम्त्याई रहेका हुन्छन् ।

हाम्रा मुक्तिदाताले उहाँको उत्तम शिक्षाहरू प्रकृतिकै कुराहरूबाट प्रकट गराउनु भएको छ । वृक्ष-चरा, वेसीको फूल, डाँडा, खोला, आकाश मण्डल साथै दैनिक जीवनमा भइरहने घटनाहरूसित सत्य वचनको सम्बन्ध छ । यी कुराहरूलाई सम्झेर मानिसहरूले आफ्नो जीवनको व्यस्ततामा पनि उहाँको शिक्षा स्मरण गर्न सक्छन् ।

परमेश्वर आफ्ना जनहरूले उहाँको प्रशंसा गरेको मन पराउनु हुन्छ, औ यस संसारमा उहाँले दिनु भएको साना-मसिना र सरल कुराहरूमा पनि हामी आनन्दित भएको चाहनुहुन्छ । उहाँ सुन्दरता प्रेमी हुनुहुन्छ, तर बाहिरी आकर्षण कुराहरू भन्दा हाम्रो चरित्र मनपराउनु हुन्छ, मनोहर फूलहरू जस्तै हामीमा पवित्रता र सरलता भएको उहाँ चाहनुहुन्छ ।

परमेश्वरले सृष्टि गर्नु भएको कामहरूलाई राम्ररी विचार गऱ्यौं भने यसले हामीलाई आज्ञाकारिता र विश्वासको पाठहरू सिकाउँछ । ताराहरूले अथाह अन्तरीक्षमा ठीक-ठीक बाटो युग युगदेखि अपनाएको छ, त्यसै गरी सानो भन्दा सानो अणुले पनि परमेश्वरको नियम पालन गर्छ । परमेश्वरले आफैले बनाउनु भएको सबै सृष्टिको देखभाल रक्षा गर्नु हुन्छ । दृश्य-अदृश्य जगतहरूलाई उहाँले आफ्नै शक्तिले सम्हालेर राख्नु भएको जस्तै निर्भीकतासित गीत गाइरहने एउटा भंगेराको दैनिक आवश्यकतालाई पनि विर्सनु हुन्न । मानिसहरू आ-आफ्नो दैनिक काममा गएको, प्रार्थनामा बसेको, राती सुतेको, बिहान उठेको, धनीले

महलमा भोज लगाएको वा गरिबले आफ्ना बच्चाहरूलाई अपर्याप्त भोजनको वरिपरी भेला गरेको परमेश्वरले हेरिरहनु हुन्छ । परमेश्वरले नदेखिकन कुनै आँसु बग्दैन । हरेक मधुर मुस्कानलाई उहाँले हेर्नुहुन्छ ।

यी सबै माथि हामीले पूर्ण विश्वास गरेको भए हाम्रो सबै अनुचित फिक्रीहरू अन्त हुन्थे । हाम्रो जीवन नैराश्यताले भरिएको हुने थिएन, सानो-ठूलो सबै काम हामीले परमेश्वरको हातमा छोड्ने थियौं, किनभने उहाँ धेरै सुर्ता र भारले हैरान दिक्क मान्नु हुन्न । यसो गर्नाले हाम्रो आत्माले आनन्द पाउनेछ, जुन आनन्दलाई धेरैले गुमाएर अपरिचित भएका छन् ।

यस पृथ्वीको मनोहर चीजहरूले त तपाईंको चेतनाहरू विभोर हुन्छन् भने आउनेवाला संसारलाई सम्भनोस्, जहाँ हामी पाप र मृत्युको बरबादी देख्ने छैनौ, जहाँ प्रकृति कहिले पनि श्रापित हुने छैन । उद्धार पाएका व्यक्तिहरूले पारिवारिक आनन्दको कल्पना गर्नुहोस्, तपाईंले कल्पना गर्नु भएको भन्दा त्यस घरको महिमा अभ्र बढी हुन्छ । प्रकृतिमा परमेश्वरले प्रदान गर्नु भएको विभिन्न दानहरूमा उहाँको महिमाको सबैभन्दा सूक्ष्म भन्दा सूक्ष्म भ्रलक मात्र पाउँछौं । १ कोरिन्थी २:९ मा लेखिएको छ- "आँखाले नदेखेका र कानले नसुनेका, औ मानिसका मनमा नपसेका, यस्ता जुनसुकै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नु भएको छ ।"

कवि तथा प्रकृतिवादीहरूले प्रकृति बारे धेरै कुराहरू लेखेका छन् तर इसाईहरूले मात्र प्रशंसा सहित यस सुन्दरताको उपयोग गर्न सक्छन्, किनभने तिनीहरूले आफ्ना परमेश्वर पिताको हस्तकला चिन्छन् औ उहाँको प्रेम फूलहरू, वनका भ्रार-बुटाहरू र रुखहरूद्वारा पाउँछन् । खोला नदीनाला र पहाडहरू परमेश्वरको मानिसप्रतिको अभिव्यक्ति हुन् भनी हामीले बुभ्रेनौं भने ती कुराहरूको साँचो महत्व बुभ्रदैनौं ।

परमेश्वरले हामीहरुलाई अगुवाई गर्नुहुन्छ औ हृदयमा पवित्रात्माको प्रभावद्वारा बोल्नु हुन्छ । यदि हामीले हाम्रो हृदयलाई इमान्दारीसित विश्लेषण गऱ्यौं भने हाम्रा स्थिति, वातावरण र दैनिक घटनाहरूले हामीलाई अनेकौं पाठ सिकाइरहेका हुन्छन् । भजनका लेखकले परमेश्वरको हृदयलाई बुभ्रेर भनेका छन् "परमप्रभुको करुणाले पृथ्वी भरिपूर्ण छ," भजन संग्रह ३३:५, "जो बुद्धिमान छ, त्यसले यी कुराहरूमा ध्यान दिनेछ र तिनीहरूले परमप्रभुको करुणाको विचार गर्नेछन्," भजनसंग्रह १०७:४३ ।

परमेश्वर आफ्नो वचनद्वारा पनि हामीसित बोल्नु हुन्छ । यहाँ अझ स्पष्ट गरी उहाँको स्वभाव, अरु मानिसहरू प्रतिको व्यवहार औ उहाँको उद्धारको महान कामको बारेमा बताइएको छ । यसमा भविष्यवक्ता, महान व्यक्तिहरू र पवित्र जनहरूको इतिहास खुलस्तसँग लेखिएको छ । "तिनीहरू हामी जस्तै दुःख सुख भोगेका मानिसहरु थिए" याकूव ५:१७ । तिनीहरू पनि हामी जस्तै निरुत्साहको विरुद्धमा लडेका, परीक्षामा परेका औ फेरि परमेश्वरको अनुग्रहद्वारा मुटु बलियो बनाएर बिजयी बनेका थिए र हामी पनि तिनीहरू जस्तै धार्मिकताको प्रयासमा उत्साही हुनसक्छौं । जब तिनीहरूले पाएका अनुभव, ज्योति, प्रेम, आशिष औ तिनीहरूलाई दिइएका कामहरूबारे पढ्छौं, हाम्रा हृदयमा पनि प्रेरणाको आगो बल्न थाल्छ औ तिनीहरूका जस्तै चरित्र बनाई परमेश्वरसित हिंड्ने इच्छा जाग्छ ।

येशूले पुरानो करारको बारेमा भन्नुभयो "मेरा विषयमा यसले गवाही दिन्छ" यूहन्ना ५:३९ । यही कुरा नयाँ करारको बारेमा झन् कति साह्रो लागु हुन्छ, उही मुक्तिदातामा हाम्रो अनन्त जीवन केन्द्रित छ । यो सत्य हो कि सम्पूर्ण बाइबलले खीष्टको बारेमा भन्दछ । धर्मशास्त्रको पहिलो विवरणनै थियो "कुनै थोक पनि उहाँ बिना हुन आएन" यूहन्ना १:३ । उहाँको अन्तिम प्रतिज्ञा "हेर म चाँडै आउँछु," -प्रकाश २२:१२, सम्म नै हामी उहाँको काम बारे पढ्दछौं औ उहाँकै आवाज सुन्छौं ।

मुक्तिदातासित परिचित हुन चाहनु हुन्छ भने सम्पूर्ण बाइबल अध्ययन गर्नुहोस् ।

सारा हृदय परमेश्वरको वचनले भर्नुहोस् । यी वचनहरू तपाईंको प्यासलाई मेटाउने जीवित पानी हो । यी वचनहरू स्वर्गीय जीवित भोजन हो । येशू भन्नुहुन्छ, "तिमीहरूले मानिसको पुत्रको शरीर खाएनौ र उसको रगत पिएनौ भने तिमीहरू आफैमा जीवन हुँदैन" यूहन्ना ६:५३ । उहाँ आफैले यसलाई स्पष्ट रीतिले बुझाउनु हुन्छ, "ती कुरा जो मैले तिमीहरूसित गरेको छु आत्मा र जीवन हुन्," यूहन्ना ६:६३ । हामी जे खान-पीन गर्छौं त्यसबाट हाम्रो शरीर बन्छ, वास्तविक जीवन झैं आत्मिक जीवनमा पनि जस्तो प्रकारको भोजन खान्छौं त्यति नै आत्मिक शक्ति पाउँछौं ।

उद्धारको कार्यलाई स्वर्गदूतहरू पनि अति उत्सुक भएर हेर्दैछन् । अनन्त जगतमा उद्धार पाएका मानिसहरूको यही विषय नै आफ्नो विज्ञान औ गति हुनेछ । के यसलाई हामीले अहिले ध्यान दिनु उचित छैन र ? येशूको. दया, प्रेम र उहाँले हाम्रो निम्ति गर्नु भएको बलिदान

एक गम्भीर मनन् योग्य विषय हो । हामीले हाम्रा मुक्तिदाता र मध्यस्थको काम गर्नेको चरित्रमा मनन् गर्नुपर्छ । हामीले उहाँको जीवनको लक्ष्य के हो भनी विचार गर्नुपर्छ, किनभने उहाँ आफ्ना मानिसहरूलाई पापदेखि बचाउन आउनुभयो । हामीले यसरी स्वर्गीय विषयहरूमा चिन्तन गऱ्यौं भने हाम्रो विश्वास औ प्रेम बलियो हुँदै जान्छ र हाम्रो प्रार्थनाहरू पनि परमेश्वर अघि ग्रहणयोग्य हुन्छ किनभने हाम्रो प्रार्थनामा विश्वास र प्रेम प्रचुरमात्रामा मिलेको हुन्छ । यसैले हाम्रो प्रार्थना अर्थ र जोशपूर्ण हुन्छ । येशूमाथि निरन्तर भरोसा हुन्छ र दिनहूँ, उहाँको जीवित शक्तिको बढ्दो अनुभव हुन्छ । जो येशूको माध्यमद्वारा परमेश्वर कहाँ आउँदछन, उहाँको शक्तिले उनीहरुलाई पूर्ण रुपले बचाउनेछ ।

जब हामी हाम्रा मुक्तिदाताको सिद्धान्तमाथि ध्यान दिन्छौं, हामी उहाँकै स्वरुपमा परिवर्तन भएको चाहन्छौँ र उहाँ जस्तै पवित्र बन्न उहाँसँग माग्ने छौं । उहाँ जस्तै बन्नलाई हाम्रो आत्मा भोकाउने र तिर्खाउने छ । ख्रीष्टको विचारमा हामी जति मग्न बन्छौं उति नै हामी अरुसँग उहाँको चर्चा गर्नेछौं, साथै पृथ्वीमा उहाँको साक्षी बन्नेछौं ।

विद्वानहरूका निम्ति मात्र बाइबल लेखिएको थिएन, बरु यो सर्व-साधारण मानिसहरूका निम्ति लेखिएको थियो । बाइबलमा उद्धारको निम्ति आवश्यक पर्ने सत्यताका कुराहरू मध्ये दिन झैं स्पष्ट छ, परमेश्वरको इच्छा पढेर कसैले बाटो बिराउँदैन, तर जो आफ्नो निर्णय अनुसार हिंड्न थाल्छ उसैले मात्र बाटो बिराउनेछ ।

हामीले बाइबलको शिक्षा बारे अरुको मुखको वयानलाई पूर्णरुपले विश्वास गर्नु हुँदैन, तर हामी आफैलाई नै अध्ययन गर्नुपर्छ । अरुको विचारमा आफ्नो जीवन चलायौं भने हाम्रो शक्ति क्षीण हुन्छ र हाम्रो योग्यताहरू ओइलाएर जान्छन् । हाम्रो मगजको श्रेष्ठ शक्तिहरू अभ्यास बिना क्षीण भएर जान्छ र समयमा परमेश्वरको वचनको गहिरो अर्थहरू बुझ्नै नसक्ने गरी दुर्बल बन्नेछ, तर यदि बाइबलको बिभिन्न विषयहरू अध्ययन गर्दै चयनसँग वचनको तुलना गऱ्यो र आत्मिक कुराहरूको छानबिन गर्दै गऱ्यो भने हाम्रो बुझ्ने शक्ति तीब्र बन्दै जान्छ । ज्ञान विकाश गर्नलाई बाइबल अध्ययन बाहेक अरु कुनै कुरा छैन । विचारलाई उच्चमा उठाउने हाम्रा क्षमताहरूलाई अझ बलवन्त बनाउने बाइबलका धनाढ्य सत्यताहरूलाई जस्तै अरु कसैले सक्तैन । यदि परमेश्वरको वचन जसरी अध्ययन गर्नुपर्ने थियो, त्यसरी नै गरिएको भए

मानिसहरू सफा हृदय, उच्च चरित्र औ स्थिर आकांक्षा भएका हुन्थे जो आजकल बिरलै देखिन्छ ।

हतारसाथ बाइबल पढ्नाले कुनै लाभ हुदैन । मानिसले सम्पूर्ण बाइबल पढि सकेर पनि त्यहाँ भएको सुन्दरता नदेख्न सक्छ तथा गहिरा र रहस्यमय ज्ञानका कुरा पनि नभेट्टाउन सक्छ । उद्देश्य र लक्ष्य बिना धेरै अध्याय पढेर त्यसबाट कुनै शिक्षा नपाउनु भन्दा एउटा सानो खण्डको समस्त महत्व बुझ्नु बढी फाइदाजनक छ । बाइबल सँधै आफ्नो साथमा राख्नुहोस् । मौका पाउनासाथ यसलाई पढ्नुहोस्, पदहरू कण्ठ गर्नुहोस् । बाटोमा हिंड्दा हिंड्दै पनि तपाईंले एक पद पढेर त्यस माथि ध्यान गरी मनमा याद राख्न सक्नु हुनेछ ।

हामीले बाइबल उत्सुकतापूर्वक ध्यान दिएर प्रार्थना सहित अध्ययन गरेनौं भने ज्ञान हासिल गर्न सक्तैनौं । कुनै कुनै भाग सरसरी पढ्नाले नै बुझिन्छ, तर कतिवटा पदको अर्थ सतह भन्दा तल लुकेर बसेको हुन्छ । वचन-वचनसितै तुलना गर्नुपर्छ । होशियारी अध्ययन र प्रार्थनापूर्ण चिन्तनको फल लाभदायक हुन्छ । यस प्रकारको अध्ययनले प्रशस्त फायदा गर्छ । खानीमा काम गर्नेले पृथ्वीको मुनि कुनै बहुमूल्य धातु अविष्कार गरेझैं परमेश्वरको वचन माथि अनुसन्धान गर्ने व्यक्तिले त्यसभित्र लुकेको सत्यताको सम्पति पाउँछ, जो लापरवाही साथ बाइबल पढ्नेहरूले पाउन सक्तैनन् । जसले यी प्रेरणाका वचनहरूलाई आफ्नो हृदयमा राख्छ उसको जीवनबाट जीवित नदीहरू बगी निस्कनेछ ।

प्रार्थनाबिना बाइबल कहिल्यै पनि अध्ययन गर्नु हुँदैन । यसका पानाहरू पल्टाउन अघि पवित्रात्माको प्रकाश माग्नुपर्छ औ यो दिइन्छ । येशूले नथनेललाई आफूकहाँ आइरहेको देखेर तिनको विषयमा भन्नुभयो- "हेर साँच्चै एउटा इस्रायली जस्मा छल छैन" नथेनेलले उहाँलाई भने- "तपाईंले मलाई कसरी चिन्नुभयो ?" फिलीपले तिमीलाई बोलाउन अघि तिमी नेभाराको रुख मुनी हुँदा मैले तिमीलाई देखें", यूहन्ना १:४७-४८ । हामी गुप्त स्थानमा प्रार्थनामा बसेको येशूले देख्नु हुन्छ, उहाँको ज्योतिलाई खोज्यौं भने हामीले सत्य के हो भनी जान्न सक्छौं । जसले नम्र बनेर स्वर्गीय मद्दत माग्छ उसैसित ज्योतिको संसारमा रहने स्वर्गदूतहरू बस्नेछन् ।

पवित्रात्माले हाम्रो मुक्तिदातालाई जहिले पनि बढाई र इज्जत गर्नुहुन्छ । पवित्रात्माको काम नै ख्रीष्टलाई उहाँको धार्मिकता र पवित्रतामा प्रस्तुत गर्नु हो र उहाँको उद्धारलाई बताउनु हो । येशू भन्नु हुन्छ "पवित्रात्माले मेरो महिमा गर्नु हुनेछ, किनभने मबाट नै लिएर

तिमीहरूलाई यो घोषणा गर्नु हुनेछ", यूहन्ना १६:१४ । यही सत्यको आत्माले नै हामीलाई स्वर्गको सत्यता सिकाउन सक्नु हुन्छ । परमेश्वरले मानव जातिलाई कतिको महत्वपूर्ण स्थानमा राख्नु भएको छ, किनभने उहाँले आफ्नै पुत्रलाई तिनीहरूको उद्धारका निम्ति दिइहाल्नु भयो औ आफ्नो आत्मालाई पनि मानिसको शिक्षक र साथी बन्नलाई दिनुभयो ।

# ११ प्रार्थना गर्ने सौभाग्य

हामीसित प्रकृति औ प्रकाश, उहाँको आफ्नै पूर्व-प्रबन्ध र उहाँको आत्माको प्रभावद्वारा परमेश्वर बोल्नु हुन्छ । तर यति नै पर्याप्त छैन, हामीले हाम्रा हृदयका कुरा उहाँको अघि खन्याउनु पर्छ । आत्मिक जीवन औ शक्ति पाउनलाई ईश्वर पितासित हाम्रो असल सम्बन्ध हुनुपर्छ । हाम्रो मन उहाँतर्फ नै खिचिएको होला, उहाँको काम, करुणा औ आशिषहरू माथि ध्यान गर्छौं होला तर पूर्ण अर्थमा यो उहाँसितको संगति होइन । परमेश्वरसित सम्बन्ध राख्नका निम्ति हाम्रो वास्तविक जीवन बारे उहाँलाई भन्ने केही हुनुपर्छ ।

आफ्नो प्रिय मित्रसित हृदय खोलेझैं परमेश्वरसित पनि हृदय खोल्नु नै प्रार्थना हो । हामी के हौं भनी परमेश्वरलाई बुझाउनका निम्ति होइन, तर हामीले उहाँलाई ग्रहण गर्ने क्षमता पाउनका निम्ति । प्रार्थनाले परमेश्वरलाई हामीकहाँ ल्याउँदैन तर हामीलाई उहाँतर्फ उचाल्दछ ।

येशू यस संसारमा हुनु हुँदा चेलाहरूलाई प्रार्थना गर्न सिकाउनुभयो । उहाँले आफ्ना दैनिक आवश्यकताहरू परमेश्वरकहाँ ल्याउन औ आफ्ना सारा फिक्रि उहाँमाथि छोड्न पनि सिकाउनुभयो । चेलाहरूको प्रार्थना सुन्छु भन्ने जुन आश्वासन उहाँले दिनुभयो त्यही आश्वासन हाम्रो निम्ति पनि हो ।

येशू यस संसारमा मानिसहरूको माझमा रहनु हुँदा प्रायः धेरै चोटी प्रार्थनामा बस्नु हुन्थ्यो । मुक्तिदाता आफै पनि हाम्रा आवश्यकता र कमजोरीमा हामी जस्तै बन्नुभयो, किनभने उहाँले आफ्नो पिताबाट दिन-रात ताजा शक्ति माग्नु हुन्थ्यो, किनभने उहाँले पनि आफ्नो कर्तव्य पूरा गरी परीक्षामा उत्तीर्ण हुनुपर्थ्यो । हरेक कुरामा उहाँ हाम्रा दृष्टान्त हुनुहुन्थ्यो । हाम्रा दुर्बलतामा उहाँ हाम्रो जेठो दाज्यू हुनुहुन्छ । हामी झैं प्रत्येक कुरामा उहाँलाई पनि परीक्षा आइलाग्थ्यो, तर उहाँ पाप रहित हुनु भएको कारण स्वभावैले दुष्टतादेखि पछि सर्नु हुन्थ्यो । यस पापमय संसारमा उहाँको आत्माले संघर्ष औ अत्याचार सहनु पर्‍यो । उहाँको मानवताले प्रार्थनाले एक आवश्यक औ सौभाग्यको कुरा बनायो । पितासित संगति राख्दा उहाँले आराम औ आनन्द अनुभव गर्नु हुन्थ्यो ।

हाम्रा मुक्तिदाता परमेश्वरका पुत्र भईकन पनि उहाँलाई प्रार्थनाको आवश्यकता थियो भने हामी दुर्बल पापी मरणशील मानवहरुलाई भक्तिमय निरन्तर प्रार्थनाको कति जरुरत होला ?

हाम्रा परमेश्वर पिताले हामीलाई भरिपूर्ण आशिष प्रदान गर्नु अत्यन्त उत्सुक हुनुहुन्थ्यो । उहाँको असीमित प्रेमको जल स्रोतबाट हामीले प्रशस्त पिउनु पर्छ तर अचम्मको कुरा के छ भने हामी अति थोरै समय प्रार्थनामा बिताउँछौं । परमेश्वर आफ्ना जनहरुको अन्तर विन्ति सुन्न तयार हुनुहुन्छ तर हामीचाहिँ आफ्नो आवश्यकताहरू उहाँलाई जनाउन त्यत्ति इच्छुक हुदैनौं । स्वर्गदूतहरूले पनि दुर्बल असहाय मानव जातिलाई के सम्झन्छन् होला ? जो विश्वासमा कमजोर औ परीक्षाहरूले घेरिएर बसेका हुन्छन् औ परमेश्वरले आफ्नो अनन्त प्रेम उनीहरूलाई दिन तयार हुनुहुन्छ तर पनि तिनीहरू प्रार्थना गर्न पटक्क इच्छा गर्दैनन् । परमेश्वरको हृदय सँधै तिनीहरू प्रति नै लालयित हुन्छ औ जति तिनीहरूले माग्छन्, त्यो भन्दा अझ बढी दिन तयार हुनुहुन्छ । स्वर्गदूतहरू परमेश्वरको अघि झुक्न मन पराउँछन्, तिनीहरू उहाँको जतिसक्दो नजिक बस्ने इच्छा गर्छन् । परमेश्वरसित संगति राख्न अति हर्षित हुन्छन्, तर परमेश्वरको सहायताद्वारा मात्र स्वच्छ जीवन बिताउन सक्ने संसारका मानिसहरू उहाँको आत्मिक ज्योति औ संगतिको उपस्थिति बिना नै हिंड्न सन्तुष्ट हुन्छन् ।

प्रार्थना गर्न नचाहने व्यक्तिहरूलाई दुष्टताको अन्धकारले घेरा हाल्छ । अरुले नसुन्ने गरी शैतानले उसलाई साउती वा कानेखुसी गरी पापतर्फ लम्काउँछ, परमेश्वरले दिनुभएको स्वर्गीय समय प्रार्थनाको हक प्रयोग नगरेको कारणले नै यस्तो हुन्छ । हामी परमेश्वरका छोरा-छोरी भईकन पनि प्रार्थना गर्न किन इच्छा गर्दैनौं, जबकि विश्वासको हातको लागि प्रार्थना स्वर्गीय भण्डारको साँचो हो, जुन भण्डारमा सर्वशक्तिमान् पिताको प्रचुर सम्पत्ति छ । अटुट प्रार्थना गरेर जागा रहेनौं भने हामी बेपरवाही बन्ने खतरा हुन्छ औ हामी ठीक मार्गबाट पनि चुक्ने छौं । साँचो प्रार्थना औ विश्वासद्वारा परीक्षाको सामना गर्ने शक्ति हामी पाउँछौं, यसै कारण शत्रुले हामीलाई परमेश्वरको कृपा आसनतिर जान दिंदैन ।

कतिपय शर्तहरू छन् जुन पूरा गरेमा परमेश्वरले हाम्रो प्रार्थना सुन्नु हुनेछ औ उत्तर पनि दिनुहुनेछ । सर्वप्रथम उहाँको मद्दत चाहिन्छ भनी हामीले बुझ्नुपर्छ । यशैया ४४:३ मा उहाँले प्रतिज्ञा गर्नुभएको छ- "म तिर्खाएकोलाई पानी खन्याइदिनेछु र सुख्खा जमिनमा खोला बगाउने

छु ।" परमेश्वरको निमित्त भोका र प्यासा भएकाहरू निश्चय नै तृप्त गरिनेछन् । पवित्रात्माको प्रभावमा हृदयको ढोका खोलिनुपर्छ नत्र परमेश्वरको आशिष पाउने छैनौं ।

हामीमा जुन खाँचो छ त्यही खाँचोले नै हाम्रो निम्ति सबैभन्दा प्रभावशाली तर्क गर्न सक्छ र हाम्रो पक्षमा बोल्न सक्छ । प्रभु भन्नु हुन्छ, "माग त तिमीलाई दिईन्छ" मत्ती ७:७ । उहाँले आफ्नै पुत्रलाई त बाँकी राख्नु भएन, तर हामी सबैका निम्ति उहाँलाई सुम्पिदिनु भयो । उहाँले हामीलाई सबै थोक पनि उहाँको साथमा सित्तैंमा कसरी दिनु हुने छैन र ? रोमी ८:३२ ।

यदि हृदयमा अधुरो राख्यौं भने तथा कुनै पापमा झुण्डिराखेका छौं भने परमेश्वरले हाम्रो प्रार्थना सुन्नु हुन्न, तर चूर्ण र दीन आत्माको प्रार्थना सँधै ग्रहण गरिन्छ । जब सबै भूलहरू ठीक गरिन्छ । परमेश्वरले हाम्रो प्रार्थनाको उत्तर दिनु हुनेछ भनी विश्वास गर्न सक्छौं । हामी आफ्नै गुणहरूले परमेश्वरको कृपा दृष्टि अगाडी कदापी पुग्न सक्तैनौं, ख्रीष्टको योग्यताले मात्र हामी बचाइन सक्छौं, औ उहाँको रगतले मात्र हामीलाई धुन सक्छ, तर यसलाई ग्रहण गर्नका निम्ति पनि कतिवटा शर्तहरू पालन गर्नु पर्छ ।

प्रार्थना सफल बन्ने अर्को मूख्य त विश्वास हो । "किनभने जो परमेश्वरकहाँ आउँछ, त्यसमा उहाँको अस्तित्व छ भन्ने र उहाँलाई खोज्नेहरूलाई प्रतिफल दिनुहुन्छ भन्ने अवश्य विश्वास गर्नुपर्छ ", हिब्रु ११:६ । येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो- " सबै कुरा जे पाएका छौ भन्ने विश्वास राख र त्यो तिमीहरूले पाउनेछौ", मर्कूस ११:२४ । के हामी उहाँको वचनलाई विश्वास गर्छौं ?

यो आश्वासन विस्तृत औ असिमित छ, औ उहाँ आफ्नो प्रतिज्ञा पूरा गर्नमा विश्वास योग्य हुनुहुन्छ । हामीले मागेको कुरा नपाउँदा पनि प्रभुले हाम्रो प्रार्थना सुन्नु हुन्छ र मागेको दिनु हुन्छ हामीले विश्वास गर्नुपर्छ । हामी भूल गरिरहने अन्धा मानिस हौं । धेरैचोटी हामीले मागेको कुराले हामीलाई आशिष ल्याउँदैन, औ हाम्रा परमेश्वर पिताले ठूलो प्रेममा हामीलाई त्यही कुराहरू दिनुहुन्छ, जुन चाहीं हाम्रो उच्चतम भलाईको लागि हुन्छ । स्वर्गीय ज्ञानले हामी पूर्ण भयौं भने पनि हामी वास्तवमा त्यही कुराहरूको लालसा गर्नेछौं, जुन परमेश्वरले हामीलाई दिनुहुन्छ । प्रार्थनाको उत्तर पाएनौं भने पनि हामीले उहाँको प्रतिज्ञा माथि भरोसा गरिरहनु पर्छ, किनभने परमेश्वरले आफ्नो समयमा उत्तर दिनु हुनेछ, औ हामीले त्यही आशिष पाउनेछौं, जुन चाहीं हाम्रो लागि

अति आवश्यक छ । तर हामीले मागेका र चिताएका जस्तै नै प्रार्थनाको उत्तर सँधै पाउँछौं भन्नु हाम्रो झूठो विश्वास हो । परमेश्वरले कहिल्यै भूल गर्नु हुन्न, ईमान्दारीसित हिंड्नेहरूलाई भलो कुरा प्रदान गर्नमा उहाँ चुक्नु हुन्न । यसर्थ हाम्रो प्रार्थनाको उत्तर झट्टै नपाएमा पनि उहाँ माथि भरोसा गर्न नहिचकिचाउनुहोस् । "माग त तिमीहरूलाई दिइन्छ ।" यो प्रतिज्ञा माथि भर पर्नुहोस् ।

यदि हामी हाम्रो शंका र डरहरूको अधीनमा पुग्यौं भने र विश्वास नभई नबुझेका कुराहरूलाई समाधान गर्ने कोशिस गर्‍यौं भने समस्याहरू बढ्दै जान्छ औ हाम्रा कठिनाईहरू झन् बढ्नेछ र तिब्र बन्नेछ । हामी वास्तवमा असहाय र परमेश्वरमा निर्भरशील छौं, हामी यस्तै रुपमा नम्र बनी उहाँलाई हाम्रो खाँचोहरू पूर्ण विश्वासका साथ बताउँछौं भने उहाँले हाम्रो कुरा सुन्नु हुनेछ, किनभने उहाँले सबै कुरा जान्नुहुन्छ र सारा विश्वासलाई चलाउनु हुन्छ । निष्कपट प्रार्थनाद्वारा हामी अनन्त परमेश्वरको हृदयसित सम्बन्ध राख्न सक्छौं । हाम्रा उद्धारकर्ताको चेहरा हाम्रो प्रार्थना सुन्न दया र प्रेममा हामीतर्फ झुकेको हामीले थाहा पाउँदैनौ होला, तर यो सत्य हो । हामीले उहाँको स्पर्श प्रत्यक्षरुपले नदेखे तापनि उहाँको प्रेममय करुणामय हात हामी माथि हुन्छ ।

जब हामी परमेश्वरको दया औ आशिषको निम्ति उहाँको चरणमा आउँछौं, हामी आफैमा पनि प्रेम औ क्षमाशीलताको आत्मा हुनुपर्छ, नत्र हामीले कसरी "हाम्रा अपराध क्षमा गर्नुहोस् जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" भन्न सक्छौं मत्ती ६:१२ । यदि हाम्रो प्रार्थना सुनेर परमेश्वरले हामीलाई क्षमा दिउन् भनी हामी इच्छा राख्छौं भने हामीले पहिले अर्काको पाप त्यसरी नै क्षमा दिन सक्नु पर्छ ।

खुरुन्धार प्रार्थना गर्नु नै त्यसको उत्तर पाउने शर्त हो । विश्वास औ अनुभव वृद्धि हुन चाहन्छौं भने हामीले सँधै प्रार्थना गर्नुपर्छ । हामी प्रार्थनामा निरन्तर लागि रहनुपर्छ, औ सतर्क रहेर धन्यवाद साथ जागो रहनु परेको छ । पत्रुसले विश्वासीहरूलाई "प्रार्थनामा सचेत रहो" भनेका छन् १ पत्रुस ४:७ । पावेलले भनेका छन्- "सबै कुरामा धन्यवाद देओ, प्रार्थना र अन्तरबिन्तिमा तिमीहरूका माग परमेश्वरमा जाहेर होस् ।" फिलिप्पी ४:६ । यहूदा भन्नुहुन्छ - "हे प्रिय हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा, आफैलाई परमेश्वरको प्रेममा राखिछोड" यहूदा २०,२१ । निरन्तर प्रार्थना भनेको आत्मा र परमात्माको

अटुट सम्बन्ध हो यस्तो सम्बन्धमा परमेश्वरको जीवन हाम्रो जीवनतिर बगेर आउँछ अनि हाम्रो जीवनबाट शुद्धता र पवित्रता उहाँतर्फ बगेर जान्छ ।

प्रार्थनामा परिश्रम गर्नु अत्यन्तै आवश्यक छ । यसमा कुनै बाधा पर्न नदिनुहोस् । येशू औ तपाईंको माझमा संगति मजबुत राख्नलाई हर प्रकारको प्रयास गर्नुहोस् । जहाँ जहाँ प्रार्थना सभाहरू राखिन्छ, त्यहाँ जाने मौका नगुमाउनुहोस्, परमेश्वरसँग संगति राख्न चाहने व्यक्तिहरू प्रार्थना सभामा सँधै देखिन्छन् । तिनीहरू कर्त्तव्यपरायण हुन्छन् औ परमेश्वरको आशिष पाउनलाई ज्यादै कोशिस गर्छन्, जहाँ स्वर्गको प्रकाश पाइन्छ त्यहाँ उनीहरू हुन चाहन्छन् ।

हाम्रो पारिवारिक प्रार्थना हुनुपर्छ, औ त्यो भन्दा बढी हामीले गुप्तमा प्रार्थना गर्न छोड्नु हुँदैन, किनभने यो आत्माको जीवन हो । प्रार्थनारहितको आत्मिक जीवन फलदायी हुन सक्तैन । पारिवारिक एवं सार्वजनिक प्रार्थनामात्र पर्याप्त छैन । एकनासमा आत्मालाई परमेश्वरको नजर अघि खुल्ला राखि दिन आवश्यक छ । यसरी गुप्तमा गरेको प्रार्थना परमेश्वरले मात्र सुन्नु हुन्छ । अरु कुनै मानिसहरूले यस्तो गहिरो प्रार्थना सुन्नु हुँदैन । गुप्त प्रार्थनामा आत्मा वरिपरिका प्रभावहरू औ उत्तेजनाहरू देखि स्वतन्त्र हुन्छ । शान्त औ भक्तिसाथ त्यो परमेश्वर कहाँ पुग्नेछ, गुप्तमा हृदयदेखि गरेको प्रार्थना सुन्नलाई कान खुल्ला राख्ने, परमेश्वर देखि प्रार्थना गर्ने व्यक्तिले मिठो संगतिको वासना पाउने छ । शान्त औ सरल विश्वासद्वारा आत्माले परमेश्वरसित संगति राख्छ औ यसैले दिव्य ज्योतिको किरणहरू जम्मा गरेर शैतानसित संघर्ष गर्ने शक्ति हासिल गर्छ । परमेश्वर हाम्रो शक्तिको धरहरा हुनुहुन्छ । गुप्त कोठामा प्रार्थना गर्नुहोस् । तपाईं आफ्नो दैनिक धन्दामा लाग्नु हुँदा पनि बारम्बार परमेश्वर तर्फ आफ्नो हृदय उठाउनुहोस् । यसरी नै हनोक परमेश्वरसित हिंड्थे । गुप्त प्रार्थनाहरू अनुग्रहको सिंहासनको अघि बहुमूल्य धूप जस्तै जल्नेछ । जसको हृदय परमेश्वर माथि बसेको हुन्छ, शैतानले उसलाई जित्न सक्तैन ।

परमेश्वरलाई प्रार्थना गर्न निश्चित समय वा स्थान चाहिंदैन । साँचो प्रार्थना गर्दा हाम्रो हृदयलाई कुनै चिजले बाधा पुऱ्याउदैन् । सडकको भीडमा, कामदामको व्यस्ततामा पनि हामीले परमेश्वरकहाँ आफ्ना अन्तर बिन्तिहरू पठाउन सक्छौं । भविष्यवर्ता नहेम्याहले राजा आर्ट-जारसेज अघि बिन्ति चढाउँदा परमेश्वरको अगुवाई मागे झैं हामी पनि गर्न सक्छौं । हामी जहाँ भए पनि उहाँसित संगति राख्न सक्छौं तर

हाम्रो हृदयको ढोका निरन्तर खुल्ला रहनुपर्छ औ येशूलाई आत्मामा स्वर्गीय पाहुनाको रुपमा रहन दिनुपर्छ ।

यद्यपि हाम्रा वरिपरि अशूद्ध औ भ्रष्टाचारी वातावरण हुन्छ तैपनि यस्तो विषालु वातावरणमा हामीले श्वास फेर्नु आवश्यक छैन, तर स्वर्गीय शुद्ध वायुमा बाँच्नुपर्छ । निष्कपट प्रार्थनाद्वारा आत्मालाई परमेश्वरको उपस्थितिमा खडा गराएर अशुद्ध कल्पनाहरू र अपवित्र विचारहरूको प्रत्येक ढोकालाई बन्द गर्न सक्छौं । परमेश्वरको सहायता औ आशिष प्राप्त गर्नको निम्ति खुल्ला हृदय राख्ने व्यक्तिहरू पवित्र वातावरणमा हिंड्छन् औ परमेश्वरसित निरन्तर संगति राख्छन् ।

हामीले ख्रीष्टको बारेमा अझ स्पष्ट ज्ञानहरू पाउनुपर्छ र अनन्त सत्यताहरूको अझ पूर्ण ज्ञान हासिल गर्नुपर्छ । पवित्रताले प्रभुका मानिसहरूको हृदय भरिएको हुनुपर्छ र यस्तो हुनका लागि हामीले स्वर्गीय कुराहरूको प्रकटीकरणका निम्ति प्रार्थना गर्नुपर्छ ।

हाम्रो आत्मा हामीदेखि बाहिर र माथि उठोस्, यसमा परमेश्वरले हाम्रो बीचमा स्वर्गीय वातावरण दिनु हुन्छ । हामी परमेश्वरको यति नजिक रहनु पर्छ कि आकस्मिक परीक्षामा हाम्रो विचार स्वतः नै उहाँतर्फ फर्कियोस्, जसरी फूल घामतिर फर्कन्छ ।

तपाईंका आवश्यकताहरू, आनन्द, दुःख, फिक्री, भय सबै परमेश्वर अघि राख्नुहोस् । तपाईंले उहाँलाई बोझ दिनु हुन्न, उहाँ थाक्नु र दिक्क मान्नु हुन्न, जसले तपाईंको शिरको कपालको गन्ती राख्नु हुन्छ भने, आफ्ना मानिसहरूको अभावको पूर्ति गर्न विरक्त मान्नुहुन्न, "प्रभु टिठाउनमा भरिपूर्ण र कृपालु हुनुहुन्छ", याकूब ५:११ । उहाँको प्रेममय हृदय हाम्रो दुःखको उच्चारणले मात्र पनि दूःखित बन्छ । मनलाई व्याकुल बनाउने प्रत्येक कुरा उहाँकहाँ लैजानुहोस् । कुनै पनि कुरा उहाँले उठाउन नसक्ने भन्ने छैन, किनभने उहाँले संसारलाई थामेर राख्नुभएको छ औ सारा विश्वको कार्यभार सम्हाल्नु हुन्छ । हाम्रो शान्तिसँग सम्बन्ध राख्ने कुनै कुरा पनि उहाँको निम्ति सानो होइन । हाम्रा अनुभवको कुनै अध्ययन पनि उहाँले पढ्न नसक्ने अँध्यारोमा छैनन् । उहाँले समाधान गर्न नसक्ने कुनै समस्या नै छैन । उहाँ सबैभन्दा सानो बालकलाई पर्ने विपत्ति, आत्माको चिन्ता वा आनन्दका साथै उसले गरेको प्रार्थनाको उच्चारणलाई समेत सँधै देख्नु हुन्छ र त्यसमा चासो राख्नु हुन्छ । "उहाँले मन भाँचेकाहरूलाई निको पार्नुहुन्छ र तिनीहरूको मनको चोटमा पट्टी बाँधि दिनुहुन्छ" भजन संग्रह १४७:३ । परमेश्वर र विश्वासी मानिसहरूको सम्बन्ध एक विशिष्ट सम्बन्ध हो ।

त्यो मानिस बाहेक पृथ्वीमा अर्को मानिस नभएको जस्तो उहाँले त्यससँग सम्बन्ध राख्नु हुन्छ र त्यसको हेरचाह गर्नुहुन्छ, जसको उद्धारको लागि उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो ।

येशूले भन्नुभयो, "तिमीहरू मेरो नाउँमा माग्नेछौ, र म, तिमीहरूका निम्ति, पितालाई बिन्ती गर्नेछु भनी तिमीहरूलाई भन्दिनँ", यूहन्ना १६:२६ । "किनभने पिता आफै तिमीहरूलाई माया गर्नुहुन्छ ।" यूहन्ना १६:२७ "मैले तिमीहरूलाई रोजें जे तिमीहरूले मेरो नाउँमा पितासँग मागौला उहाँले तिमीहरूलाई दिनु हुनेछ", यूहन्ना १५:१६ । येशूको नाउँमा प्रार्थना गर्नु भनेकोचाहिँ प्रार्थनाको शुरु र अन्तमा उहाँको नाउँ मात्रै लिनु होइन । हामीले येशूको मन औ आत्मामा भईकन प्रार्थना गर्नुपर्छ, उहाँको प्रतिज्ञाहरूमा विश्वास गर्नुपर्छ, उहाँको अनुहार औ काममा पनि भरोसा गर्नुपर्छ र उहाँले गरेको काम गर्नुपर्छ ।

हामीले परमेश्वरको उपासना गर्नका निम्ति संसार त्यागी साधु वा भिक्षु बनेको उहाँ चाहनुहुन्न । हाम्रो जीवन ख्रीष्टको जीवन झैं हुनुपर्छ, अर्थात् प्रार्थनाको पहाड र मानिसहरूको भीडको माझमा रहने जीवन । प्रार्थना मात्रै गर्ने व्यक्तिहरूले चाँडै प्रार्थना गर्न बन्द गर्नेछ अथवा उसको प्रार्थना केवल नित्यकर्म मात्रै हुन्छ । जब मानिसहरूले आफैलाई सामाजिक जीवन देखि टाढा राख्छन् ईसाई कर्तव्य र क्रूसको जीवनदेखि भाग्छन् र आफ्ना प्रभुको निम्ति उत्सुकतापूर्वक काम गर्दैनन् भने तिनीहरूसित प्रार्थनाको विषय वस्तु नै रहँदैन औ भक्तिको प्रेरणा पनि हुँदैन । तिनीहरूको प्रार्थना व्यक्तिगत औ स्वार्थीमात्र हुन्छ । तिनीहरूले मानिसहरूको आवश्यकताको निम्ति प्रार्थना गर्न सक्तैनन् तथा ख्रीष्टको राज्यको वृद्धिमा चाहिने शक्तिको लागि पनि प्रार्थना गर्दैनन् ।

परमेश्वरको सेवामा एक साथ भेला भएर एक अर्कालाई शक्ति तथा ढाढस दिने कामलाई अपेक्षा गर्‍यौं भने हामीले नोक्सान सहनु पर्नेछ । हाम्रो मनदेखि उहाँको सत्यताको उज्वलता र महत्व घट्दै जान्छ । हाम्रो हृदय पवित्र प्रभावहरूदेखि ज्योति पाउनु र उत्तेजित हुन बन्द हुन्छ र आत्मिक पतन हुन्छ । ईसाई साथीहरूमा एक-अर्कामा सहानुभूति हुँदैन । जसले आफैलाई बन्द गरेर राख्छ उ परमेश्वरको ढाँचा मिल्न सक्तैन । सामाजिक कुरासँग ठीक-ठीक सम्बन्ध राख्नाले हामीमा सहानुभूति उत्पन्न हुन्छ र परमेश्वरको सेवाको वृद्धिका निम्ति उपाय एवं शक्ति बन्न जान्छ ।

यदि ईसाईहरू एक-अर्कामा संगति गर्दै परमेश्वरको प्रेमको चर्चा गर्ने भए र उद्धारको वास्तविकता माथि कुराकानी गर्ने भएमा उनीहरूको हृदयमा नयाँ उत्साह आउनेछ र उनीहरूले एक-अर्कालाई पनि उत्साहित बनाउन सक्नेछन् । हामीले दिनहुँ हाम्रा स्वर्गमा बस्नु हुने पिताको बारेमा सिक्नेछौं र उहाँको अनुग्रहको ताजा अनुभव पाइरहनेछौं, तब हामीलाई उहाँको प्रेमको बारेमा कुरा गर्ने इच्छा हुन्छ र त्यसो गर्दा हाम्रो हृदय पनि न्यानो बन्नेछ र उत्साहित हुनेछ । हामीले आफ्नो विषयमा भन्दा बढी येशूको बारेमा बोल्यौं भने उहाँको उपस्थिति बढी मात्रामा थाहा पाउनेछौं ।

जति चोटी हामी उहाँको रेखदेखको प्रमाण पाउँछौं, त्यति चोटी परमेश्वरलाई हामीले मनमा राख्छौं र सँधै उहाँको बारेमा कुरा गर्न र उहाँलाई प्रशंसा दिन इच्छुक रहनेछौं । हामी भौतिक कुराहरूको चर्चा गर्छौं किनभने ती सबैमाथि हामी उनीहरूलाई प्यार गर्छौं, किनकि हाम्रो दु:ख सुख तिनीहरूसँगै जोडिएको छ । तापनि यस पृथ्वीका साथीहरूलाई भन्दा परमेश्वरलाई प्रेम गर्ने हामीसँग बढी कारणहरू छन् । उहाँलाई हाम्रा विचारहरूमा प्राथमिकता दिनु र उहाँको करुणा र शक्तिको बारेमा कुरा गर्नु हाम्रा निम्ति अति स्वभाविक काम हुनुपर्छ । उहाँले दिनुभएको दामी उपहारहरू माथि नै विचार गरी हामी तिनै कुराहरूमा भुलिरह्यौं भने  परमेश्वरलाई त केही पनि नदिनु भन्ने उहाँको विचार थिएन, तर तिनीहरूले त निरन्तर हामीलाई उहाँको सम्झना दिनु र हाम्रा स्वर्गीय हितैषीसँग हामीलाई ठूलो भक्तिमा गाँस्नु पनि हो । हामी धरातलको साह्रै नजिक जिउँछौं । लौ! हामीले अब पवित्र स्थानतिर हाम्रो नजर उठाउँ, जहाँखीष्टको मुहारमा परमेश्वरको महिमाको ज्योति चम्कन्छ । “उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई  उहाँले सम्पूर्ण उद्धार गर्न सक्नु हुन्छ” हिब्रु ७:२५

हामीले परमेश्वरको धेरै प्रशंसा गर्नुपर्छ । “परमप्रभुको करुणाको निम्ति र मानिसका सन्तानहरू प्रति उहाँका आश्चर्य कामका निम्ति उहाँको प्रशंसा गरुन्”, भजनसंग्रह १०७:८ । हाम्रो धार्मिक सभाहरू केवल हाम्रो प्रार्थनामा माग्ने र थाप्ने मात्रमा सीमित हुनु हुँदैन । हामीले सँधै हाम्रा खाँचोहरूलाई नसम्झौं तर उहाँले गर्नु भएको भलाईहरू पनि सम्झौं । प्रार्थना हामी थोरै गर्छौं र हामी धन्यवाद चढाउनमा शिथिल छौं । हामीले परमेश्वरको करुणा चाहीं सँधै प्रशस्त लिन्छौं तर कति थोरै कृतज्ञता जनाउँछौं, र उहाँले गर्नुभएका कामहरूका लागि थोरै प्रशंसा चढाउँछौं ।

पौराणिक समयमा इस्रायलीहरू परमेश्वरको सेवाको निम्ति भेला हुँदा उहाँले यो आज्ञा दिनुभएको थियो “तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरका सामने खान-पिन गर्नु । तिमीहरू र तिमीहरूका परिवारले सबै काम जसमा परमप्रभु तिमीहरूका परमेश्वरले आशिष दिनुभएको छ तिनमा आनन्द मनाउनु” व्यवस्था १२:७ । परमेश्वरको महिमाको निम्ति जे काम गरिन्छ, त्यो रमाएर हर्षध्वनी र धन्यवादको गीतहरू गाएर गर्नु आवश्यक छ तर दुखित र अँध्यारो मुख लगाएर होइन ।

हाम्रा परमेश्वर नम्र औ करुणामय पिता हुनुहुन्छ । उहाँको सेवा हाम्रो लागि चिन्ता र भारी बोझ बन्नु हुँदैन । उहाँको उपासना औ काममा हामीले रमाउनु पर्दछ । परमेश्वरले यति महान् उद्धारको बन्दोबस्त नगर्नु भएको भए उहाँको छोरा-छोरी हामी हुने थिएनौं र उहाँ यो चाहनु हुन्न कि कठोर काम लिने मालिक हुनुहुन्छ भन्ने हामी धारणा लियौं । उहाँ हाम्रो परममित्र हुनुहुन्छ औ हामी उहाँको आराधनामा भेला हुँदा उहाँ पनि उपस्थित भई हामीलाई आशिष औ सन्त्वना दिनुहुन्छ र हाम्रो हृदय आनन्द औ प्रेमले भरिदिन चाहनु हुन्छ । परमेश्वर आफ्ना मानिसहरुले उहाँको सेवा खुशीसाथ गरेको र उहाँको काम कठिनता भन्दा बढी आनन्दसित गरेको हेर्न चाहनुहुन्छ । उहाँको इच्छा छ कि उपासना गर्न आउने व्यक्तिहरूको हृदय उहाँको प्रेम र कामले भरिएर जाउन् औ त्यसपछि तिनीहरूको आफ्नो दैनिक जीवनको कामकाज खुशीसाथ गर्न सकून् औ प्रत्येक कामलाई ईमान्दारी र विश्वासी भएर गर्न सकून् ।

हामी क्रूसको वरिपरि आउनुपर्छ । ख्रीष्ट औ उहाँलाई क्रूसमा चढाइएको कुरा हाम्रो चिन्तन, कुराकानी, आनन्द औ भावनाको अङ्ग हुनुपर्छ । जब हामीले परमेश्वरदेखि प्राप्त गरेको प्रत्येक आशिष बारे विचार गर्छौं तब साँच्चै हामीले उहाँको महान् प्रेमको परिचय पाउँछौं औ जीवनको प्रत्येक कुरा उहाँको क्रूसमा किलाले ठोकिएको हातमा सुम्पने इच्छा गर्नेछौं ।

प्रशंसाको पखेटाद्वारा नै हाम्रो आत्मा स्वर्गको नजिक पुग्छ । स्वर्गमा परमेश्वरको आराधना, भजन औ संगतिहरूद्वारा गरिन्छ औ जति हामी हाम्रो कृतज्ञता प्रकट गर्छौं उत्तिनै स्वर्गका जनहरूको आराधनाको नजिक पुग्छौं । “जसले प्रशंसा चढाउँछ, उसले उहाँको महिमा गर्दछ” भजनसंग्रह ५०:२३ । लौ ! हामी सृष्टिकर्ताको अगाडी भय र आनन्दको साथ “धन्यवाद र गीतको धुन” चढाउनु पर्छ । यशैया ५१:३

# १२ शङ्का बारे के गर्ने ?

धेरै मानिसहरू विशेष गरी ईसाई जीवनमा कलिलै भएकाहरू शंका तथा सन्देहले विचलित भएका हुन्छन् । बाइबलका कतिवटा कुराहरू तिनीहरूले बुझ्न र वर्णन गर्न सक्तैनन्, शैतानले यस्ता कुराहरूलाई लिएर तिनीहरूको विश्वास हल्लाउँछ । तिनीहरूले सोध्छन् "ठीक बाटो मैले कसरी जान्ने ? यदि बाइबल साँच्चै परमेश्वरको वचन हो भने म किन यस्ता समस्याहरूदेखि स्वतन्त्र भइनँ ?"

परमेश्वरले हाम्रो विश्वासको आधारका निम्ति यथेष्ट प्रमाणहरू नदिई विश्वास गर्न लगाउनु हुन्न । उहाँको अस्तित्व, उहाँको चरित्र औ उहाँको वचनको सत्यता यी सबैकुरा सत्य प्रमाणहरूमा आधारित छन् जुन चाहीं हाम्रो मगजले स्वीकार गर्न सक्छ । तैपनि परमेश्वरले शंका गर्ने सम्भावना हटाउनु भएको छैन । हाम्रो विश्वास प्रमाण माथि उभिएको हुनुपर्छ, प्रदर्शनमा होइन । शंका गर्न चाहनेले शंका गर्छन नै, तर सत्य जान्न चाहने व्यक्तिहरूका निम्ति विश्वास गर्ने प्रशस्तै मौका छन् ।

हाम्रो सीमित मगजले असीमित परमेश्वरका कामहरू बुझ्न असम्भव छ । तिब्र बुद्धि भएका धुरन्धर पण्डितका निम्ति पनि पवित्र परमेश्वर रहस्यको गहिराईलाई पर्दामा रहनु पर्छ ? के तपाईं परमेश्वरको रहस्यको गहिराईलाई बुझ्न सक्नु हुन्छ ? के तपाईं सर्वशक्तिमानको सिद्धान्तको गहिराईलाई जान्न सक्नु हुन्छ ? त्यो त स्वर्ग भन्दा अग्लो छ, तपाईं के गर्न सक्नु हुन्छ ? त्यो त पाताल भन्दा गहिरो छ, तपाई के जान्नु हुन्छ" आयूब ११:७-८ ।

पावल प्रेरित भन्नुहुन्छ, "आहा ! परमेश्वरका बुद्धि र ज्ञान, दुवैका सम्पत्ति कस्तो छ, उहाँको इन्साफ कति अगम र उहाँको मार्ग अभेद्य छ," रोमी ११:३३, औ यद्यपि "उहाँको वरिपरि बादल र अन्धकार छन्, धार्मिकता र इन्साफ उहाँको सिंहासनका जग हुन्" भजन संग्रह ९७:२ । हामी केहिहद सम्म उहाँको व्यवहारलाई बुझ्न सक्छौं र उहाँको उद्देश्यहरू थाहा पाउन सक्छौं र त्यहींबाट उहाँको असीम र अनन्त प्रेम र कृपा थाहा पाउन सक्छौं । उहाँको उद्देश्यहरू जति हामीले जान्न आवश्यक छ, त्यतिनै जान्न पाएका छौं औ त्यस भन्दा बढी

सर्वशक्तिमानको हातलाई हामीले विश्वास गर्नुपर्छ र त्यस प्रेमपूर्ण हृदयलाई भरोसा गर्नुपर्छ ।

परमेश्वरको वचन, त्यसको लेखक परमेश्वर झैं मरणशील प्राणीहरूले नबुझ्ने रहस्यले भरिएका छन् । पृथ्वीमा पापको प्रवेश, ख्रीष्टको अवतार, पुनरुद्धार र पुनरुत्थान जस्ता बाइबलका कैयौं विषयहरू रहस्यपूर्ण छन्, जो मानव मगजले सजिलै बुझ्न सक्दैन । तर हामीले उहाँको योजनाहरू बुझेनौं भनेर उहाँको वचनमा शंका गर्ने कारण नै छैन । हाम्रो संसारमा पनि हामी धेरै रहस्यमय कुराहरूले घेरिएर बसेका हुन्छौं जुन हामी पूर्ण रुपले बुझ्न सक्तैनौं । अति सानो किरामा भएको जीवनले ठूला ठूला दार्शनिकहरूको ज्ञानलाई व्यर्थको तुल्याई दिन सक्छ । हाम्रो बुद्धिले पक्रनै नसक्ने विचित्र कुराहरू हाम्रा चारैतिर छन् । के यस्तै रहस्यहरूले आध्यात्मिक संसार पनि भरिएको छ र ती रहस्यमयलाई बुझ्न नसक्दा हामी वाक्क बन्छौं ? यो समस्याको एउटै कारण मानव हृदयको दुर्वलता र सीमावद्धता हो । परमेश्वरको वचन ईश्वरीय कुरा हो भन्ने कुराको प्रशस्त उदाहरणहरू हामी वचनमा नै पाउँछौं र उहाँको वचनमा सबै कुरा बुझेनौं भनेर शंका गर्नु हुँदैन ।

पत्रुसले भनेका छन्, "तिनमा (धर्मशास्त्र)कुनै-कुनै कुराहरू बुझ्न कठिन छ, जो अशिक्षित र चञ्चलहरूले अरु धर्मशास्त्रहरूलाई पनि तिनीहरूले गरेका झैं, तिनीहरूकै नाशका निम्ति बङ्गयाएका छन्", २ पत्रुस ३:१६ । बाइबलका कठिन कुराहरू विरोधीहरूको लागि बाइबलको विरुद्धमा जाने बहाना भएको छ तर त्यही कठिनाईहरू नै बरु दिव्य प्रेरणाको प्रमाणहरू हुन । यदि बाइबलमा परमेश्वरको कुरा हाम्रो मगजले भ्याउनेसम्म मात्र भए उहाँको महानता र प्रताप चाहीं हाम्रो सीमित मगजले मात्रै पक्रन सक्ने भए बाइबल स्वर्गीय प्रेरणाले लेखिएको हो भन्ने कुरा निश्चय भन्न सकिने थिएन । बाइबलका ती गहिरा रहस्यमय विषयहरूले नै हामीमा वचन प्रति विश्वास पैदा गर्नु पर्ने हो ।

बाइबलका सत्यहरू सरल छन् र हाम्रा मानवीय खाँचो र अभिलाषाहरू सुहाउँदा छन्, यस कुराले ठूला विद्वानहरू दंग परेका छन्, अनि नम्र असभ्य व्यक्तिहरूले मुक्तिको बाटो पाएका छन् । यही सरल सत्यहरूले अति उच्च विषयहरूलाई पक्रेका छन्, मानवीय शक्तिले यी कुराहरूलाई बुझ्नै सक्तैन । हामी ती कुराहरूलाई ग्रहण गर्छौं कारण परमेश्वरले यी कुरा घोषणा गर्नुभएको छ । उद्धारको योजना सबैले देख्ने गरी खुल्ला छ, प्रत्येक आत्माले यो बुझेर परमेश्वरतर्फ पश्चात्तापको

कदम बढाउन सक्छन्, प्रभु येशूतर्फ विश्वासी बन्न सक्छन् र परमेश्वरले नियुक्त गर्नु भएको कुराहरू बुझ्न सक्छन् । तर यी सजिलैसँग बुझ्न सक्ने सत्यताहरूको पछाडि उहाँको महिमालाई लुकाउने रहस्यहरू छन्, जुन रहस्यहरूले चाहीं खोजी गर्ने मगजलाई पराजय गर्दछ तर सत्यको पछि लाग्ने साँचो व्यक्तिलाई विश्वास र श्रद्धाको प्रेरणा दिन्छ । जति उसले बाइबलमा खोजी गर्छ उति नै उसले यो जिउँदो परमेश्वरको वचन हो भनी बुझ्छ र यो महान् दिव्य प्रकाशको अघि मानवीय तर्कले झुक्नु पर्छ ।

हामीले बाइबलका ठूला-ठूला कुराहरू बुझ्न सक्तैनौं भन्नु सीमित मगज असीम आनन्दका विषयहरू बुझ्न अपर्याप्त छ भन्नु जस्तै हो र मानिसले आफ्नो सीमित ज्ञानद्वारा सर्वज्ञानी परमेश्वरका योजनाहरूलाई बुझ्न सक्तैनन् ।

ती गहिरा रहस्यहरूलाई खोतल्न नसक्दा विरोधी र अविश्वासीहरूले परमेश्वरको वचनलाई त्याग्छन्, बाइबललाई विश्वास गर्छु भन्ने मानिसहरू पनि यो खतरामा परेका हुन्छन् । प्रेरित पावल भन्नु हुन्छ- “होशियार बस, नत्रता जीवित परमेश्वरबाट पतित हुनलाई तिमीहरूमा कसैको अविश्वासको दुष्ट हृदय हुनेछ ।” हिब्रु ३:१२ । हामीले बाइबलका शिक्षाहरूलाई गहन अध्ययन गर्नु र “परमेश्वरका गहिरा कुराहरूलाई खोज्नु राम्रो हो” कोरिन्थी २:१० । “रहस्यका कुराहरू हाम्रा परमेश्वरका हुन् । तर हामीले यस व्यवस्थाका सम्पूर्ण वचन पालन गर्नलाई प्रकटित विषयहरू हाम्रा र हाम्रा सन्तानका लागि सदाका निम्ति हुन्” व्यवस्था २९:२९ । तर शैतानले हाम्रो अध्ययन गर्ने शक्तिलाई विकृत गराइदिन्छ । बाइबलको सत्यलाई विचार गर्दा कतिपल्ट अभिमान मिसिएको हुन्छ र कति मानिसहरूले वचनको ठीक व्याख्या गर्न नसकेर अधिर बन्छन् कि हरेस खान्छन् । परमेश्वरको वचनलाई बुझ्न सकिनँ भन्नुचाहिँ उनीहरूको लागि ठूलो शर्मको कुरा हुन्छ । उनीहरू धीरजपूर्वक बस्न सक्तैनन् र परमेश्वरले आफ्नै समयमा तिनीहरूलाई सत्य खोली दिनु हुन्छ भनी पर्खन सक्तैनन् । उनीहरूले आफ्नै बुद्धि नै वचन बुझ्न पर्याप्त छ भनी ठान्छन् र त्यसो गर्न नसक्दा उनीहरूले वचनको अधिकारलाई नै इन्कार गर्छन । धेरै विचारधाराहरू र शिक्षाहरू बाइबलबाट निकालिएका हुन् भनी भनिए तापनि यस्ता शिक्षाहरु बाइबलको शिक्षामा आधारित नभएको र सम्पूर्ण प्रेरणा भएका लेखकको विरुद्धमा छन् । यिनै कुराहरूले गर्दा धेरै मानिसहरू शंकामा

फसेका र असमंजस्यमा परेका छन् । तर यी कुराहरूले परमेश्वरको वचन दोषी नठहराईकन मानिसकै विकृत बुद्धिको फल हो ।

सृष्टिका चीजहरूले परमेश्वर र उहाँका कामलाई सम्पूर्ण रुपले बुझ्ने भए त्यस ज्ञानको वादमा अरु कुनै अविष्कार हुने थिएनन्, यस्तो भएमा सत्यता पुनः खोज हुने थिएन, बुद्धिको वृद्धि हुने थिएन र मानिसको र आध्यात्मिक प्रगति पनि हुने थिएन । यसो गर्नाले परमेश्वर सर्वोच्च बन्नु हुन्न, अनि मान्छेको पनि प्रगति बन्द हुने थियो । हामीले परमेश्वरलाई धन्यवाद दिनुपर्छ, कारण यस्तो भएन । परमेश्वर अनन्त हुनुहुन्छ, उहाँमा नै "ज्ञान र बुद्धिका सम्पूर्ण सम्पत्तिहरू छन्" कलस्सी २:३ । "अनन्त अनन्तसम्म मानिसले खोज्न सक्छन् र सिक्न सक्छन् तर उहाँको ज्ञानको भण्डार, उहाँको भलाई र शक्तिको अन्त कहिल्यै हुँदैन" १ कोरिन्थी २:११,१० । मुक्तिदाताको प्रतिज्ञा आफ्ना चेलाहरूका लागि यो थियो कि "तैपनि जब उहाँ, अर्थात सत्यका आत्मा आउनु हुनेछ, तब उहाँले सबै सत्यमा तिमीहरूलाई बाटो देखाउनु हुनेछ ।......मबाट नै लिएर तिमीहरू यो घोषणा गर्नु हुनेछ" यूहन्ना १६:१३-१४ ।

परमेश्वरको उद्देश्य छ कि यही जीवनमा पनि उहाँका वचनका सत्यहरू मानिसहरूले निरन्तर पाइरहनु अनि उहाँको बारेमा ज्ञान हासिल गर्ने एउटै उपाय छ जुन पवित्र आत्माद्वारा वचन दिइएको थियो, त्यही आत्माको ज्योतिमा हामीले परमेश्वरको वचन बुझ्न सक्छौं । परमेश्वरको कुरा कुनै मानिसले होइन तर परमेश्वरको आत्माले मात्र बुझ्न सक्छ, कारण आत्माले सबैकुरा पत्ता लगाउँछ, "आत्माले बाहेक मानिसहरू मध्ये कसले मानिसहरूका कुरा जान्दछ र ?" "किनभने आत्माले सबैकुरा, परमेश्वरका गहिरा-गहिरा कुराहरूलाई पनि खोजी गर्नुहुन्छ" १ कोरिन्थी २:१०-११ । हाम्रा मुक्तिदाताले आफ्ना चेलाहरूलाई पनि भन्नुभएको थियो, "जब सत्यका आत्मा आउनु हुनेछ, तब उहाँले सबै सत्यमा तिमीहरूलाई बाटो देखाउनु हुनेछ । किनभने उहाँ आफ्नो तर्फबाट बोल्नु हुने छैन...औ तिमीहरूलाई अब हुने कुराहरू घोषणा गर्नु हुनेछ," यूहन्ना १६:१३ ।

परमेश्वरले इच्छा गर्नुभएको छ कि मानिसले आफ्नो सोच-विचार गर्ने शक्ति चलाउनु पर्छ अनि यसैले नै बाइबलको अध्ययन प्रभावशाली बन्न सक्छ र हाम्रो बुद्धि पनि माथि उचालिन्छ मस्तिष्कलाई तृष्ण बनाउनु बाइबल अध्ययन जस्तो उपयुक्त कुनै छैन, तर हाम्रो सोच विचार गर्ने शक्तिलाई नै तर्क वितर्क गर्नबाट बचाउनु पर्छ, जो कि मानिसको कमजोरी र रुग्नताको वशमा हुन्छ । पवित्र वचन हाम्रो

मगजको लागि गाऱ्हो नहोस भनी सानो बालकको जस्तो सरल विश्वास हामीमा हुनुपर्छ र बुद्धिको ज्ञान पाएर अनि हाम्रो आफ्नै क्षुद्रताको ज्ञान पाएर हामी नम्र बन्नु पर्ने हो, पवित्र भई उहाँको वचन खोल्नु पर्छ र उहाँको सामनेमा जानु पर्छ । जब हामी बाइबल खोल्दछौं तब हाम्रो सोच्ने विचार्ने र तर्क गर्ने शक्तिले आफू भन्दा धेरै ठूलो अधिकारलाई मान्यता दिनुपर्छ र हाम्रो हृदय र बुद्धि चाहीं अनन्त परमेश्वरको अघि झुक्नु पर्छ ।

धेरै कुराहरू बुझ्नलाई गाऱ्हो र धमिला छन्, तर जतिले ती कुराहरू बुझ्न चाहन्छन् परमेश्वरले ती कुराहरूलाई सजिलो बनाइ दिनुहुन्छ । तर पवित्रात्माको निर्देशन बिना हामीले धर्मशास्त्रको उल्टो अर्थ लगाउँछौं । कतिपल्ट बाइबलको प्रचुर पठन हुन्छ तर त्यसबाट लाभ हुँदैन, बरु हानी पो हुन्छ । जब परमेश्वरको वचन बिना प्रार्थना र अनादरसित खोलिन्छ, हाम्रो ध्यान परमेश्वर माथि उपस्थित हुँदैन, उहाँको इच्छासित मिल्दैन र हाम्रो मन शंकाले भरिन्छ र त्यही बाइबल पढ्ने कार्यमा त्यसप्रति अविश्वास जाग्न सक्छ । हाम्रो दुश्मनले हामीलाई आफ्नो हातमा लिन्छ र हाम्रो मगजमा अनेक भूल अर्थहरू हालिदिन्छ । जब मानिसहरू आफ्नो बोली र काममा परमेश्वरमा एक हुन चाहँदैन तब ऊ जस्तै विद्वान भए तापनि धर्मशास्त्रमा गल्ती गर्न सक्छ, त्यस्तो मान्छेले सिकाएको कुरा ग्रहण गर्नु हुँदैन । जसले बाइबलमा भूलहरू खोज्छ तिनीहरूको आत्मिकी दृष्टि हुँदैन । उनीहरूको विकृत दृष्टिबाट शंका र अविश्वास गर्ने धेरै कारणहरू पत्ता लगाउँछन् तर वास्तवमा ती कुराहरू सरल र सहज छन् ।

मानिसले जति नै ढाक-छोप गर्ने कोशिस गरे पनि शंका र विरोधको मुख्य कारण पापप्रतिको प्रेम हो । परमेश्वरको वचनमा भएको शिक्षा र आदेशहरूले घमण्डी र पापले प्रेम गर्ने हृदयमा ठाउँ पाउँदैन । वचनको नियमहरू मान्न नचाहनेहरू वचनको अख्तियारलाई शंका गर्न तत्पर हुन्छन् । सत्य जान्नका लागि सत्य जान्ने गहिरो चाहना हुनुपर्छ अनि त्यसलाई पालन गर्ने इच्छा पनि हुनुपर्छ । यस किसिमको आत्मा लिएर जति जना बाइबल अध्ययन गर्न आउँछन् उनीहरूले प्रशस्तै प्रमाणद्वारा देख्ने छन् कि यो परमेश्वरकै वचन हो र उनीहरूले यस सत्यहरू बुझेर मुक्ति पाउन सक्छन् ।

येशूले भन्नुभएको छ, “यदि कुनै मानिसले उहाँको इच्छा पालन गर्न चाहन्छ भने, यस शिक्षाको विषयमा उसले जान्नेछ”, यूहन्ना ७:१७ । प्रश्न र शंका गर्नको सट्टा जे जति प्रकाश तपाईंसँग छ त्यसलाई ध्यान

दिनुहोस् र अझ बढी प्रकाश पाउनुहुनेछ । जतिवटा कर्तव्यलाई तपाईंले बुझ्नुभएको छ ख्रीष्टको अनुग्रहमा ती पूरा गर्नुहोस् । त्यसपछि तपाईंले नबुझेका र शंका लागेका कुराहरूलाई पनि बुझ्नु हुनेछ र पूरा गर्नु हुनेछ ।

एउटा प्रमाण सबैमा लागू हुन्छ, उच्च शिक्षा हासिल गरेको र पढ्दै नपढेको व्यक्ति-दुवैमा लागू हुने त्यो प्रभाव हो अनुभव । परमेश्वरले त उहाँको वचन र प्रतिज्ञाहरूको सत्यता हामीले प्रमाणित गरेको चाहनुहुन्छ । उहाँले त निम्तो दिनुहुन्छ "चाखेर हेर प्रभु भला हुनुहुन्छ" भजनसंग्रह ३४:८ । अरुको कुरामा भर पर्ने होइन तर हामी स्वयंले नै यस कुरालाई पत्ता लगाउनु परेको छ । " माग त पाउँछौ" भन्ने यूहन्ना १६:२४ को प्रतिज्ञा पूरा हुनेछ । उहाँका प्रतिज्ञा कहिल्यै विफल भएका छैनन् र कहिले विफल हुने पनि छैनन् । हामी जति येशूको नजिक जान्छौं औ उहाँको प्रेम पूर्णतामा जति रमाउँछौं हाम्रा शंका र अन्धकार उहाँको प्रकाशमा उत्तिनै हट्दै जानेछ ।

पावल प्रेरितले परमेश्वरको बारेमा भन्नुभएको छ, "उहाँले हामीलाई अन्धकारको शक्तिदेखि छुटाउनु र आफ्नो प्रेमी पुत्रको राज्यभित्र परिवर्तन गराउनुभयो" कलस्सी १:१३ । जतिजना मृत्युदेखि जीवनमा आएका छन् उनीहरूले भन्न सक्छन् "परमेश्वर सत्य हुनुहुन्छ" यूहन्ना ३:३३ । त्यो व्यक्तिले भन्न सक्छ मलाई गुहार चाहिएको थियो त्यो मैले येशूमा पाएँ, मेरा सबै खाँचोहरू पूरा भए, मेरो आत्माको भोक तृप्त भयो, बाइबल मेरो निम्ति ख्रीष्टको प्रकाश हो । म किन ख्रीष्टलाई विश्वास गर्छु ? किनभने यो मेरो आत्मामा परमेश्वरको आवाज हो । हामी आफैले आफ्नो अनुभवद्वारा बाइबल सत्य हो र येशू परमेश्वरका पुत्र हुन भनी गवाही दिन सक्नेछौं । हामीले बनावटी दन्त्य कथाहरूमा विश्वास गरेका छैनौं भनी जान्नेछौं ।

पत्रुसले आफ्ना विश्वासी दाजु-भाइहरूलाई आदेश दिन्छन् "हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जाऔ" २ पत्रुस ३:१८ । जब मानिसहरू परमेश्वरको अनुग्रहमा बढ्छन् तिनीहरूले उहाँको वचन अझै स्पष्ट बुझ्न थाल्छन् । त्यसको गहिरो सत्यहरूमा नयाँ ज्योति र सुन्दरता देख्छन् । मण्डलीको इतिहासमा यो शुरुदेखि नै साँचो थियो र पछिसम्म त्यस्तै रहनेछ, "धर्मीको चाल बिहानको उज्यालो जस्तै हो, त्यो मध्य दिन नहुञ्जेल झन्झन् चहकिलो हुँदै जान्छ" हितोपदेश ४:१८ ।

हामीले विश्वाससँग भविष्यलाई हेर्न सक्छौं, परमेश्वरको वचनलाई पक्रन सक्छौं । यसो गर्नाले हामीमा ज्ञान-बुद्धिको वृद्धि हुन्छ । अन्य क्षमताहरू अझ बलिया हुनेछन् र हाम्रो आत्माको प्रत्येक शक्ति ज्योतिको स्रोतसँग सम्पर्कमा आउनेछ । पहिले जति कुराले हामीलाई अल्मल्याएका थिए ती कुराहरू सहज बन्नेछन् । कठिन कुराहरूको व्याख्याको आवश्यकता हामी पाउँनेछौं र जहाँ जहाँ हामीले गोलमाल र टुंगो नभएका उद्देश्यहरू देखेका छौं, त्यहाँ एक सिद्ध र अति सुन्दर एकता देख्नेछौ । "अहिले हामी ऐनामा धमिलोसँग देख्छौं, तर त्यसबेला चाहीं जसरी चिनिएको छु, त्यसै गरी म प्रष्टै चिन्नेछु" १ कोरिन्थी १३:१२ ।

# १३ प्रभुमा आनन्द

परमेश्वरका छोरा-छोरीहरू उहाँको भलाई औ दया प्रकट गर्ने प्रतिनिधिहरू हुन् । जसरी ख्रीष्टले हामीलाई परमेश्वरको साँचो स्वभाव प्रकट गर्नुभयो, त्यसरी नै हामीले पनि उहाँलाई नचिन्ने र उहाँको प्रेम नजान्ने संसारलाई, उहाँलाई प्रकट गर्नुपर्छ । येशूले भन्नुभयो, "जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएँ" "म तिनीहरूमा, औ तपाईं ममा र तिनीहरू सम्पूर्ण एकै होउन्" यूहन्ना १७:१८,२३ । प्रेरित पावलले ख्रीष्टका चेलाहरूलाई भन्नुहुन्छ "तिमीहरु मानिसहरूबाट चिनिने र पढिने हौं ।" २ कोरिन्थी ३:२ । येशूले आफ्ना प्रत्येक बालकलाई एक पुत्र बनाएर यस संसारमा पठाउनु हुन्छ । यदि तपाईं ख्रीष्टको चेला हुनुहुन्छ भने उहाँले तपाईंसित, तपाईंको परिवार, गाउँ-टोल तथा जहाँ तपाईं बस्नु हुन्छ, त्यस स्थानको निम्ति पत्र पठाउनु भएको छ । येशू तपाईंमा भईकन उहाँलाई नचिन्नेहरूको हृदयसित बोल्न चाहनुहुन्छ । सायद तिनीहरूले बाइबल पढ्दैनन् होला वा बाइबलका पानाहरूको आवाज तिनीहरूले सुन्दैनन् होला तथा तिनीहरूले परमेश्वरको सृष्टिमा उहाँको काम देख्दैनन् होला । तर यदि तपाईं येशूको साँचो प्रतिनिधी हुनुहुन्छ भने तपाईंद्वारा तिनीहरूले उहाँको प्रेमको बारेमा केही बुझ्न सक्छन् र उहाँको प्रेम र सेवामा आउँछन् । ईसाईहरू स्वर्ग जाने बाटोमा बत्ती बोक्ने मानिसहरू जस्ता हुन् । तिनीहरूले संसारलाई ख्रीष्टबाट पाएको ज्योति छर्छन । तिनीहरूको जीवन औ चरित्र यस्तो हुनुपर्छ कि अरु मानिसहरूले ख्रीष्ट औ उहाँको सेवा प्रति ठीक विचार धारण गर्न सकून् ।

यदि हामी ख्रीष्टका प्रतिनिधि हौं भने हामीले उहाँको सेवा चाखलाग्दो बनाउन सक्छौं । आत्मामा नैराश्यता औ शोक लिएर हिंड्ने गनगनाउने ईसाईहरूले परमेश्वर र ईसाई जीवनको बारे झूठो गवाही गर्दछन् । यस्ता ईसाईहरूले परमेश्वरको आफ्ना मानिसहरू खुशी रहन दिंदैनन् भन्ने विचारको प्रभाव अरुको हृदयमा हालिदिन्छन् औ यसरी परमेश्वर पिताको विरुद्धमा झूठो गवाहीको जीवन जिउँछन् ।

परमेश्वरका मानिसहरूका हृदयमा अविश्वास औ निराश पैदा हुँदा शैतान अत्यन्तै रमाउँछ । हामीले परमेश्वर माथि भरोसा नगरेको

देख्दा औ हामीलाई बचाउने शक्ति माथि शंका गरेको देख्दा त्यो प्रशन्न हुन्छ । परमेश्वरले आफ्नो योजनाहरूद्वारा हामीमा दुःख संकट ल्याउनु हुन्छ भनी हामीले विचार गरेको शैतानले मन पराउँछ । शैतानको काम नै परमेश्वरलाई दया-मायाँ रहितको प्रभु हुनुहुन्छ भनी देखाउनु हो । त्यसैले परमेश्वरको बारे झूठो कल्पनाहरू गर्न लगाउँछ र स्वर्गीय पिताको सत्यतामा अटल भई बस्नको सट्टा हामी पनि शैतानको झूठो कुराहरू सुनेर परमेश्वरलाई अनादर गर्छौं औ उहाँको विरुद्धमा गनगनाउँछौं । शैतानले जहिले पनि धार्मिक जीवनचाहिँ उदासमय हुन्छ भन्ने देखाउन खोज्छ, त्यसैले यो जीवन कठिन र परिश्रमपूर्ण छ भन्ने देखाउँछ, औ यदि कुनै ईसाईले आफ्नो धर्मको अर्थ यस्तो बनाएको छ भने यही अविश्वासको कारण उसले शैतानको झूठालाई समर्थन गर्दछ ।

जीवनको मार्गमा हिंड्दै गरेका धेरै ईसाईहरू आफ्ना भूल, असफलता औ नैराश्यतामा नै ज्यादा ध्यान दिन्छन् र तिनीहरूको हृदय शोकले व्याकुल हुन्छ । म यूरोपमा हुँदा यसरी निराश भएकी एउटी बहिनीले मलाई ढाडस मागेर पत्र लेखेकी थिईन् । त्यस पत्र पाएको रात मैले आफैलाई सपनामा म एक फूलको बगैंचामा भएको देखें । बगैंचाको मालीले मलाई बगैंचाको बाटोहरूमा डोहोऱ्याउँदै थियो । मैले फूलहरू टिप्दै त्यसको सुगन्धित वासना सुंघिरहेको थिएँ । त्यसैबेला त्यही बहिनीले मलाई बोलाएर उसलाई हिंड्न नदिने काँडाहरू देखाउँदै थिईन् । उ ठीक मालीले देखाएको बाटोमा नहिंडेर काँडाहरू तिर गएकी थिइर्न् "यस्तो सुन्दर बगैंचालाई काँडाहरूले सब नाश पारेको छ ।" भन्दै उनी सोच्दै थिइन । त्यसपछि बगैंचाको मालीले भने "काँडाहरूलाई छोडीदेउ, त्यसले तिमीलाई घाउ मात्रै पारिदिन्छ, गुलाफ, लिली र अरु फूलहरू टिप ।"

के तपाईंको जीवनमा कुनै उज्यालो अनुभव छैन ? परमेश्वरको आत्मा तपाईंमा के तपाईंको हृदय आनन्दले भरिएन ? जीवनको अनुभवहरूको पाना पल्टाउँदा के तपाईंले कुनै रमाइलो पाना पाउनुहुन्न ? के परमेश्वरका प्रतिज्ञाहरू फूलहरूको सुगन्धित वासना झैं तपाईंको बाटोको दुवै किनारा तर्फ बढिरहेका छैनन् ? के तपाईं तिनीहरूको सुन्दरता र मिठासले आफ्नो हृदय भर्न चाहनुहुन्न ?

काँडाहरूले केवल घाउ मात्रै बनाउँछ, यदि तपाईंले सुन्दर फूलहरूमात्र टिपेर अरुलाई दिनुभयो भने के तपाईंको छेउमा हुनेहरुलाई परमेश्वरको मार्गमा हिंड्न सजिलो पर्दैन र ?

अतीतको पाप, नैराश्यता औ रिक्त अनुभवहरूको सम्झना गरी त्यसमाथि विलाप गर्नु बुद्धिमानी होइन । निरुत्साही आत्मा अन्धकारले भरिएको हुन्छ, त्यसले आफ्नो आत्माभित्र त परमेश्वरको ज्योति पस्न दिंदैन नै, औ अरुको मार्गमा पनि बाधा बन्छ ।

परमेश्वरलाई धन्यवाद होस्, किनभने उहाँले सुन्दर सुन्दर उदाहरणहरू हाम्रो निम्ति दिनुभएको छ । हामी उहाँको प्रेमको निश्चयता गरौं औ निरन्तर उहाँमाथि नै आफ्नो दृष्टि राखौं । हामीलाई शैतानको शक्तिदेखि बचाउनका निम्ति परमेश्वरको पुत्रले सिंहासन छाडी दिव्य पोशाकको सट्टामा मानव रुप धारण गर्नुभयो । उहाँले शैतानमाथि विजय प्राप्त गर्नुभयो औ मानव जातिका निम्ति स्वर्गको ढोका उघार्नु भयो, ओ आफ्नो महिमा देखाउनुभयो । पापको दलदले हिलोमा गाडिएको मानव जातिलाई बाहिर निकाल्नुभयो, औ परमेश्वरसित आनन्दको सम्बन्ध जोड्नुभयो र उहाँले त्यो स्वर्गीय जाँच सहनुभयो र अहिले धार्मिकताको वस्त्र पहिरी हाम्रो मुक्तिदाता परमेश्वरको सिंहासनसम्मै उक्लिनु भएको छ । हामीले यस किसिमको उत्साहजनक विषयहरूमा ध्यान गरेको उहाँ चाहनुहुन्छ ।

परमेश्वरको प्रेममाथि शंका गर्नु औ उहाँको प्रतिज्ञाहरूमाथि अविश्वास गर्नु, परमेश्वरलाई अनादर गर्नु पवित्र आत्मालाई दु:खीत तुल्याउनु हो । यदि घरमा बच्चाहरूले सँधै आफ्नी आमाले हेरचाह गरिनन् भनेर कुरा गरिरह्यो भने ती आमालाई कस्तो दु:ख लाग्छ होला ? के उसले आफ्नो सारा जीवन तिनीहरूलाई स्याहार गर्नमा र तिनीहरूको सुविधाको निम्ति खर्च गरेकी छैनन् ? यदि बच्चाहरूले यसरी आमाको प्रेममा शंका गरे भने आमाको हृदय तोडिन्छ । आमालाई सार्है दु:ख लाग्छ । मानिसहरूले अनन्त जीवन पाउनु भनी परमेश्वर पिताले आफ्नो एक्लो पुत्र उनीहरूको निम्ति दिनुभयो र पनि उहाँको प्रेममाथि शंका गर्दा परमेश्वर पिता कति दु:खीत बन्नुहुन्छ होला ? पावलले रोमी ८:३२ मा भनेका छन् "जसले आफ्नै पुत्रलाई राख्नु भएन, तर हामी सबैका निम्ति उहाँलाई सुम्पिदिनुभयो । उहाँले हामीलाई सबैथोक पनि उहाँको साथमा सित्तैंमा कसरी दिनु हुने छैन र ?" तर पनि आज कति जनाले मुखले नमाने तापनि कामले यसो भन्दैछन् "परमेश्वरले यो मलाई भन्नुभएको होइन होला, सायद उहाँले अरुलाई प्रेम गर्नुहुन्छ होला तर मलाई गर्नुहुन्न ।"

यी सबैले तपाईंको आत्मालाई नोक्सान गर्दछ, शंकाको प्रत्येक शब्दद्वारा हामीले शैतानको परीक्षालाई निमन्त्रणा दिन्छौं । यसले

तपाईंको शंका झन् बलियो हुँदै जान्छ औ तपाईंले स्वर्गदूतहरूको सेवालाई दुःखीत तुल्याउँदै हुनुहुन्छ । शैतानले तपाईंकहाँ परीक्षा ल्याउँदा शंकाको एउटै शब्दलाई पनि हृदयमा स्थान नदिनोस । यदि शैतानको कुरा सुनेर ढोका खोलि दिनुभयो भने तपाईंको मन अविश्वास र विद्रोही प्रश्नहरूले भरिनेछ । यदि तपाईंले आफ्नो विचार बारे अरुसँग कुरा गर्नुभयो भने तपाईंले गरेको प्रत्येक शंकाले तपाईंमाथि मात्र नभै यसको प्रभाव अरुमाथि पनि पर्छ औ बोली सकेको कुरा फिर्ता लिन असम्भव हुन्छ । तपाईं आफै कुनै समय शैतानको जंजीरदेखि छुटकारा पाई प्रभुमा विश्वासी बन्न सक्नु हुन्छ होला तर तपाईंको अविश्वासद्वारा प्रभावित भएका व्यक्तिहरू शैतानको हातबाट बच्न सक्दैनन् । यसर्थ हामीले अरुलाई आत्मिक शक्ति दिने कुराहरू मात्र गर्नु कति आवश्यक छ त ?

तपाईंले आफ्ना स्वर्गीय परमेश्वरको बारेमा संसारलाई कस्तो प्रकारको सम्बाद दिनु हुँदैछ भनी स्वर्गदूतहरूले हेरिरहेका छन् । तपाईंको बातचित परमेश्वरको अगाडि सदा तपाईं मध्यस्त गर्ने येशूका विषयमा होस् । तपाईंले कुनै मित्रसित हात मिलाउँदा “प्रभुको जय होस्” भन्ने शब्दहरू तपाईंको ओठ र हृदयमा होस् र यसो गर्नाले उसको हृदयमा पनि येशूको बारेमा सोच विचार आउने छ ।

सबैलाई परीक्षा आउँछ, दुःख कष्ट आउँछ, असहनीय परीक्षा पनि आउन सक्छ । तर ती कुराहरू मित्रहरूलाई नबताउनुहोस् । तर हरेक कुरा परमेश्वर कहाँ लानुहोस् । शंका औ निरुत्साहको एउटै शब्द पनि तपाईंको ओठदेखि निस्कने छैन भन्ने नियम पालन गर्नुहोस् । तपाईंको हाँसी-खुसी वातावरणले र आनन्दित र आशाको वचनले धेरैको जीवनलाई उज्यालो र शक्ति दिनेछ ।

धेरै जनालाई परीक्षाहरूले थिचेर राखेको हुन्छ औ तिनीहरू आफ्नो औ शैतानको शक्तिको माझमा संघर्षमा हार स्वीकार गर्न लागेका हुन्छन् । यस्ताहरूलाई निरुत्साह नबनाउनुहोस् । उनीहरुलाई आशाको दुई शब्द बोलेर जीवनलाई ढाढस दिनुहोस् । यसरी ख्रीष्टको ज्योति तपाईंदेखि चम्कनेछ । “किनभने हामी कोही पनि आफ्नो निम्ति बाँच्दैनौं र कोही पनि आफ्नो निम्ति मर्दैनौं ।” रोमी १४:७ । हाम्रा अनजान प्रभावले मानिसहरू उत्साहित र बलिया पनि बनेका हुन सक्छन् कि त निरुत्साही भई ख्रीष्टदेखि टाढा पनि जान सक्छन् ।

धेरैले ख्रीष्टको चरित्र औ जीवन बारे भ्रान्तिपूर्ण विचार गर्छन् । तिनीहरूले भन्छन्, “उहाँमा न्यानोपना औ उज्वलता छैन, उनी कठोर,

निर्दयी औ अप्रसन्न व्यक्ति थिए ।" प्रशस्त धार्मिक अनुभवहरू यस्तै अशान्त दृष्टिकोणले भरिएका हुन्छन् ।

धेरैले भन्छन्, "येशू रुनुभयो तर उहाँ हाँस्नुभएको कहिल्यै सुनिएको छैन ।" साँच्चै हाम्रा मुक्तिदाता दु:खीत मानिस थिए किनभने उहाँले आफ्नो हृदय मानव जातिको क्लेशको लागि खोल्नुभएको थियो । यद्यपी उहाँको जीवन आफैलाई इन्कार गर्ने औ दु:ख कष्टको छायाँ मुनि भए तापनि उहाँको आत्मा कहिले पनि निराश भएन । उहाँको चेहरामा दु:खीत भावना देखिंदैन थियो । उहाँ शान्त औ पवित्र हुनुहुन्थ्यो । उहाँको हृदय जीवनको नदी थियो औ जहाँ जहाँ जानुभयो त्यहाँ आराम, शान्ति, आनन्द औ रमाहट छर्नु हुन्थ्यो ।

हाम्रा मुक्तिदाता अत्यन्तै गम्भीर औ जोशिलो हुनुहुन्थ्यो, तर कहिल्यै पनि उदास तथा रुखो हुनुहुन्नथ्यो । उहाँलाई अनुकरण गर्नेहरूको जीवन जोशिलो अभिप्रायहरूले भरिएको हुन्छ, तिनीहरूसित व्यक्तिगत जिम्मेवारीको गहिरो ज्ञान हुन्छ । चञ्चलता हुँदैन, आमोद-प्रमोदको निम्ति समय हुँदैन, अश्लिल हाँसी-मज्जा गरिदैन तर ख्रीष्टले दिनुभएको धर्मनदी झैं शान्त हुन्छ । यसले आनन्दको बत्ति निभाउँदैन, प्रशन्नतालाई दबाउँदैन औ उज्यालो, हँसिलो अनुहारलाई अँध्यारो बनाउँदैन । ख्रीष्ट सेवा लिनलाई होइन तर सेवा गर्नलाई आउनुभयो, औ जब उहाँको प्रेमले हाम्रो हृदयमा राज्य गर्छ तब हामी उहाँको नमूनाहरू अनुकरण गर्न थाल्छौं ।

यदि हामीले हाम्रा विचारमा अरुहरूको निर्दय र अन्यायपूर्ण कामहरूलाई प्राथमिकता दियौं भने तिनीहरूलाई ख्रीष्टले झैं प्रेम गर्न असमर्थ बन्छौं, तर यदि हाम्रो विचार ख्रीष्टको हामी प्रतिको प्रेम औ दयामा बास गरेको छ भने त्यही आत्मा अरुतिर पनि बगेर जान्छ । हामीले एक अर्कालाई प्रेम औ आदर गर्नुपर्छ । अरुको भूल औ असिद्धतातर्फ ध्यान दिनु हुँदैन। नम्रता औ आत्मा विश्वासलाई निर्माण गर्नुपर्छ, औ अरुको भूललाई धैर्यतापूर्वक सहने शक्ति हुनुपर्छ । यसले हर प्रकारको स्वार्थपना हटाउनेछ औ हामीलाई महान औ उदार चित्त भएको व्यक्ति बनाउनेछ ।

भजनका लेखकले भजन संग्रह ३७:३ मा भन्नुहुन्छ "परम प्रभुमा भरोसा राख र भलाई गर, देशमा रहेर सत्यताको पछि लाग ।" "परमेश्वर माथि भरोसा राख" प्रत्येक दिनको आफ्नै बोझ, हैरानी र कष्टहरू हुन्छन्, हामीले कसैलाई भेट्दा यही कठीन स्थितिहरूको कुरा गर्छौं । हामीले हाम्रो कल्पनामा कष्टहरू बढाउँछौं, डरहरू पैदा गर्छौं,

चिन्ताको भारहरू बढाउँछौं कि हामीसँग कोही प्रेमी टिठालु मुक्तिदाता हुनुहुन्छ भनी कसैले विश्वास गर्ने छैन । हाम्रो बिन्ति सुनेर हामीलाई तुरुन्तै मद्दत गर्नु हुने सहायक हुनुहुन्छ भनी कसैले पत्याउँदैन ।

कति मानिसहरू निरन्तर डरमा बस्छन् र आफ्ना पीर बढाउँछन् । प्रत्येक दिन तिनीहरू परमेश्वरको प्रेम चिन्हहरूले घेरिएर बसेका हुन्छन्, हरेक दिन तिनीहरू उहाँको सम्पत्तिहरूको उपभोग गरिरहेका हुन्छ र पनि ती आशिषहरूलाई तिनीहरूले नदेखे झैं गर्दछन् । तिनीहरूको मन आशंकाले भरिएको हुन्छ र कुनै वास्तविक समस्या होला तर त्यही एउटा कुराले हजारौं असल कुराहरूलाई छेलिदिन्छ । आपत-विपतले परमेश्वरतर्फ लैजानुको सट्टा त्यसले तिनीहरूलाई टाढा पो लैजान्छ, किनभने तिनीहरू अशान्त औ चञ्चल हुन्छन् ।

के यसरी नै अविश्वास गरिरहनु ठीक हो ? किन हामी यति कृतघ्न औ उहाँ माथि भरोसा नराख्ने भयौं ? येशू हाम्रा मित्र हुनुहुन्छ, सारा स्वर्गले हाम्रो भलाई चाहन्छ । दैनिक जीवनको दुःख औ फिक्रिहरूले हाम्रो हृदयलाई उदास बनाउन दिनु हुन्न । यदि दियौं भने सँधै कुनै न कुनै कुराले हामीलाई सताई रहन्छ । हामीले आफैलाई फिक्रिमा राख्ने गर्नु हुन्न, यसले परीक्षा माथि बचाउनको सट्टा हामीलाई अझ चञ्चल बनाएर थकाई दिन्छ ।

तपाईं आफ्नो व्यापारदेखि व्याकुल हुनुहुन्छ होला, यसको भविष्य अन्धकारमय छ होला, नोक्सानी खप्नु पर्ने भयो होला, तर निरुत्साह नबन्नुहोस्, आफ्नो सारा फिक्रि परमेश्वर माथि राख्नुहोस् औ शान्त र प्रफुल्लित रहनुहोस् । तपाईंको व्यवसायलाई ठीकसित सम्हाल्ने ज्ञानको निम्ति प्रार्थना गर्नुहोस् । यसरी तपाईंले विनाश र खति रोक्न सक्नु हुन्छ । अनुकूल परिणामको लागि तपाईंले गर्न सक्ने हरेक काम गर्नुहोस् । येशूले हामीलाई सहायता गर्छु भनी प्रतिज्ञा गर्नुभएको छ तर हाम्रो प्रयास बिना उहाँले सहायता गर्नु हुन्न । प्रभु माथि भरोसा राखेर आफूले गर्नु पर्ने सबै प्रयास गरी सकेपछि पाएको प्रतिफल सहस्र ग्रहण गर्नुहोस् ।

परमेश्वरका मानिसहरू चिन्ता औ फिक्रिले लादिएर बसुन् भन्ने उहाँ चाहनु हुन्न, नत हाम्रा परमेश्वरले हामीलाई धोका दिनुहुन्छ । उहाँले " नडराऊ, मार्गमा कुनै खतरा छैन" भन्नुहुन्न, जीवन मार्गमा परीक्षा औ खतराहरू छन् भनी उहाँ जान्नु हुन्छ तर उहाँले हामीसित केही कुरा लुकाउनु हुन्न । उहाँले आफ्ना मानिसहरूलाई पाप एवं दुष्टताको संसारदेखि उठाई लाने प्रतिज्ञा गर्नुभएको छैन तर कहिल्यै

निराश नपार्ने सरल स्थान देखाई दिनुभएको छ । आफ्ना चेलाहरूका निम्ति उहाँले यसरी प्रार्थना गर्नुभयो । "तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म बिन्ति गर्दिन तर तिनीहरूलाई दुष्टबाट जोगाई राख्नुहोस् ।" संसारमा तिमीहरूलाई कष्ट हुन्छ, तर ढाढस गर मैले संसारलाई जितेको छु" येशूले भन्नुभएको छ । यूहन्ना १७:१५, १६:३३

डाडाँमा दिनुभएको उपदेशमा येशूले आफ्ना चेलाहरूलाई परमेश्वरमाथि भरोसा गर्ने विषयमा धेरै महत्वपूर्ण पाठहरू सिकाउनु भयो । यी पाठहरू सबै युगका मानिसहरूका लागि निर्देशन एवं सान्त्वनाको निम्ति प्रदान गरिएको थियो । मुक्तिदाताले चेलाहरूलाई हावामा गीत गाउँदै सुर्ता फिक्रि बिहीन उडिरहने चराहरूतर्फ औंल्याउँदै भन्नुभयो, "आकाशका चरा चुरुङ्गीहरूलाई हेर, तिनीहरू नता बिऊ छर्छन् न अन्न काट्छन् तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनु हुन्छ ।" मुक्तिदाता यो सोध्नु हुन्छ, " के तिमीहरू तिनीहरू भन्दा ज्यादा श्रेष्ठ होइनौ ?" मत्ती ६:२६ । मानिस र पशु पंक्षीहरूका निम्ति सबै कुराको प्रबन्ध गर्ने हाम्रा महान प्रबन्धकले सारा सृष्टिका खाँचो पूर्तिका निम्ति आफ्ना मुठ्ठी खुला राख्नु हुन्छ । चराहरूलाई उहाँले भुल्नु हुन्न तर तिनीहरूका निम्ति कुनै न कुनै प्रबन्ध गर्नु हुन्छ । उहाँले छर्नु भएको अन्न तिनीहरूले बटुल्छन्, आफ्नो सानो गुँडको निम्ति तिनीहरूले सामान तयार पार्छन् । आफ्नो बचेराहरूलाई तिनीहरूले खुवाउनु पर्छ । आफ्नो काममा तिनीहरू परमेश्वरको प्रशंसाको गीत गाउँदै जान्छन् । के हामी तिनीहरू भन्दा महान होइनौ र ? हामी उडी हिंड्ने चराहरू भन्दा बुद्धिमानी र ज्ञानी छैनौ र ? हाम्रो मानवीय जीवन शुरु गर्ने र जीवनलाई सुरक्षित राख्नु हुने परमेश्वरले जसले आफ्नै दिव्य स्वरुपमा हामीलाई सृजनु भयो, यदि हामीले उहाँमाथि भरोसा राख्यौं भने हाम्रा आवश्यकताहरू पूरा गर्नु हुन्न र ?

चेलाहरूलाई जंगलमा आफै फुलिरहेका सुन्दर फूलहरू देखाई ख्रीष्टले भन्नुभयो "यो परमेश्वरको प्रेमको प्रटिकरण हो, वनका लिली फूलहरू विचार गर यी कसरी बढ्छन् । "सुलेमानको ऐश्वर्य भन्दा यी जंगली फूलहरूको सुन्दरता औ वास्तविकता धेरै श्रेष्ठ थिए । सँगसँगैको कलाकारले सुसज्जित पारेको कला परमेश्वरको सृष्टिको फूलहरूको वास्तविक सुन्दरता र चमकसित तुलनामा नै आउँदैन । येशूले प्रश्न गर्नुहुन्छ, "लुगाफाटाहरूका निम्ति तिमीहरू किन फिक्रि

गर्छौं ? मैदानका लिली फूलहरूलाई विचार गर ती कसरी बढ्छन्" मत्ती ६:२८ । "परमेश्वरले आज हुने र भोलि चुल्हामा फालिने मैदानका घाँसलाई यसरी पहिराउनु हुन्छ भने ए अल्प विश्वासी हो के तिमीहरूलाई झन् बढी पहिराउनु हुने छैन र ?" मत्ती ६:३० परमेश्वर जो दिव्य कलाकार भईकन एकै दिनमा नाश हुने फूललाई यति रङ्ग विरङ्गले सजाउनु हुन्छ भने आफ्नै स्वरुपमा सृजनु भएको मानव जातिको निम्ति फिक्रि गर्नु हुन्न र ? यो पाठबाट येशूले शंका र अविश्वासी व्यक्तिहरूलाई हप्काउनु हुन्छ ।

प्रभुले उहाँका सबै छोरा छोरी प्रशन्न शान्त औ आज्ञाकारी भएको चाहनु हुन्छ । येशू भन्नुहुन्छ, "शान्ति म तिमीहरूका निम्ति छोड्दछु, म आफ्नो शान्ति तिमीहरूलाई दिनेछु संसारले दिने जस्तो त होइन । तिमीहरूको हृदय विचलित नहेस् न भयभित होस्" यूहन्ना १४:२७ "मैले यी कुराहरू तिमीहरूलाई भनेको छु कि मेरो आनन्द तिमीहरूमा रहोस् र तिमीहरूको आनन्द पूरा भई जाओस्" यूहन्ना १५:११ ।

खराब उद्देश्यले कर्तव्य मार्गबाट बंचित भएर खोजेको आनन्द असन्तुलित, अनियमित औ अल्पकालिन हुन्छ, त्यस्तो आनन्द छिट्टै बितिहाल्छ औ आत्मा पुन: दु:खपूर्ण औ शोकले भरिएको हुन्छ, तर परमेश्वरको सेवामा आनन्द औ सन्तोष पाइन्छ, ईसाईहरू अनिश्चित मार्गमा हिंडोस् भन्ने उहाँको इच्छा छैन । उनीहरू व्यर्थको पछुतो औ नैराश्यतामा त्यागिएका हुँदैनन् । यदि यो जीवनमा हामीले सुख आराम पाएनौ भने पनि भविष्यको आनन्द सम्झदैं हाम्रो हृदय प्रफुल्लित बनाऔं ।

तर यहीं पनि ईसाईहरूले ख्रीष्टसित आनन्दमय संगति राख्न सक्नु, तिनीहरूमा उहाँको प्रेमको ज्योति हुन सक्छ, जस्ले उहाँको उपस्थितिको चीरस्थायी सान्त्वना पाउन सक्छन् । जीवनको हरेक कदमले हामीलाई येशूको अझ नजिक ल्याउँछ यसले उहाँको प्रेमको अझ गहिरो अनुभव दिन्छ औ हाम्रो स्वर्गीय शान्तमय घरतिर एक कदम नजिक लान्छ । यसकारण हामीले हाम्रो भरोसा नत्यागौं तर पहिले भन्दा बलियो संकल्पले दृढ बनौं । "आजसम्म प्रभुले हामीलाई सहायता गर्नुभएको छ अनि अन्तसम्म पनि गर्नु हुनेछ" शामुएल ७:१२ । परमेश्वरले हामीलाई बिनाशको हातदेखि बचाउनलाई खडा गर्नुभएको स्मारकहरूलाई हेरौं । परमेश्वरले गर्नुभएको दयालाई हाम्रो सम्झनामा ताजा राखौं । उहाँले पुछ्नु भएको आँसु शान्त पारिदिनु

भयो । हाम्रो कष्ट हटाई फिक्रिलाई छरपस्ट पारिदिनु भयो । हाम्रो डर हटाईदिनु भयो । उहाँले पूर्ति गर्नुभएका आवश्यकताहरू औ हामीले पाएका आशिषहरूले हाम्रो बाँकी जीवनमा बल पुऱ्याउनेछ ।

हामीले जीवनमा भविष्यको संघर्षमा नयाँ समस्याहरू नहेरी सक्दैनौं तर अतितमा के भयो र भावी समयमा के हुनेछ भनी हेर्न सक्छौं औ प्रभु भन्न सक्छौं "अहिलेसम्म प्रभुले सहायता गर्नुभएको छ" "जस्तो तिम्रो त्यस्तै मेरो शक्ति हुनेछ" व्यवस्था ३३:२५ । हाम्रो शक्तिले सहन नसक्ने परीक्षा हामीलाई दिइंदैन । यसर्थ हामीले आफ्नो काम जस्तो छ त्यस्तै गरौं औ विश्वास गरौं कि जस्तो परीक्षा आउँछ त्यही मात्रामा शक्ति पनि पाउनेछौं ।

पछि कुनै स्वर्गको फाटक परमेश्वरका मानिसहरूका निम्ति खोलिन्छ औ महिमाको राजाले यसो भनेर त्यो संगीतमय निम्तो दिनु हुनेछ, "आओ, ए मेरा पिताका धन्य हो जो राज्य जगतको उत्पतिदेखि तिमीहरूका निम्ति तयार गरिएको छ त्यो अधिकार गर ।" मत्ती २५:३४ त्यसपछि उद्धार पाएकाहरूलाई येशूले तयार पारिराख्नु भएको घरमा स्वागत गरिनेछ । त्यहाँका मित्रहरू संसारमा झैं झूठ, अविश्वासी, व्यभिचारी तथा अपवित्र हुँदैनन् तर तिनीहरू शैतानमाथि जय पाएकाहरूसँग संगति राख्ने हुन्छन्, औ दिव्य अनुग्रहबाट सिद्ध आचरण बनाएका हुन्छन् । तिनीहरूलाई दु:ख दिने हरेक पापमय प्रवृति औ असिद्धता ख्रीष्टको रगतद्वारा हटाइएको हुन्छ, औ सूर्यको ज्योति भन्दा चहकिलो उहाँको गौरवमय प्रकाश तिनीहरूलाई प्रदान गरिनेछ । उहाँको नैतिक सुन्दरता औ आचरणको सिद्धता उहाँका मानिसहरू ठूलो वैभवमा चम्कनेछ । महान श्वेत सिंहासनको अगाडि तिनीहरू दोष रहित देखिने छन् औ स्वर्गदूत झैं सम्मान र हकका भागीदार हुनेछन् ।

उहाँका मानिसहरूले यत्ति ठूलो गौरवमय सम्पत्ति पाउन सक्ने हुनाले, "आफ्नो प्राणको बदलामा मानिसले के देला र ?" मत्ती १६:२६ उ गरिब होला तर संसारमा कहिल्यै प्राप्त गर्न नसक्ने सम्पत्ति औ सम्मानको अधिकारी हो । उद्धार पाएका निष्कलंक आत्माले आफ्नो सर्वोच्च योग्यताहरू परमेश्वरको सेवामा अर्पण गर्नु भन्दा श्रेष्ठ कुरा अरु केही छैन, स्वर्गमा परमेश्वरको अगाडि पवित्र स्वर्गदूतहरू एउटा उद्धार पाएको आत्माको निम्ति रमाहट गर्छन् औ त्यो आनन्द पवित्र विजय गीतहरूद्वारा प्रकट गरिन्छ ।